
५६
अमर ज्योति
साहित्यिक त्रैमासिक
मंसिर-२०७९

सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।



# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १९, पूर्णाङ्क ५६
(२०७९ असोज–मङ्सिर)

**संरक्षक**
कुलमान घिसिङ

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
मुकुन्दप्रसाद प्रसाईं
आविष्कार कला
मिमन पुलामी

**व्यवस्थापक**
भोला शर्मा
रीता चालिसे (खनाल)
सङ्गीता अधिकारी (पौडेल)
शारदा भट्टराई पोखरेल
बलराम पुडासैनी
शारदा पराजुली

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
वीरेन्द्र पाठक
केशवप्रसाद रुपाखेती
विष्णुबहादुर सिंह
पुण्य घिमिर
रामेश्वर राउत 'मातृदास'

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

आवरण चित्र : माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल
अल मिडिया सोलुसन, बागबजार, काठमाडौं ४२५३६९४ द्वारा मुद्रित

# साहित्य अनुत्पादक हुनै सक्तैन

चराचर जगत्मा कल्याणको कमल फुलाउने अभीष्टसहितको सिर्जनात्मक र कलात्मक भाषिक अभिव्यक्ति नै साहित्य हो । साहित्य समाज सुधारतर्फ उन्मुख हुनुपर्छ । समाजसुधारको गन्तव्यमा पुग्न आत्मसुधारको अफ्ठ्यारो बाटो नसमाती सम्भव हुँदैन । तसर्थ, आत्मसुधारको मार्गलाई चौडा र चिल्लो बनाएर व्यक्ति, समाज र राष्ट्रलाई समाजसुधारको उपल्लो गन्तव्यसम्म पुऱ्याउन साहित्यको अहम् भूमिका रहने तथ्य निर्विवाद छ ।

साहित्य ललितकलाको एउटा भेद हो । यसलाई प्रायोगिक र विशुद्ध गरी २ भागमा वर्गीकरण गरिएको छ । प्रायोगिक साहित्यमा कला वा सौन्दर्य कम र विचार वा अन्तर्वस्तुको घनत्व बढी हुन्छ । विशुद्ध साहित्यले चाहिँ मनोरन्जनको माध्यमबाट चेतनाको आलोक फिँजाउने उद्देश्य लिएको हुन्छ । विशुद्ध साहित्यमा भाषा र शैलीगत चमत्कार मार्फत् विचारको मसिनो त्यान्द्रोलाई कलामय र भावमय ढङ्गले प्रस्तुत गरिएको हुन्छ ।

साहित्यको मूल उद्देश्य 'मनुष्यता' निर्माण हो । मनुष्यता 'मानवता' शब्दकै पर्याय हो । ज्ञान, बुद्धि, विवेक, नैतिकता, शिष्टता, सदाचार, सामाजिक मूल्यप्रतिको निष्ठा आदि मनुष्यता निर्माणका पूर्वशर्त हुन् । मनुष्यता निर्माणका यिनै तत्त्वहरूलाई हरेकको मनमा जागृत गरेर अनि व्यवहारमा उतारेर शान्त, सुन्दर, समृद्ध र हिंसारहित विश्वजगत्को परिकल्पनालाई साकार रूप दिन साहित्य रचना गरिन्छ ।

कतिपयले साहित्यलाई लहडी, मनमौजी र मन बहकाउने साधन मात्र ठान्छन् । साहित्य उडन्ते शब्दविलास मात्र हो यसको जरा जमिनमा छैन भनेर आरोपित गर्छन् । साहित्यले के उत्पादन गर्छ त्यसको 'प्रोडक्ट' देखा ! भनेर जिरह पनि गर्छन् । हो, ठिकै हो साहित्यको देखाउन सकिने उत्पादन त्यस्तो खास केही छैन । कारखाना भए पो उत्पादित र प्रशोधित माल यही हो भनेर देखाउनु ! साहित्यले मूर्त वस्तु त उत्पादन गर्दैन बरू मूर्त वस्तु उत्पादन गर्नेतर्फको कल्पना, सोच, समझ र विवेकको विकासचाहिँ साहित्यले मात्र गर्न सक्छ ।

राज्य सञ्चालनको मूल आधार राजनीति हो भन्ने गरिन्छ । तर आज राजनीतिले स्वतन्त्रता, समानता, समता, मानवता, विश्वबन्धुत्वको जुन नारा बोकेको देखिन्छ, ती सबै साहित्यबाट प्राप्त 'इनपुट' मात्र हुन् । यस परिप्रेक्ष्यमा साहित्य राजनीतिको मार्गदर्शन हो; शासकीय गतिविधि सञ्चालनको पृष्ठपोषक हो र भौतिक प्रगतिको साधक पनि हो । कुनै पनि मुलुकको सांस्कृतिक, आर्थिक, मनोसामाजिक र भौतिक

अवस्थालाई चिहाउने आँखीझ्याल पनि आखिर साहित्य नै हो ।

मन, भावना र विचारलाई मिसाएर साहित्य रचना गरिन्छ । यसले भावात्मक आनन्द मार्फत् मानसिक र वैचारिक स्वास्थ्यलाई सबल बनाइदिन्छ । फलस्वरूप मानसिक विकारहरूको विरेचन हुन्छ; कुण्ठारूपी कब्जियतबाट छुटकारा पाइन्छ । कवि धरणीधरले साहित्यको महिमागान गर्नका लागि यस्ता शब्दहरू खर्चिएका छन् :-

-'दुःख दुरदुर पारी हटाउँछ यो,
मन फुर्फुर पारी नचाउँछ यो
झगडा तकरार छिनाउँछ यो
सब निच र उच भुलाउँछ यो' ।

बग्रेल्ती आउने विचारहरू मध्येबाट सुविचारलाई छनोट गर्ने सामर्थ्य साहित्यले नै दिन्छ । चरित्र निर्माणमा यो जस्तो शक्तिशाली औजार आजसम्म आविष्कार भएको छैन । सबै आध्यात्मिक गुणहरूको जननी पनि साहित्य नै हो । तर्कक्षमताको वृद्धि र मानवीय संवेदनाको विकासमा यो कामयाबी हुन्छ । नयाँ सिराबाट सोच्न सक्ने शक्ति बढाउने, आलोचनात्मक चेतको विकास गर्ने, मस्तिष्कलाई झङ्कृत अनि हृदयलाई आल्हादित तुल्याउने लगायतका मनग्य फाइदा यसबाट प्राप्त गर्न सकिन्छ ।

साहित्यको सम्झाउने-बुझाउने तरिका पनि अद्भूत छ । यसले मालिकले जस्तो 'यो गर्, त्यो नगर्' भनेर आदेश दिँदैन बरू कान्ता (प्रेमिका) ले जस्तो लयालु स्वरमा कर्तव्य र अकर्तव्यका बारे सम्झाइबुझाइ गर्छ । गैरसाहित्यिक वाङ्मयले दिने सन्देश ठाडो उपदेशजस्तो हुने तर साहित्यले सन्देश सम्प्रेषणका लागि रमाइलो परिवेशमात्र खडा गरिदिने हुँदा रहको माछाले पानी खाएजस्तो पत्तै नपाई पाठकहरूले साहित्यबाट रसास्वादन गर्ने अवसर प्राप्त गरिरहेका हुन्छन् ।

साहित्यमा निहित शक्तिकै प्रभावले साहित्यकारहरूले देश विदेशका साहित्यिक समारोहहरूमा सहभागिता जनाउन पाएका हुन्छन् । नेपालमा पनि यस्तो कार्यक्रममा सहभागी हुने र साहित्यिक पुस्तकको बिक्रीबाट आयस्रोतको जोहो हुने स्थिति आउन थालेको देखिन्छ । यस्तो अवस्थामा पनि साहित्यलाई कसैले अनुत्पादक भन्छ भने कि त्यो साहित्यप्रतिको पूर्वाग्रह हो कि त साहित्यको गुण र गरिमालाई आँकलन गर्न सक्ने ल्याकतको कमी मात्र हो ।

विवेकको स्रोत, ज्ञानको भण्डार, कल्पनाको प्रस्थानविन्दु, चरित्र निर्माणको आधारका साथै आर्थिक उपार्जनको माध्यम समेत बनिसकेको साहित्यलाई अनुत्पादक ठान्नु किमार्थ उचित होइन । त्यसैले साहित्यको विकास र स्रष्टाको सम्मानमार्फत् यसको उत्पादकत्व अभिवृद्धि गर्न राज्यका सबै संयन्त्रको आर्थिक, भौतिक र मानसिक लगानी अपरिहार्य देखिन्छ ।

**-अतृप्त**

## यस अङ्कमा


**कविता/मुक्तक/गजल/बाछिटा**
आकाश बनेपछि ! धरती बनेपछि ! — ठाकुर बेलवासे/५
असल नेता बनिदेऊ — सुशीला रायमाझी/२१
कतै ढल्कनै पर्छ र ? — साम्ब ढकाल/२५
अप्पमाद वग्गो — शब्दसेना/३६
नेपाल रोगी छु म — कृष्णप्रसाद पौडेल/३८
एक्लो फलैंचा — राधा कार्की/४८
रङ्गमञ्च — निलिमा पुन/५६
अतृप्तका बीस बाछिटा — विष्णुप्रसाद आचार्य 'अतृप्त'/५९
भूकम्प — सुधीर ढुङ्गेल/६४
उसको विगत — प्रकाश आचार्य/६९
पाँच मुक्तक — मन्दा पौडेल/७१
गजल — लीलाराज दाहाल/७७
कृतज्ञ — अनिल श्रेष्ठ/७८
मुटुको खोजीमा — जस्प्रीता अधिकारी/७९
युवा — गङ्गा आचार्य/८०
भोकको उद्घोष — राममणि सिटौला/८१
मभित्र उदाएको म — होममणि भण्डारी/८२
तिम्रो हेराइ — मिमन पुलामी/८३

**नियात्रा/संस्मरण**
अन्धाराजा गुफाको मात — युवराज नयाँघरे/६
दमौलीतर हान्निँदा — अच्युतप्रसाद पौडेल 'चिन्तन'/२४
बिजुली अड्डादेखि बाजुरासम्म — नारायणप्रसाद आचार्य/४०
जागिरे पर्यटक म — शारदादेवी पोखेल भट्टराई/७३

**लेख**
महेन्द्रीय राष्ट्रवादको खोजी — शीतल गिरी/१७
सवारी साधनमा देवनागरी लिपिमा आधारित वर्णाक्षर र अङ्कहरू यथावत रहनु अनिवार्य — रामेश्वर राउत 'मातृदास'/६०

**नाटक/एकाङ्की**
जङ्गलको कथा — आर.आर. चौलागाईं/२०
नुवाकोट — नेत्रबहादुर कुँवर/३१

**कथा/लघुकथा**
अवतरण — जीवराज भट्टराई/४९
नियति — रवीन्द्र तिमसेना/५५
खोत्रो आदर्श — सुदर्शन अधिकारी/५८
उसको मृत्यु — मनु वि.क./६५
पर्फ्युम — गुरुप्रसाद कुमाल 'बुलबुल'/७५

**गतिविधि**
इम्बोस्ड नम्बरप्लेट देवनागरी लिपिमा बनाउन विद्युतकर्मी साहित्यिक.../८४
नेपाल विद्युत प्राधिकरणमा बहुभाषिक काव्य गोष्ठी सम्पन्न/८५

**पुस्तक परिक्रमा**
भोगाइका भँगालाहरूबीच 'घर फर्कने तिर्खा' — दीपेन्द्रसिंह थापा/८७

# आकाश बनेपछि !
# धरती बनेपछि !



**ठाकुर बेलवासे**

आकाशको अनुष्ठान गर्दागर्दै
आफैं आकाश भएँछु
र आकाशका सम्पूर्ण दुःख सोहोरेर
सुखहरू प्रसादजस्तो बाँडेर
छातीमा ताराहरू उमार्न थालेछु

धरतीको पूजा गर्दागर्दै
आफैं धरती भएँछु
पीडाहरू सबै बटुलेर
खुसीहरू पञ्चामृतजस्तो बाँडेर
नदीहरू भएँछु

बादलका भारी बोकेर
हरेक दिन घाम  जन्माउनुको
सुख/ दुःख
अँध्यारोको हरक सहेर
हरेक रात जून जन्माउनुको
हर्ष /पीडा
उज्यालो हिँड्ने
यी बाटाहरूले
शीतको शीतलता ताप्ने
यी ढुङ्गा, माटो र बगरहरूले
तारा जूनसँग प्रेम गर्ने
यी नदीहरूले
देखे देखेनन् कुन्नि !
मैले र आकाशले सँगसँगै भोगेको सुखदुःख

आकाशको हाँसो हेर्दाहेर्दै
ओठहरूले हाँस्न सिके
आकाशले मात्रै जानेको छ
आँसु बनेर
बर्सिन र हाँसो छर्न

धरतीका आँसु देख्दादेख्दै
आँखाले रून सिके
धरतीले मात्रै सक्छ
असंख्य पाइतलाबाट थिचिएर
अरूलाई ठड्याइराख्न
र खुसीको सुगन्ध छर्न

आकाश बने पछि त हो
म आफू मान्छे बनेको
धरती बने पछि त हो
मैले आफूमा दुख्ने र हाँस्ने
मन भेटेको

# अन्धा राजा गुफाको मात



युवराज नयाँघरे

'जस्तै खर्राटलाई नि एक घण्टा त लाग्छ–लाग्छ दाजु !'

'लाग्ला त ?'

पहिलो बोली धनकुटे कान्छा भाइको ! पछिल्लो पत्यार नगरी सोध्ने परे दाजु नयाँघरे ।

अन्धा राजाको दरबार जाने सिँढीको मुखैमा हामी छौँ । बाक्लो जंगल चिरेर गएको सिमेन्टीको सिँढी नै सिँढी छ ।

वनैभरि काठे चिर्पट, मुडा, हाँगा, ठुटाठुटी कुहिएर गएको देखिन्थ्यो । धमिराले धुलै पारिरहेको बडेमानका रूखहरू लम्पसारिएका थिए जताततै । तर सिमेन्टीका खुड्किला र ढोका हालेको देख्दा सुरूमै आँखा बिझाए । बिझेको मनले कुरो कोट्यायो– 'प्रकृतिमैत्री भन्या यो त होइन !'

'दाजुले ख्याल गर्नुभयो कि नाइँ ?'

'के भाइ ?'

'२७ कात्तिक २०७८ का दिन आज हामीले भोगिरहेको गते, मैना, वर्ष ।'

तराईको भित्तो उकालिएको ठाउँ रहेछ शिखर कटेरी । त्यसउता पहाडको तर्पायाँ उकालीले गति लिएको थियो । त्यही फाँटिलो फेदमा थियौँ हामी ।

अब उकालो चढ्नु थियो पसिनै छुटाउने ।

ooo

अघिल्लो दिन सल्लाह भयो भाइ र मेरो अन्धा राजालाई भेट्न जाने ।

'दाजु, सकेसम्म बिहानै जाँदा राम्रो । बेलैमा पुगेर घुम्दा, हेर्दा धेरै कुरा थाहा पाइन्छ । अर्को मूल जडी कुरो छ नि– भोक मेट्ने बेलामा गाँसको व्यवस्था मिलाउन सकिन्छ । उज्यालो खस्ता भाङबारी नाघ्नु पर्ला दाजु ।'

भाइको उर्दी थियो ।

'हुन्छ । तर के लाउनु, के बोक्नु बाटाको सरजाम ?'

मैले सोधेको थिएँ ।

'केही नपर्ला । खल्तीमा एक–दुई हात्ती चैं चेपिराख्नु न ।' भाइले हाँस्दै भनेथे ।
'हैन हौ । अन्त हुम्सेदुम्सेमै पो भेटिन्छ हात्ती भन्थे अरूहरू त... !'
मैले उनको हाँसो जितेर भनेँ ।
'त्यो सासे, यो असासे ।'
भाइले केही नबुझिने कुरा गरे ।
'त्यो बोक्न नमिल्ने, यो बोक्न मिल्छ क्या दाजु... !'
यति भनेर भाइ छुटेथे बेलुका । बिहान ७ बजे इँटाभट्टा अघिल्तिर आइपुगे । मैले एक कप चिया खाएर तुना कसिसकेथेँ जुत्ताको ।
त्यसपछि हामी दमक बजार छिचोलेर पुगेथ्यौँ भानुभक्त आचार्यको शालिकनेर ।
'यो भानुभक्त चोक !'
भाइले चिनाए ।
हाम्रो भटभटेले बेग मार्‍यो । कात्तिकको मौसम छ, गर्मीले नछोडे पनि चिसो भित्रिइसकेको छैन । बिहानै भएकाले तराईको तातो कलिलो–कलिलै छ । कानमा छुने चिसोले मनमा काँडा उमार्न सकिहालेको छैन ।
दुई पाङ्ग्रेले दुरी नापेर बेलडाँगी पुर्‍यायो । एकछिन हामी ठूलो बरको फेदमा बस्यौँ । त्यसपछि उँभोतिर वेग हान्यौँ । रन्धोज चोकबाट उत्तरैउत्तर दुगरिरह्यो भटभटे ।
रणमा जाने योद्धाले ध्वजापताका बोक्ने गर्थे । हाम्रो पनि यो एउटा रण नै थियो । रणसङ्ग्राम त नभए नि एउटो 'रन' नि !
शिखर कटेरीमा प्रकाश घिमिरेको खिच्रिङमिच्रिङ पसल थियो ।
'के–के पाइन्छ ?'
'नपाइने केही छैन । खोजे जत्ति सबै पाइन्छ ।'
चुइगम, चप्पल, चकलेट, कापी, पेन्सिल, पानीका बोतल, रिचार्ज कार्ड, मोजा, काइँयो, सिटामोल । तु, खाना पनि पाक्दो रैछ ।
पानीका बोतल भाइ र मलाई किनेर सिँढीतिर उकालियौँ हामी ।
'यो भटभटे यतै छ है ।'
भाइले औँल्याए ।
'जाँदैन यो । म छु नि । आँखा छल्ने को पो आउँला र यो जङ्गला मुलुकमा ।'
घिमिरेका कुरा सुन्दै हामी दरबार जाने सिँढीतिर हुत्तिएका थियौँ ।
अघि फुटानी चोकमा भेटिएकी मोतेम्मा राईले सोधिन्– 'काँसम्म जाने हऊ ?'
'पिँडीबास, मावा दोभान, पेरूङे, खनिउबास, टोड्के, कुसुन्डे, बाँझगाउँ, रमिते,

चिसापानी, पञ्चमी । काँसम्म पुग्ने ? एक धोक्रो आलस पठाउनु छ ।'

उनले खुरून्धार गरिन् ।

'हामी त तीँ तल फँडिरबोटेसम्म ।'

यति भनेर उम्केका थियौँ हामी । अहिले फँडिरबोटे आइपुग्यौँ पनि । रमाइलो लाग्यो झुरूप्प बस्ती पुग्दा ।

भाइले फँडिरबोटे गाउँकी कर्णमाया तामाङसँग भेट गराए । उनी हल्लीखल्ली गर्दै हिँड्ने हुनाले तामाङबारे थाहा भैहाल्यो ।

कुनै बेला यो टोड्के-कुसुन्डे भएर आउने फिदिम, पाँचथर, ताप्लेजुङका भरिया, खरिते र ढाक्रेको मूल बाटो यै रहेछ । मधुमल्ला बजार र दमक हाट भर्न आइतबारदेखि नै माथि पहाडबाट मान्छेको ताँती लाग्थ्यो रे ।

कर्णमायाले भनिन्– 'मेरो यो घरमा मान्छेको ताँती लाग्थ्यो । आठ आना माना जाँड बेच्थ्यैँ म । दिनहुँ १२–१४ सयको जाँड बेचेरै कमाउँथ्यैँ ।'

तामाङले भनिन्– 'पहाडबाट आएकाहरू रातभरि पालम गाउने, हाकपारे गाउने र सैसैला नाच्ने गर्थे । नाच्दानाच्दै र गाउँदागाउँदै उज्यालो हुन्थ्यो ।'

'माथिबाट आउँदा नासपाती, दारिम, बोडी, कागती, साग, करेला, निबुवा, अम्बा ल्याउँथे । अलैची, आरू, निगुरो पनि कोसेली भनेर दिन्थे । अनि कपडा, नुन, मटीतेल र अरू खत्र्याकखुत्रुक तलबाट किनेर लैजान्थे ।' उनले भनिन् ।

ढाकर बोक्नेहरूले बाटै भरिएको हुन्थ्यो, टोड्के-कुसुन्डेमा । खरितेले माथि पहाडका गोरू ल्याउँथे र दमकमा बेच्थे । ती खरितेहरू सँगै ढाक्रे र भरियाहरू पनि हराए हिजोआज यो बाटोमा । कर्णमायाका कुरा सुन्दा केटाकेटीमा आफूले देखेका खरिते र ढाक्रेका तस्विर आए आँखामा झल्याकझुलुक ।

ooo

झापा छोडेर इलाम पुगेका रहेछौँ हामी । मोरङको आडैका गाउँहरू मधुमल्ला, उर्लाबारी साँध-साँधमै पर्थे ।

सिँढी चढ्नै लाग्दा पानी घुट्काएँ मैले ।

'माथिसम्म पुऱ्याउनु छ यत्तिले ।' भाइलाई भनैँ ।

उनी पनि बिर्को खोलेर घुट्काउन थाले मिनरल वाटर ।

'कुनै बेला मोही, दहीको छेलोखेलो हुन्थ्यो दाजु । आजभोलि पानी नि नकिनी सुखै छैन । गाउँ पनि रहेन गाउँजस्तो ।'

भाइको बोली पानीको घुट्को सँगै छ ।

जङ्गल सुरू भयो बाक्लै । उकालोमा सिँढीले सजिलो पारिदिएको छ । म त त्यत्तिकै पनि हिँड्न रहर गर्ने खालको थिएँ । तर बढ्ता सुविधा आएछ ।

चुरेका चुलीको लस्कर छ । पूर्वदेखि पश्चिम मुन्टो उठाइरहेका चुचुरा, थुम्का,

डाँडा र बुच्चे चुलीको ताँती छ । हामी उत्तरतिर लाग्दैछौँ । पूर्व, उत्तर भएर तर्पायाँ उकालीमा रोकिने र थाकिने गर्दैछौँ ।

भाइले चारैतिर साँधसिमाना देखाए– उत्तर; लारूम्बा, दक्षिण; बेलडाँगी, पूर्व; बुकुवा, पश्चिम; तोरीबारी ।

फस्को माटो छ । पानीले बगाउँदा-बगाउँदा थिग्रिएको कडा हुन खोजेको भीर छ । त्यै भीरमा साल, भलायो, बल्ड्याङ्ग्रो, भोर्ला र कुटमिरोका रूखहरू टन्नै छन् । अग्लाभन्दा पनि मझौला उचाइका बुट्यान र पोथ्रा छन् बढी नै ।

'अमलाको बोट त देखियो । फल पाए नि हुने ।'

भाइ फेदैतिर घुम्न थाले ।

मैले नि आश गरेँ ।

'रूख अमला त पाइएन दाजु, जरे अमला त पक्कै पाइन्छ ।'

उनी खोजीपस्दै थिए ।

म घरी पूर्वतिरका चुली हेर्छु । घामको तातोले पसिना उमारिसकेको छ । रतुवा खोलादेखि मावा खोलासम्मको फाँट देखेजस्तै लाग्छ– धानको पहेँलपुरले । कतै ठूलो तन्ना ओछ्याएजस्तै, कतै फराकिलो गलैंचा फैलाएजस्तो, कतै एउटै रङको दरी फिँजाएजस्तो तराईको सुन्दरताले तानेका आँखा अन्त जाँदैनन् ।

ठाउँ-ठाउँमा थाकल र बाँसका घारी भीरैभरि देखिन्थे । थाकलका चिल्ला पातको एक मुठो बोकेको छु । उहिले-उहिले थाकलका पातले बुनेका स-साना डोका, डाली र घरहरू कोसेलीका रूपमा बेचेको खुबै देख्थेँ म मधुमल्लातिर । अहिले त्यसका ठाउँमा प्लास्टिकले लट्टो लिइहाल्यो ।

बाटो उत्तरतिर पसारिएको छ । हामी छेपारी नदुखोस् भनेर हिँडिरहेका छौँ बिस्तारै-बिस्तारै ।

ooo

निकै माथि पुगेपछि पश्चिमतिर तोरीबारीहरू देखा परे । पहेँला गरेगरा र तलबाट माथि डाँडातिर उक्लिएका तहैतहले मनै रमाउँथ्यो । आँखा झिमिक्कै नपारी तल मधेसका फाँटबाट उकालिएर इलामका पाखापखेरासम्म लगिरहेको छु म पटक-पटक ।

'भाइ त्यो मावा हैन ?'

'हो नि दाजु, पेरूङेको चेप । त्यहीँबाट खोलो बगेको छ ।'

ओहो पेरूङे ! यो शब्दले मलाई पुरानो कुरा सम्झायो । म ३-४ पटक यही पेरूङेको खोँच भएर इलाम, मंगलबारे, रवि, पञ्चमी, गजुरमुखी गएको छु ।

मावा खोला पचासौँ ठाउँमा तर्नुपर्ने हुन्छ । नागबेली भएर बगेको खोलालाई तर्दातर्दै रात पर्थ्यो । अनि दुवै पहाडको चेपको ओडारमा बास पर्नु पर्थ्यो ।

एक रात त म ढुङ्गेनी चम्का जोडेर भात पकाएर खाँदै ओडारमै बस्न पुगेको थिएँ ।

चालीस सालको छेउछाउतिर एसएलसी पास भइयोस् भनेर– खड्ग पौडेल, यादव कार्की, गणेश राई, क्याप्टेन धिमालसँग गजुरमुखी दर्शन गर्न गएको थिएँ म ।

पेरूङ्केको खोंचबाट अलिक माथि टोड्के-कुसुन्डेमा पुगेका थियौँ ।

खड्गबहादुरले गीत गाए–

'टोड्के कुसुन्डे
भोक लाग्यो मलाई
आलु उसिन्दे ।'

कार्कीले उत्तर फर्काए–

'टोड्के कुसुन्डे
पेट दुख्यो मलाई
मकै भुटिदे ।'

राईले चम्केर उत्तर दिए–

'टोड्के कुसुन्डे
जाँडो भो मलाई
बेउली खोजिदे ।'

धिमालको रहर यस्तो थियो-

'टोड्के कुसुन्डे
भात खानु कसरी
अन्डा उसिन्दे ।'

अन्तिममा मेरो पालो आएथ्यो । म गीत र नाचबाट परपर भाग्ने सधैँ । कत्ति गरे पनि आएन । जत्ति गरे पनि आउँदै आएन ।

अनि यताउता पारेर सुनाएँ–

टोड्के कुसुन्डे
हिँड्नलाई गाह्रो भो
बाटो बनाइदे ।

यसरी हामीले यो बाटो काटेका थियौँ । आज त त्यो बाटोमा मान्छेका पाइला जाँदैनन् । मास्तिरबाटै गाडी गुड्ने सुनेको छु ।

ooo

'भाइ अन्धा राजाको दरबार कहाँनिर पो पर्छ ?'

'त्यै टोड्के, कुसुन्डेमै पर्छ । पेरूङ्केको चेपमै छ दरबार ।'

भाइले भनेथे ।

अनि मैले पुरानो कुरा ख्याल गरेँ ।

टोड्केबाट अलिक माथि पुगेपछि मावाले गहि्र्याएको चिप्लो न चिप्लो डरलाग्दो ढुङ्गेनी भीर छ । उत्तिसका रूख, लेउ र भित्तो खारिएर ठडिएको टोपी खस्ने भीर छ । उँभो जति हेरे पनि नटुंगिने उकाली छ । ढुङ्गाका खात-खात चिल्ला भएर मास्तिर बसेका देखिन्छन् थपक्क ।

'त्यो दरबार हो धृतराष्ट्रको । अहिले कलि बलेर त्यो दरबारलाई यै खोलाले कोपरेर धेरथोर बचेको छ ।'

फैतप्पाका काफ्ले दाइले मलाई उहिल्यै बताएका थिए । अहिले अन्धा राजाको दरबारको नजिक-नजिक कुरा र मन पुग्दा निकै आनन्द लाग्यो मलाई ।

'यो बाटो निकै गएपछि तल मावातिर झर्छ । गुफाजस्तो छ । धेरै त भत्किसकेको छ । किराँतीहरू उँभौली-उँधौलीमा जान्छन्, बाहुनछेत्री भजन गाउँदै जान्छन् । दुवै जातिले मान्ने गर्छन् यो गुफालाई ।'

भाइका कुरा सुन्छु ।

अघि घिमिरेले भनेथे– 'तपाईंहरू गएको बाटो संसारे डाँडो, एक्ले सखुवा, ढेडुबासे, दोभान, चौतारो, हात्ती ढुङ्गे, भन्ज्याङ भएर अन्धा राजा गुफामा पुग्छ ।'

हामी कहाँनिर पुग्यौँ राम्रो ज्ञान छैन ।

आफ्नै सुरमा लुइँचे, दुम्सी, मजुर र काठफोरूवाका बोली ठम्याउँदै उकालो चढिरहेका छौँ । तातो भुइँमा मस्तले उम्रिने बोटबिरूवा खुबै फैलेका देख्छु । एकैनासे रूखले दिने छायाँ र सुरताल उस्तै देख्छु ।

जङ्गलमा चराको हल्लाले परपरबाट हाम्रा कानमा ठोक्किन आइपुग्छन् । नजिक ल्याउने रहर लागेछ भाइलाई ।

'चिरिर्र... !'

भाइले आवाज निकाले ।

'चिर्र... !'

चराले उत्तर दियो ।

हामी दुवै हाँस्यौँ ।

बाटो उकालो छ । पातला रूखले भीर थेगेको लाग्छ । चिलाउने, वनफूल खुबै देखिरहेको छु । सखुवा, असारे, धँगेरो, राजवृक्षका सुरिला रूख पनि मनग्गे देख्छु ।

'दाजु टोपी लाउने कि टोप ?'

'कोसेली जे भए पनि हुन्छ ।'

भाइले भीरको झोर्लाको पात टिपेर अंग्रेजी टोप बनाए । अनि मलाई लाइदिए ।

मैले त्यसलाई बीचमा सिन्काले खोपेर टोपी बनाइदिएर उनैलाई लगाइदिएँ ।

एक छिन मनले खित्का छोड्यो ।

'मेरो टोपी कैलाशको शिरजस्तो... ।' भाइले गीत गाए ।

देब्रे-दाहिने भएर उक्लिरहेको छु उकालो । म त ढुङ्गेनी सिँढी छोडेर रूखका फेद-फेद भएर हिँड्छु । प्रकृतिलाई केको सिँगार्नु ? कसैले जित्न सक्छ प्रकृतिको अप्रतीम सुन्दरतालाई ?

म पानी घुट्काएर भन्छु– 'हीरालाई कीरा बनाउनु हुँदैन ।'

जङ्गलमा घामछायाँ छ । अनुहारमा घाम पारेर ओखती दिन्छु । अनि फेरि छायाँमा अडिएर शक्ति भर्छु । जीवनको दुई पाइलाजस्तै छ– यो क्षण ।

भाइ पश्चिम उभिएर तोरीबारी, कोदोबारी देखाउँछन् । म धानबारी र फिलुङ्गेका टार देखाउँछु । उनी रतुवा, चाँजु नदी औंल्याउँछन् । म मावा, बक्राहा खोला देखाउँछु ।

हरिया जङ्गलले सबै चुली भरिएका छन् । उकालो, फेरि तेर्पे, फेरि ओरालो भएर माथि काठे चौतारो भेटिन्छ । त्यहीँबाट अन्धा राजाको दरबार औंल्याउँछन् भाइ ।

'अब एक घण्टा लाग्ला !'

चौतारोमा हामी सुस्तायौँ ।

निकै थाप्लामा आइपुगेछौँ । तराईका खोला, फाँट, धानबारी र चारकोसे झाडीलाई तह-तहसँग फुकाएर हेर्छु म । मुख्य-मुख्य बजार र शहरको गन्जागोल दक्षिणतिर फैलिरहेको देख्छु ।

बन्सो, निगालो र बाँसका घारी जताततै छन् । चराका बथान रूखका घाम, छायाँ र हावा चाख्न यता र उता गरेका-गरेकै छन् । स्वतन्त्रतालाई जीवनभरि सपना र विपनामा जोडेर हिँडेका चराका आवाजको नक्कल गर्छन् भाइ ।

कुहुँ... कुहुँ... ।

चिर्रिर्र... चिर्रिर्र... ।

काफल पाक्यो... काफल पाक्यो ।

टकटकटकटकट... टकटकटकटक... ।

चार चराको स्वर उराले भाइले । मेरो मन चङ्गा भयो । नसामा जीवनको उज्यालोले एक पटक हजार इन्द्रेनी सजाएर गयो ।

ooo

पूर्व भएर उत्तरतिरको तेर्पेतिर लाग्दा घामले खुबै पोल्यो । मैले मसिना सेता र गुलाबी भूइँफूल टिपेर गालामा दलेँ । जीवनसँग नाता छ सबैको । नातालाई पर राखेका दिन शरीरले हार्छ । सकेसम्म जित्न दिँदा जीवन अँध्यारोमा बस्नु पर्दैन ।

मेरो सिको भाइले पनि गरे ।

चौतारीमा रूमाल ग्याङ भेटियो ।

'भाइहरू कहाँ हिँडेको ?'

'हामी त रमिते नाघेर दलदला पुग्छौँ । झर्ना गएर मुख धोएर फर्किने हो ।'

'कति टाढा छ नि ?'

'छ, अझै दुई घण्टा जति ।'

उत्तर दिने अलिक बोलैया थिए ।

एउटै उमेरका सनम लिम्बू, विक्रम राई, विसुराज राई, संगम राई, रोमन बर्देवा, सागर सुब्बाको समूह रहेछ– रूमाल ग्याङ । उनीहरूका घाँटीमा रूमाल थिए । ती सबै पसिना पुछेरै बाटो लाग्दै थिए ।

प्रकृति पूजकहरू यसरी भेट्नु मेरा लागि निकै आल्हादको कुरा थियो । सन्तानलाई आँगन छोड्न नदिने हाम्रो समाजले धेरै रूमाले बनाओस्– उकालो चढिरहेका किशोरहरू हेर्दै आशा गरेँ मैले ।

ooo

जङ्गलभरि सालका पात सुकिला र पाउलिएका देखिन्थे ।

'दाजु, यो त साल हैन सुन हो ।'

भाइले औँल्याए ।

हुन पनि साल साह्रै बलियो हुन्छ । खडे सय वर्ष र ढले पनि सय वर्ष भन्ने मान्यता छ । सय वर्ष माटो र पानीमुनि गाड्दा पनि नकुहिने विश्वास छ सालको काठलाई ।

चौतारोबाट पाँच पाइला फटाफट माथि पुगेँ म ।

'भाइ, मेरो अन्तिम लक्ष्य यत्ति हो । मेरा लागि अन्धाराजाको गुफा यै, दरबार पनि यै ।'

उनी हाँसे ।

त्यहीँबाट हामीले फेरि तराईको सुन्दरतामा मस्तले मन फ्याँक्यौँ । जहाँ जीवनका धेरै सजिला, उज्याला र फराकिला क्षणहरू बेगवान भएर कुदिरहेका थिए । यो त्यही जङ्गल थियो– जहाँ जीवनसँग कुनै गुनासो, गनगन र गलफती थिएन । शान्ति, सुन्दरता र सुखको अनमोल घामपानी एक रूखदेखि अर्को रूखसम्म लुकामारी खेलिरहेथ्यो ।

मैले आँखा तानी-तानी हेरेँ तराईको समथरमा ।

जहाँ मान्छे र प्रकृतिको लडाइँ थियो । खोला र जङ्गलको लडाइँ थियो । बस्ती र जंगलको लडाइँ थियो । जस्तापाता र टाँडे घरको लडाइँ थियो । झुप्रा र सिमेन्टी भवनको लडाइँ थियो ।

बाटो, बिजुली र सहरको लडाइँमा रूखहरूको द्वन्द्व थियो ।

ओहो, कति धेरै युद्ध ! कति धेरै लडाइँ ! कति धेरै रणभूमिको संसार ! पहाडबाट मधेस हेर्दा अपुरो, अधुरो देखेँ मैले ।

अनि फर्क्यौं हामी अघिको उकालो, अहिलेको ओरालो ।

०००

जाँदा जस्तो गाह्रो भएन । ओराली त फुत्रुक्क-फुत्रुक्क भइहाल्यो ।

यस्तै डेढ घण्टे संसारमा याक्सो पनि भेटियो, दुम्सीका काँडा देखियो, धमिराको घर देखियो, जुरेलीको अण्डा देखियो ।

पुतली, बारूला, मौरी र बच्छ्युँका घार पनि देखिए । चिबे, जुरेली र लाम्पुच्छ्रेका बथान पनि टुप्लुकिए ।

वनसँग गाँसिएको संसारलाई खँदिलो पारामा देख्न पाइयो ।

हामीले भनेका थियौं जाँदाजाँदै, पकाएर राखिदिनुहोला । भान्सा कुरेर बसेकी रैछन् प्रकाश पत्नी सुमित्रा घिमिरे । ऊ बेला राजनीतिको रसमा हेर्लिँदा पनि मह काढ्न गाह्रो मानेर अहिले यै अन्धाराजा गुफा मुनिको बस्तीमा गृहस्थी हालेर बसेको उनले जीवन–गीत सुसेले हाम्रासामु ।

'मोही कि घिउ ?'

'दाल कि तरकारी ?'

'अचार कि छोप ?'

'जिरे कि अकबरे ?'

थपी–थपी घिमिरेका जोईपोइले हामीलाई नाइटो चर्किन्जेल खुवाए ।

'यो अन्नपातले त केही हुन्न । चुर्ना छन् भने चैँ यसले जाती गर्ला !' हिँड्ने बेलामा गुजेत्रोको झुप्पा पनि दिएर बिदा गरेथे घिमिरेले ।

उनको चोखो माया र आदरको गुन कहिले पो तिर्ने होला मैले– कान्छा भाइ ?

०००

'अन्धाराजा गुफा सात तल्ले दरबारको रूपमा छ रे !'

सुनेको उहिल्यैदेखिन् हो ।

'टोड्के, कुसुन्डेको त्यो अक्करिलो तह नै दरबार हो ।'

यो पनि सुनेकै हो ।

'पेरूङे माथिको एकखालको चट्टानी गुफा नै राजदरबार हो ।'

यो त मैले पेरूङे नाघ्दा बटुवाले औल्याएको पनि देखेकै हो ।

यो आदि कथा पछाडिको तथ्य के छ ? कसरी यो एकान्तसँग पूजापाठ, संस्कृति, धर्म वा परम्परा जोडियो ?

थाहा पाएको कुरा मैले यत्ति हो–

'महाभारतको युद्धमा कौरवहरूको विनाश भयो । १०० भाइ कौरवहरू सबै मारिए । अन्त्यमा त्यो बेलाका हस्तिनापुरका राजा धृतराष्ट्र र रानी गान्धारीलाई लिएर विदुर हिँडे । दाजुभाइको युद्धले सबै मासिने सङ्केत उनले देखे । नभन्दै राजा र रानीलाई जोगाउन उनी कुनै अज्ञात ठाउँतिर गए । धेरै वर्षसम्म उनी त्रियुगा नदीको जङ्गलतिरै बसे । पछि लुक्तै विराट् राजाको राजधानीतिर गए ।

पाण्डवहरूले पनि खुबै खोजे राजा-रानीलाई । माटोमा हिँड्दा पाइला पछ्याएर चिन्लान् भन्ने डर भयो । गोडाको छाप पछ्याएर आउलान् भन्ने भएछ । पाण्डवहरू त शक्तिशाली भएथे । महाभारतको युद्धमा पाण्डवका सेनाले विजय भएपछि मार्लान् भनी उनीहरू लुक्तै-लुक्तै खोलाको पानी टेक्तै-टेक्तै गएछन् ।

अघि हिँडेका ढुङ्गा, माटो र पातलाई पानीले पुछ्दै-पुछ्दै यो गुफामा आएर बसेका थिए रे । पाण्डवहरूले आजसम्म राजा धृतराष्ट्र र रानी गान्धारीको जुठो बारेका छैनन् । किनभने उनीहरू कहाँ बसे, कहिले मरे भन्ने सूचना नै पाण्डवहरूको कानमा पुगेको छैन । वास्तवमा धृतराष्ट्र र गान्धारी यही गुफामा लुकेर बस्दाबस्दै दिवंगत हुन पुगे ।'

इतिहासको एउटा कथाले यस्तो तर्क दिए पनि पुष्ट्याइँको आधार भेट्न सकेको छैन मैले पनि ।

०००

आज धेरै वर्षसम्म पनि अन्धा राजाको कथाले मुखमुखमा मात्र ठाउँ पाएको छ ।

यो ऐतिहासिक दरबार वा संरचनाको तथ्यलाई संरक्षण भएको कुनै दर्बिलो सूचना पाइएको छैन । यो दरबार नै हो भने नयाँ पुस्ताले आफ्नो सांस्कृतिक सम्पदालाई राम्रोसँग जगेर्ना गर्नतिर किन नलाग्ने ?

त्यसो त हिजोका दिनमा यो पनि उपेक्षितै भयो । पञ्चायत कालभरि अन्धाराजा-अन्धीरानी नामैले धेरैको सातो लान्थ्यो । सम्राट् र साम्राज्ञीलाई विष्णुको अवतार मानिरहेको दुनियाँले आँखा नदेख्ने राजारानीको दरबारको संरक्षणतिर जानु बाघको मुखमा पस्नु बराबर थियो ।

'राजारानीलाई अन्धा भनिसकेपछि कसरी बजेट आउँथ्यो त ?'

घिमिरेले भनेको सम्झन्छु ।

यसरी केन्द्रको बजेट नआएपछि अन्धाराजाको गुफालाई लेउले घेऱ्यो, अन्धा राजाको दरबारलाई बर्खाको बाढीले भेल पसाउन सकिरह्यो ।

'पछिल्ला राजनैतिक घामपानीमा धर्मलाई अफिम मान्ने जमात हाबी छ यतातिर । अनि उनका आँखामा राजा शब्द बिझाउने नै भो । अनि कसरी संरक्षण हुन्छ त

अन्धा राजाको दरबार वा गुफा ?'
यस्ता तर्क पनि नसुनेको होइन मैले ।

ooo

तीन-चार राई-राईनीहरू गीत गाएर गइरहेथे गुफा जाने बाटो । मेरो मन तिनका गीतमा रम्न थाल्यो–

चिन्डो नकाटौँ कुबिण्डो
को मर्दो लै लै को जिउँदो
सै सै ला .... ।
सलल पानी बहन्छ
जिउ मरे सम्झना रहन्छ
सै सै ला ... ।
बर्खाको पानी रहिगयो
छुट्टिने बेला भइगयो
सै सै ला ..... ।
आरीको धारले रेटौँला
नमरे बाँचे भेटौँला ।
सै सै ला ...... ।

शिखर कटेरीमा बसिरहँदा कञ्चनजंगाको बादल र हावाले हामीलाई घ्वाप्प-घ्वाप्प छोइरहे । मलाई सन्तोष लागिरहेको थियो । कम्तीमा अन्धा राजाको गुफाकै बाटो भएर आएको हावाले हामीलाई छोइरहेथ्यो । इतिहासको मायासँग हाम्रो मन पनि गाँसिन पुगेथ्यो ।

रन्धोज चोकतिर भेट भो आङतेम्बेनीसँग । उनी फटाफट बियर भरिरहेकी थिइन गिलासमा ।

'यसले छिटो छुन्छ, छिटै छोड्छ ।'
उनले भनिन् ।
'जाँडले ढिलो छुन्छ, ढिलै छोड्छ ।'
आङतेम्बेनीले सुरूप्प पारेर भनिन् ।
'के गर्नु ? नातिनीले जाँड नखाऊ, बियर खाऊ भन्छ । इज्जत जान्छ रे डबका तान्दा ।'
उनले भनिन् ।

अन्धा राजा गुफाको कथाले मलाई जाँडजस्तै मात लागेछ– ढिलो, अब छोड्ला पो कहिले ?

# महेन्द्रीय राष्ट्रवादको खोजी



**शीतल गिरी**

अनि राजा महेन्द्रको मरण भएको ५ दशक भयो । हुन त इतिहासको लागि पाँच दशक केही पनि हैन, तर महेन्द्रले सत्ता आफ्नो हातमा लिँदाको अवधिको नेपालको अवस्था र अहिले गणतान्त्रिक नेपाल मात्रात्मक रूपमा निकै भिन्नता भए पनि, भौतिक रूपमा सत्र सालभन्दा निकै पृथक् देखिए पनि जनता र प्रधानमन्त्रीलगायतको मनोगत अवस्था करिब करिब उस्तै भएको धेरै घटनाहरू भए । हो आजको जस्तै नेपाली राष्ट्रियता खतरामा परेको महसुस भएपछि सो समयमा राजा महेन्द्रले सत्ता आफ्नो हातमा लिए– एकहोरो रूपमा नेपालको शोषण गर्दै आएको भारतीय शाषकलाई चित्त नबुझ्नु स्वाभाविक थियो र भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले 'महेन्द्रीय राष्ट्रवाद' को संज्ञा दिए । अहिले पनि भारतीय शासकले आफ्नो स्वार्थको लागि 'महेन्द्र राष्ट्रवाद' भन्ने गरेका छन्, भारतको नेपालप्रतिको नीतिअनुसार भन्दै आएका हुन् ।

भारतमा ब्रिटिस राज हुँदा नेपाल र बेलायतबीचको सम्बन्ध प्रगाढ थियो, विशेष गरेर सन् १८५७ पछि । आफ्नो देशको स्वतन्त्रताका लागि भारतमा ब्रिटिस उपनिवेश विरूद्धको सन् १७५७ को सिपाही विद्रोह (जसलाई भारतीयहरू 'स्वतन्त्रताको पहिलो सङ्ग्राम' भन्दछन्) भारत र ब्रिटिस दुवैलाई ठूलो महत्त्व राख्दछ । यस विद्रोहमा ब्रिटिसलाई जीवन–मरणको अवस्था परेको बेलामा नेपालका तत्कालीन प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले उक्त विद्रोह दमन गर्न ब्रिटिसको सहयोगमा झन्डै १६ हजार नेपाली फौजको नेतृत्व गरी भारत भएर अन्ततः विद्रोहलाई नियन्त्रण गरेरै छाडे । यस घटनाले भारतीयहरूको पेट पोलेको हुँदा उनीहरूले नेपालविरूद्ध धेरै ठाउँमा लेखेका छन् । उनीहरूको इतिहासको त्यो सिपाही विद्रोहमा ब्रिटिसलाई सहयोग गरेर नेपालले भारतीय स्वतन्त्रता आन्दोलतलाई कुल्चेको भन्ने बात लगाउँदै छन् ।

सन् १९४७ मा भारत ब्रिटिसबाट स्वतन्त्र भएर पनि केही समय बेलायती प्रशासकहरूले अन्तरिम राजनीतिक अवस्थामा देशको सत्ता चलाउन मार्गदर्शन गरे । त्यस समयका प्रधानमन्त्री जवाहरलाल नेहरूले भारत र पाकिस्तान छुट्टिँदा

हिन्दू-मुसलमानबीच भएको काटमार रोक्न सकेनन् । भारतका जातीय सेना थिए, तर प्रोफेसनल आर्मीको कमी रहेकोले भारतमा रहेका ब्रिटिस पदाधिकारीहरूको अगाडि नेहरूलाई अपमान भइरहेको थियो । विशेष गरी हैदराबाद क्षेत्रमा धनजनको ठूलो क्षति भएको अवस्थामा नेहरूले बाध्य भई नेपालसँग सैनिक सहयोग मागे । हत्तपत्त नेपालले करिब १४ हजार प्रोफेसनल नेपाल आर्मी भारत पठाएर हिन्दू-मुसलमान द्वन्द्व नियन्त्रणमा लिएकोलाई नेपालको सैनिक इतिहासमा 'हैदराबाद एक्सन' भनिन्छ । अहिलेको संयुक्त राष्ट्रसंघीय भाषामा भन्नुपर्दा नेपालले शान्ति स्थापनाका लागि पठाएको त्यो सहयोगलाई 'पिस इन्फोर्समेन्ट मिसन' थियो । भारतको जनताको ज्यान जोगाएको नेपाली सेनाको वीरताले उनीहरूको राष्ट्रिय सेनाको नुर गिरेको हुँदा धक्का लाग्यो ।

सन् १९५० को सन्धिमा नेपालले किन्ने हातहतियार गोलीगट्ठा भारतबाटै किन्नुपर्ने बुँदा राखियो र अहिलेसम्म त्यही छ । त्यसपछि सन् १९५१/५२ मा राजा त्रिभुवनले नेपाल भित्र्याएको भारतीय सेना र तिनका प्रमुख दुई तारे जर्नेलको आदेशमा नेपाली सेनाको संख्या ४२ हजारबाट झारेर ९ हजार पुऱ्याइयो । नेपाली सेनालाई बेकामी बनाउन सेनामा भइरहेका अधिकृत सबैका एक तह दर्जा घटाउँदा स्वाभिमानी अधिकृतहरूले जागिर छाडे । भारतीय दुई तारे जर्नेलले तत्कालीन सेना मासेर राणाविरूद्ध लडेका नेपाली काँग्रेसका लडाकुहरूबाट नयाँ खडा गरिने सशस्त्र प्रहरी बल राख्ने योजना बनाए । त्यसै बखत सिंहदरबारमा थुनिएका डा.के.आई सिंहले विद्रोह सुरू गरी मान्छे मार्न थालेपछि र काँग्रेसका लडाकु के.आई सिंहसँगै मिलेकाले तत्कालीन प्रधानमन्त्री सहित सरकार राजदरबारमा लुक्न पुगे । दरबारको रक्षा गर्न बसेका नेपाली सेनाका तीन पल्टनले सिंहदरबारमा रहेका काँग्रेस लडाकु कब्जामा लिएर स्थिति साम्य बनाएपछि मात्र नेपाली सेना खारेजी हुनबाट बचेको थियो ।

भारतीय सेना नेपालमा तैनाथ राख्नु भनेको नेपाल खाने भारतीय 'ग्रान्ड डिजाइन' थियो अथवा नेहरू डक्ट्रिनको कार्यान्वयन हुँदै थियो । राजा त्रिभुवनको चाँडै निधन भएर राजा महेन्द्र बनेको कारण भारतीय योजना बिस्तारै तुहियो । भारतीय सेना नेपालको कतिपय ठाउँमा भैसकेको हुँदा राजा महेन्द्रले भारतीय योजनाको विरोध र प्रतिकार गर्न थाले । जब राजा महेन्द्र सत्तामा आए, तब उनले नेपालमा कम्युनिस्टहरूको सहयोगमा नेपाली काङ्ग्रेस, राजा त्रिभुवनले नेपाल ल्याएको भारतीय दुई तारे जर्नेलको नेपाल खाने नीतिको विरोधमा चीनलाई गुहारे । संयोग, त्यही बेला (सन् १९६२/६३ मा) भएको चीनसँगको युद्धमा भारत नराम्रोसँग हाऱ्यो । राजा महेन्द्रको कूटनीतिसँग केही नलागेपछि भारतीय सेनाले नेपाल छाड्न परेपछि नै दिल्लीले भन्न थाल्यो 'महेन्द्रीय राष्ट्रवाद' । भारतमा विलय हुन

लागेको नेपाललाई महेन्द्रले नेपालमा राष्ट्रियता जगाई भारतीय विरूद्ध प्रतिवाद गरेको भारतीय सत्तालाई मन नपर्नु स्वाभाविक हो– यसकारण अहिलेसम्म पनि भारतीयले 'महेन्द्रीय राष्ट्रवाद' को जपना समय समयमा गर्ने गरेको छ ।

भारतीयले नेपाली राष्ट्रियतालाई 'महेन्द्रीय राष्ट्रवाद' भन्नु उनीहरूको राष्ट्रिय अभियान हो । अर्को तथ्य के हो भने राजा महेन्द्रले नेपाललाई स्वतन्त्र राष्ट्र राखिराख्न संयुक्त राष्ट्रसंघको सदस्य हुन पटकपटक कोसिस गरे । पटक पटक भारतले सफल हुन दिएन । नेपालले राष्ट्रसंघको सदस्यता लिएमा भारतले नेपाल खान सक्तैन थियो । तर राजा महेन्द्रले भारतीय प्रधानमन्त्री नेहरूको आँखा छलेर नेपाललाई राष्ट्रसंघको सदस्यताका लागि दर्ता गराए । नेहरूले रोक्ने प्रयास गरे तर सफल हुन सकेनन् ।

नेपाल राष्ट्रसंघको सदस्य बनेको घटनालाई राजा महेन्द्रले भारतको मुटुमा किला गाडेको जस्तै ठाने, नेहरूले । के नेपाललाई भारतीय विस्तारवादबाट बचाउनु राजा महेन्द्रको राष्ट्रघात थियो ? तत्कालीन परिस्थितिको यथार्थ मूल्याङ्कन गर्ने जसले पनि राजा महेन्द्रलाई राष्ट्रवादी भन्छ । केही नेपालीले पनि यथार्थ नपहिल्याई हावाको तालमा हो या भारतीय मालिकको तलुवा चाटेर विरोधको रूपमा भन्ने गरेको पाइन्छ 'महेन्द्रीय राष्ट्रवाद' । अहिले नेपाली काङ्ग्रेस नेहरूकै पालाकै नीतिमा अवश्य नहुनु पर्ने हो, भारतले नेपाल निल्न खोजेमा समर्थन गर्नु नपर्ने हो भने नेपाल बचाउने महेन्द्रको विरोध किन ? नेहरूको पालादेखि हालसम्म पनि भारतीयले भन्दै आएका 'महेन्द्रीय राष्ट्रवाद' लाई नेपालमा बस्ने केही नेहरूकै सन्तानले जस्तै रटना लगाएर राष्ट्रघात गर्ने गरेको पाइन्छ ।

नेपालप्रति राष्ट्रघात गर्ने जो कोहीलाई पनि नेपालको माटोले सराप्ने छ । नेपाललाई भारतमा विलय हुनबाट बचाउने महेन्द्रको नीतिको विरोध किन ? नेपाल एकीकरण गर्ने पृथ्वीनारायणलाई युरोपियनले, क्रिस्चियनले विरोधी माने झैं नेपाललाई भारतमा गाभिनबाट बचाउने राजा महेन्द्रलाई भारतीय सत्ताले भारत विरोधी ठान्दछ । हामी नेपाली हौं, नेपाल बनाउने बचाउनेको सम्मान गर्न सक्नुपर्छ । तर शासनमा पुगेका कतिपय कुपात्रले विदेशीलाई खुसी पार्न नेपालको राष्ट्रियता समय समयमा बेच्ने प्रयास गर्छन्, हो हामी सजग नभएमा नेपाल रहने छैन यो सत्य हो ।

# जङ्गलको कथा



आर.आर. चौलागाईं

**(पर्दा खुल्छ)**

**स्थान :** घनघोर जङ्गलको एउटा ढिस्को ।

**समय :** औंसीको निस्पट्ट रात ।

*(सूत्रधारको प्रवेश हुन्छ । उसको हातमा एउटा कागज देखिन्छ । माइक नभएर होला ऊ चिच्च्याई-चिच्च्याई कराउँछ । मञ्चको अगाडि पशुपंक्षी र जङ्गली प्राणीहरूको अथाह सागर उर्लेको हुन्छ ।)*

**सूत्रधार :** सम्पूर्ण दर्शकवृन्द ! म तपाईंहरूलाई दिव्य बाह्र वर्षको एउटा कथा भन्छु । कथा भन्न सुरू गर्छ- "एउटा जङ्गल थियो । जङ्गलमा एउटा बाघ थियो । एकदिन आफैं शासन गर्ने भनेर जनावरहरूको आन्दोलन भयो र बाघ समातियो । साँच्चै त्यतिबेला एउटा कविले यस्तो कविता लेख्यो ।" *(कविता पाठ गर्छ)*

'सबै मिलेर बाघलाई थुने
ताल्चा पनि मार्‍यौं भने
तर साँचो भने उसैलाई दिए ।'

(कुरा सुरू गर्छ) तर विडम्बना ! कविलाई पागल घोषणा गरियो । त्यसपछि जङ्गलमा करिब बाह्र वर्षसम्म जनावरहरूले एकछत्र राज्य गरे । फेरि त्यो कविले यस्तो कविता गाउँदै हिँड्यो । *(कविता सुनाउँदै)*

'बिस्तारै खरायोको दाह्रा पलाउन थाल्यो
मृगको पनि सिङ उम्रिन थाल्यो
निरीह प्राणीहरू हराउन थाले ।'

(कुरा थाल्छ) कविसँग सबै मुरमुरिए । एकदिन ऊ अपहरित भयो र मारियो पनि । यता यस्तो हालत थियो भने उता बाघ ताल्चा खोलेर बाहिर निस्क्यो । हाहाकार मच्चियो । दाह्रा पलाएका र सिङ उम्रिएका जनावरहरूको आसन

खोसियो । त्यसपछि के भयो तपाईंहरूलाई थाहै छ । कविहरूको के खाँचो ! फेरि त्यस्तै कवि अर्को निस्क्यो र र यस्तो कविता भट्याउन थाल्यो । यो कविता त तपाईंहरूले सुन्नुभएकै होला । *(कविता फलाक्छ)*

'केही जनावरहरू बाघसँग पुकारा गर्दै छन्

प्रभु ! मासु हैन घाँस खाइदेऊ ।'

*(पर्दा लाग्छ)*

*कविता*

# असल नेता बनिदेऊ



**सुशीला रायमाझी**

फराकिलो हृदय बनाइदेऊ
समाज परिवर्तन हुने बिउ छरिदेऊ
नराम्रो सोचलाई जलाइदेऊ
त्यसैले तिमी देशको असल नेता बनिदेऊ ।

सबैलाई अगाध माया ममता गरिदेऊ
दुःखीलाई सहारा दिने हात बनिदेऊ
अनुसरण गर्ने चम्किलो तारा बनिदेऊ
त्यसैले तिमी देशको असल नेता बनिदेऊ ।

जनताको असल अभिभावक बनिदेऊ
सबैको शीतल छहारी बनिदेऊ
देश विकासको बाटो देखाइदेऊ
त्यसैले तिमी देशको असल नेता बनिदेऊ ।

कानुन कडाइका साथ पालना गरिदेऊ
भेदभाव गर्ने चलनको अन्त्य गरिदेऊ
भ्रष्टचारलाई जरैदेखि निर्मूल पारिदेऊ
त्यसैले तिमी देशको असल नेता बनिदेऊ ।

मि.रि.सु.भा., हेटौंडा वितरण केन्द्र

# कतै ढल्कनै पर्छ र ?



साम्ब ढकाल

सिधै हिड्ने बाटो छ त
किन दाहिने
किन देब्रे … … … … ।

रातोलाई रातो भन्न दिदैनन् हो ?
बाङ्गोलाई सिधा भन्न लगाउँछन् हो ??
यो बाटो नहिँड पनि भन्छन् हो ???
लाग्या कुरा भन्नलाई ओठमा चोर औंला राख्छन् रे हो ????
हाम्रा युगीन प्रश्नहरू अनुत्तरित भएकैले हो म सिधा हिँडेको
सबै राम्राजत्तिमा उनीहरूकै हालिमुहाली चलेर हो म ठाडै हिँडेको
मैले हिँड्ने बाटो नितान्त सुनसान छ – त्यताबाट कोही हिँड्न चाहँदैन
यो बाटो कन्टकाकीर्ण छ – अहँ कोही हिँड्न रूचाउँदैनन्
खै किन मान्छेहरू सजिलै बाटो हिँड्न मन पराउँदा रहेछन्
त्यसैले त मैले म हिँड्ने बाटोलाई सत्मार्ग नामकरण गरेको … … …
कमैको चाह छ त्यो बाटो भएर हिँड्न ।

चूडान्त दुःखको भारी बोक्न लगाए
मीठो मसिनोमा सधै आँखा गाडे
समय अनि सभ्यतालाई दाउमा लगाइरहे
अन्धकारको जयजयकार गाउने बनाइरहे
अनि
अनि
अनि … … … … …

दायाँ बायाँ भन्नै मन लागेन
र लागें सिधा बाटो ।

कृपया कहिलेसम्म सिधा बाटो हिँड्छस् नसोधिदिनु होला
अनि किन हिँडिस् सिधा बाटो पनि नसोधिदिनु होला
सबैले हिँडेकै बाटो हिँड्का हिँड पनि नभनि दिनुहोला
म यहाँसम्म आएकै मै माफिक हिँड्न सिकेर हो ।
मान्छेले सबैभन्दा खुसी भनेकै आफ्नै किसिमले जीवन जिउनु हो ।

के बाँचिरहनलाई सिधा बाटो हिँड्नेले सक्तैनन् र
किन दाहिने, देब्रे, तल, माथि नै हुनु पर्ने शाश्वत कुनै नियम छ र
आफ्नै किसिमले बाच्न पाइँदैन भन्ने पनि हुन्छ र
जनी गरिदिनुस् मलाई मै जसरी हिँड्न दिनुस्
म कतै नढल्किकनै मेरो गन्तव्यमा पुग्न सक्छु ।

गन्तव्य हेटौंडा – ४ हुप्रचौर
चिल्ड्रेनपार्क सडक ।

# दमौलीतिर हान्निँदा



**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

गण्डकी नेपाली साहित्यको उर्वर स्थल, तनहुँका भानुभक्त आचार्य अनि कास्कीका लेखनाथ पौड्याल, लमजुङका राष्ट्रकवि माधव घिमिरे अनगिन्ती नामहरू छन्, गोर्खाकी गोरखकालीको देश सायद राष्ट्र निर्माता पृथ्वी नारायण शाहको नाम लिइएन भने देश अधुरो हुन्छ, पुस सत्ताइस पनि । काली गण्डकी, मर्स्याङ्दी अनि तनहुँको सदरमुकाम दमौली नजिकै बग्ने सेती र मादी सङ्गममा पूर्वीय दर्शनका अजस्रस्रोत व्यास गुरूको जन्मस्थली जहाँ पुगिएन भने जीवनले सार्थकता पाउँदैन होला, सायद ।

यसै व्यास गुफाका पीठाधीश दामोदर बाबाको निम्तोलाई स्वीकार गर्दै विगत एक दशकपछि त्यता पुग्ने अठोट गरैँ मैले । झण्डै वर्षको तीन चारपल्ट पुग्ने गरेको त्यो क्षेत्र नियमित भ्रमण हुनु पर्ने हो, तर विवशता धेरै, बाबाले हरेक कार्तिक महिनामा त नछुटाई निम्तो दिने गरेकै हो । सधैँ नित्य सत्सङ्ग हुने त्यसक्षेत्रमा कार्तिक मासमा विशेष कार्यक्रम हुने गर्छ, अखण्ड कीर्तनलगायत धेरै विषय उजागर हुने गर्छन् त्यहाँ । पटक पटक विभिन्न टोलीहरू नै लिएर जाने क्रममा यसपालि भने मित्र तुल्सीराम पुडासैनीलाई रूचाएँ, मेरो आग्रहलाई सहमत जनाउँदै उनी तयार भए त्यता जान । गएको असारमा मात्रै पोखरा जाँदा त्यताको बाटोको अनुभव त थियो, तर बाटो उस्तै जो हिजो अस्तिकै साँघुरो, धुले र हिले । देशमा लोकतन्त्र आएको ३ दशक नाघिसक्यो तैपनि न मेलम्ची उठ्छ न पूर्वाधार देशको गतिलो हुन्छ, मनभित्रै रूमल्लिएर दुई भाइ निस्कियौँ कार्तिक उनन्तीस ०७९ को बिहानको खानापछि ।

निवासबाट निस्केको दुई घण्टापछि मात्र थानकोटको नागढुङ्गाले स्वागत गर्नसक्यो हामीलाई । बाटो जाम हुनु काठमाडौँको नियति हो, लोकतन्त्रमा कसैले कसैलाई टेर्दैन र त वर्षौं भयो जामरहितको यात्रा भन्ने नाराले गति लिन सकेन, देशैभरि । चर्चित सुरूङ मार्गको ओढारमा कर्के नजर लगाउँदै गल्छी पुग्दा नै जिउको कपडा मान्छे नचिनिने भइसकेछ, हिलो र धुलोले । बाटैमा पर्ने एक मित्र शिक्षासेवी विष्णु न्यौपानेलाई फर्कंदा भेट्ने गरी दुई भाइ हान्नियौँ पश्चिमतिर ।

असहजै असहजको बाटो, चुनावकै कारण बाटामा धेरै गाडीले अवरोध नगरे पनि दलहरूको चुनाव प्रचारबाजीले सडक व्यस्त थियो, मानौँ रोजगारी खोज्न युवाहरू विदेश भासिए पनि राजनैतिक रोजगारी पाउनेलाई स्वर्ग छ देश, बाटो पाइसक्नु थिएन, नारा र जुलुसले, छयालीसको परिवर्तनपछि देशले पाएको उपलब्धि जम्माजम्मी यति नै होः नारा, जुलुस, सत्ता परिवर्तन र जोडघटाउ, व्यापार उच्च घाटा, कृषिमा ओरालो, उद्योगधन्दा ठप्प अनि सबै सामानको आयात र विदेशी ऋणमा अल्झिएको देशमा ।

कुरिनटारबाटै गोरखकाली, मनकामनालगायत सबै शक्तिपीठहरूलाई दाहिने दर्शन गर्दै मुग्लिनमा साहुनीको बासी र महँगो खाजा नास्ता लिई मर्स्याङ्दी पुग्दै घाम ओरालो लागिसकेछ । आँबुखैरेनीबाट झन् असहज यात्रा सुरू भयो, बाटैभरि हिलो, जथाभावी पानी, भत्किएका, बन्दै गरेका देखिने, सन्तको रामनामी आकारको सडक, यसैमा चाहिएको सङ्घीयता हम्मे हम्मे हुँदै डुम्रे पुगिएछ । दाहिने बेसीसहर, मनाङको दृश्य, कल्कलाउँदी मर्स्याङ्दी, देब्रे तनहुँको पुरानो सदरमुकाम बन्दीपुर, छिम्केश्वरी, सिद्ध गुफाहरूलाई मनको मझेरीमा सिँगार्दै पुगिएछ भानुभक्तको घाँसीकुवातिर जहाँबाट एउटा घाँसीले भानुभक्तलाई नेपाली साहित्य आकाशमा उतारेको थियो ।

'पुग्नै लाग्यौँ दमौली, देब्रे बाटो पुग्ने हो उही व्यासजीकी माता मत्स्यगन्धाको क्षेत्र, छाब्दी बाराहीतिर' मैले मित्रलाई हौस्याउँदै थिएँ ।

त्यसो त कैयन् वेणीहरू र गुफाहरूलाई नमन गर्दै, अब तालघरे आइसकेको छ भन्दै मित्र तुल्सीजीलाई ढाडस दिँदै थिएँ म ।

दमौलीको टुँडिखेल पुग्दा घाम ओइलायो, सूर्य लुकिसकेछन् धर्तीको काखतिर । साँच्चै जीवन उकाली र ओराली नै हो । मद्याह्नमा देखिएको सूर्य बेलुकी मलिन कस्तो अचम्म कोरोना र डिँगोले उर्वर युवालाई ओइलाए जस्तो । साँच्चै घाममा चमक थिएन, देखिएन पनि आँखाले । दामोदरकुण्डबाट निस्केकी गण्डकी कति जोस जाँगरले, वेगले पुग्छिन् नारायणीमा मिसिन्छन् त्रिशूली तब त्रिवेणीधाम परासी पुग्दै अलप हुन्छिन्, खोज्दै गए मात्र भेटिन्छिन् भारतको कोलकत्ताभन्दा पनि धेरै पर गङ्गासागरमा, तर खोज्ने आँट कसको छ, यस्तै युवा जोस सधैँ झाँगिने हो भने देश पनि कायापलट हुन्थ्यो होला । त्यही गङ्गा पृथ्वीमा अवतरण गराउन चार पुस्ता लाग्यो सगर राजाको कुललाई, धेरै प्रयासले गङ्गा ल्याउने भगीरथकै कारण तिनै नदीलाई भागीरथी भनिन्छ अहिले, उत्तिखेरै चाउचाउ खाएझैँ कामको परिणाम खोज्ने आजको पुस्ताले धेरै मिहिनेत र अथक प्रयास गर्न कहाँ सक्छ ? बरू आजको भोलि नै परिणाम पाउन खाडीतिर भासिन्छ, वा युरोप, अमेरिकातिर, यहाँ टिकाउने जाँगर पनि गर्ने अभिभावक कहाँ छ यहाँ,

न नै सरकारको चासो । तर हुने बिरूवाको चिल्लो पात देखिनु पर्ने हो, खै त लोकतन्त्रको परिणाम दमौली पनि उस्तै रहेछ तीस वर्षपछि पनि जस्तो देखिएको थियो राजधानी काठमाडौँ उस्तै धुलो, मैलो ।

टुँडिखेलबाट ओर्लियौँ हामी अन्नक्षेत्र, व्यासक्षेत्र, गौसेवाक्षेत्र, नित्य हरिनाम भइरहने क्षेत्र सेती मादी नदीको किनार व्यासगुफातिर ।

अखण्ड कीर्तन निरन्तर भइरहेको थियो ।
मैले सोधेँ माताजीलाई 'खोइ त बाबाजी' ?

असहज उत्तर, 'उहाँलाई ज्वरो आएको छ, कार्यक्रम पनि भोलि समापन गर्ने भनी हजुरलाई विशिष्ट अतिथिका रूपमा निम्तो दिएको तर कार्यक्रम एक दिन सऱ्यो, काम पनि सकिएन, पूर्णाहुति त पर्सि मात्रै, हजुरले एक दिन समय बढाउनु पर्छ', माताजीको उत्तर ।

हामी दुवै बाबाको सुत्ने कोठातिर गयौँ, दर्शनपछि भलाकुसारी हुँदै थियो, 'अर्का बाबा राधेजी खोइ त उहाँ' ? मेरो प्रश्नमा अँध्यारो मुख लगाउँदै बाबाले भन्नुभयो, 'उहाँले यो धराधाम छोडेको धेरै भइसक्यो, हजुरलाई भनेको थिएन' ।

'राम, राम,' जीवन कस्तो रहेछ, सारा संसार छोडेर तप गरी बसेको प्राणीलाई पनि समयले पर्खंदो रहेनछ । आराम थिएन बाबालाई तर भान्सातिर आफैँ लग्नुभयो हामीलाई । हामी दुई भाइ अन्नक्षेत्र भण्डारातिर पसी बेलुकीको खाना खायौँ । भण्डारामा खाना खानेहरूको सयौँको भीड थियो, आजको खाना खीर पायस रहेछ । नदी आसपास घुमेपछि हामी आरामकक्षतिर लाग्यौँ तर जाग्राम रहने गरी ।

## को हुन् दामोदर बाबा ?

देशमा प्रजातन्त्रको आगमनसँगै सातसालमा धर्ती अवतरित गेरू वस्त्रधारी बाबा गृहस्थ सन्यासी हुनुहुन्छ । धेरै थिए उहाँका जग्गा जमिन, सम्पत्ति, उहाँले दिनुभयो सन्ततिहरूलाई । परासी, नारायणघाटलगायत काठमाडौँको सीतापाइलामा उहाँका सन्ततिहरू छन्, विदेश अध्ययनपछि पनि स्वदेश फर्किए, घरजम् राम्रै छ रे । तर बाबा दम्पतीले भने आफ्नो जीवनलाई भोगमय भन्दा पनि योगमय बनाउने विचार गर्नुभयो, अर्धाङ्गिनीलाई लिएर गुफाक्षेत्रमा जीवन बिताउने प्रण गर्नुभयो, धेरै वर्ष भयो । याद आउँछ खप्तडबाबा, शिवपुरी बाबा, बालगुरू षडानन, मुक्तिनाथ बाबा, स्वामी प्रपन्नाचार्य धेरै सन्तहरूको क्षेत्र हो यो देश । लामो समय बाबाले गण्डकीको उद्गमस्थल दामोदर कुण्डमा तप गर्नुभयो । भगवानको गण्डस्थलबाट निस्केकी नदीको नाम गण्डकी हो । भागवतमा प्रसङ्ग आउँछ । माता यशोदाले पुत्रको छुक्छुके स्वभावबाट वाक्क भएर दाम्लोले बाँध्ने अनि घरको कामकाज गर्ने विचार गर्नु भयो । तर भगवान कृष्ण अरूलाई बन्धनमुक्त गराउने आफू बन्धनमा

बस्ने कुरो थिएन । जति वटा दाम्लोले बाँध्न खोजे पनि दुई अङ्गुल अपुग हुन्थ्यो, केही गर्दा पनि नबाँधिएको र आमाको पसिना देखेर आफैँ बाँधिने विचार गरेपछि दाम्लोले बाँधिएका बाल कृष्णले उर्गल तान्दा घरको आँगनीमा रहेका दुई रूखको कापोमा उर्गल पर्नाले रूखहरू ढलेका र ती दुई रूखहरू कृष्णको स्पर्शले नव जीवन पाई दुवैलाई गण्डकीको शिरभाग कुण्डमा गई नुहाउन भनिएकैले त्यहाँको नाम दामोदर कुण्ड रहेको हो ।

द्वापरयुगमा श्रीकृष्ण माता यशोदाको दाम्लोमा बाँधिदा नारद श्रापबाट कुवेर पुत्र नलकुवर र मणिग्रीव क्रमशः यमल र अर्जुनवृक्ष भइरहेका र उद्धारको प्रतीक्षामा रहँदा उर्गल गुडाउने क्रममा बलले ढलेका दुई वृक्षहरूबाट दुई दिव्य महापुरूषहरूको उदय भएको र दामोदरकुण्डमा गई स्नान, दान, कर्म कार्य गरी आफू निरहंकारी रहन भगवान् श्रीकृष्णले उनीहरूलाई उपदेश गर्नुभएको प्रसङ्गले दामोदरकुण्डको महत्त्व वृद्धि भएको र सो दामोदरकुण्डबाट बगेकी कालीगण्डकी र मुक्तिनाथधामबाट बगेकी गण्डकीको सङ्गम कागबेनी रहेको र गण्डकीको नामकरण भगवान्को गण्डस्थलबाट उदय भएकोले हो । देवी पार्वतीका देब्रे पाउबाट पसिनास्वरूप पैदा भएकी गण्डकी र गोसाइँकुण्डस्थित श्रीशिवका त्रिशूलबाट पैदा भएकी त्रिशूलीको सङ्गम देवघाटक्षेत्र नेपालको आदिप्रयाग मानिन्छ । विष्णुप्रिया गण्डकी एवं शिवप्रिया त्रिशूलीको सङ्गम नारायणीको देवघाटक्षेत्र नेपालको आदि प्रयाग हुँदै दक्षिण सिमाना बग्दै आएकी गङ्गा भारतको विभिन्न क्षेत्रहरूलाई पावन गराउदै अन्ततः गङ्गासागरमै पुगेर मिसिन्छिन् । भारतका अनेकौं पावनतट अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका, पुरी, द्वारावती, जगन्नाथपुरीझैं नेपाली भूभागमा प्रसिद्ध सप्तकोशीतट बराहक्षेत्र, जनकपुरक्षेत्र, पशुपतिक्षेत्र कर्णाली र महाकालीक्षेत्र अनगिन्ती धाम र तीर्थक्षेत्रहरू छन् ।

वैदिक साहित्यमा वर्णित आदिम तीर्थक्षेत्र र विभिन्न धामहरूमध्ये पूर्वको बराहक्षेत्र, वागमतीतट पशुपतिक्षेत्र, गण्डकीको तट रूरूक्षेत्र र गण्डकीको शिरोभाग मुक्तिक्षेत्रलाई नेपालका प्रसिद्ध चारधाम मानिएको छ । प्रम्लोचा नामकी स्वर्गकी कन्या परम सुन्दरी भृगुवंशका देवदत्तसँगको प्रेमप्रसङ्गले प्रसिद्ध रूरूक्षेत्रलाई जन्माएको छ । गण्डकी क्षेत्रको ऋषिकेश, पाल्पाको रिडीबजार, गुल्मी र स्याङ्जाका पावन भूभागहरूले नेपालको धार्मिक क्षेत्रलाई बढी प्रसिद्धि दिएको छ । शालिग्रामशिला विश्वमै चर्चित क्षेत्र दामोदर कुण्डदेखि मुक्तिनाथधाम, कागवेणी, रूरूक्षेत्र, देवघाटधाम र त्रिवेणीधामले नेपालको पश्चिम क्षेत्र अत्यन्त पावन बनेका छन् । महर्षि वेदव्यास, वाल्मीकि, भानुभक्त, लेखनाथहरूको क्षेत्र नेपाललाई सत्य युगमा सत्यवतीक्षेत्र, त्रेतायुगमा तपोवती र द्वापरमा मुक्तिपुरी भनिन्थ्यो । 'ने' नामक मुनिद्वारा पालित र रक्षित नेपाल योगभूमि, तपोभूमि र स्वर्गभूमि हो । यहाँका प्रत्येक जलकण र मृत्तिका कणहरूमा साहित्यका सबै रस

प्राप्त हुन्छन् । भोग तृप्ति र अन्ततः मुक्ति दिलाउने पावनक्षेत्र विश्वभरिमा एकमात्र नेपालक्षेत्र नै हो । पर्यटकहरू यहाँ आएर स्वर्गीय आनन्द लिने गर्दछन् ।

र त्यसै कुण्डलाई तपस्थली बनाउनु भएकाले बाबाको नाम दामोदर बाबा भएको उहाँको भनाइ छ । उहाँले भारतका प्रसिद्ध र नेपालका धेरै तीर्थ, धामक्षेत्रको अवलोकन, अनुभव बटुल्नु भएको छ । उहाँ र राधेबाबाको परिकल्पनाले दमौलीको व्यासभूमि उर्वर भएको छ जहाँ अन्नको भण्डार, गौसेवा, व्यास पीठहरूको निर्माण, अठ्ठाइस व्यासका मूर्तिहरूको स्थापना, धर्मशाला भवनहरू, नित्य भोजन, भण्डारा, वर्षेपिच्छे तनहुँका विभिन्न क्षेत्रहरूको पैदल परिक्रमा, भक्तहरूको बाक्लो उपस्थिति, वेद अध्ययन, अध्यापन, बटुकहरूको सम्मान, स्थानीयहरूको ठूलो सहयोग र मैले परिचय पाएको स्थानीय विद्वान्, लेखक काशिनाथ गुरू र अन्यान्न धेरैको सान्निध्य हाल त्यहाँ संस्था नै स्थापना भएको र भविष्यको सुन्दर सपना बोकेको स्थल, विश्वमै परिचय गर्नु पर्नेमा आफू सहमत भएको अभिव्यक्ति उहाँहरूलाई पनि पस्किरहेको अवस्था रह्यो । समकालमा रोडियोबाट सञ्चार क्षेत्र ओगटेका शिक्षसेवी हाल तनहुँ टेलिभिजनका प्रबन्ध निर्देशक श्रीशंकर नहर्कीको कामको व्यस्तताले गर्दा यसपल्ट उहाँसँग केवल टेलिफोनमै आफ्नो उपस्थिति दर्शाएर म भने भोलिको तानाबुना बुन्दै थिएँ । रात त जाग्राम भइहाल्यो, भोलिपल्ट बिहानैको नदीको स्नान, सन्ध्या, तर्पण आदि कार्यका साथमा बाबासँगै गुफामा सत्सङ्ग कार्यक्रम उहाँलाई अझै ज्वरोले नछोडे पनि ।

**के हो व्यास गुफा ?**

अँध्यारो त हुने नै भयो, गुफा भनेपछि । सृष्टिकर्ता ब्रह्माका पुत्र वशिष्ठ, उनका पुत्र पराशर यतै सेती मादी तरेर पारि जाने क्रममा किनारैमा रहेका माझीलाई डुङ्गाबाट पारि तारिदिन भने । माझीले छोरी मत्स्यगन्धा जसको शरीर नै माछाको गन्धमात्रै आइरहन्थ्यो, माझीले आदेश दिए, खोला तार्न । डुङ्गा खियाउँदै माझ नदीमा पुग्दा किशोरी मत्स्यगन्धासँग प्रेमको हात मागे पराशरले । कुमारीत्व नजाने र लाजका लागि तत्काल कुइरो सिर्जना गरी तपोबलबाट दुईका बीच एक पुत्ररत्नको उदय भयो । र त अहिले पनि दमौलीलाई कुहिरोले छोड्दैन । जन्मदै तप गर्ने प्रण गरेको, तत्काल बिदा हुनुअघि कुनै समस्या परे आफूलाई सम्झन आमालाई भन्दै नवजात बालक जसको जन्म दुई नदीको संगममा भएकोले द्वैपायन रहँदै उनी तप गर्न हिँडे । त्यही स्थललाई व्यासक्षेत्र भनिन लाग्यो उत्ययुगदेखि नै । व्यासले वेदको विभाजन गरे, चार वेद, उपवेदहरू र अठार पुराण, अठारै उप पुराण अनि सबै वेदको सार महाभारतको पनि रचना गरे । वेदलाई विभाजन गरेकाले पनि उनको नाम व्यास रह्यो भने भारतको नैमिषारण्यक्षेत्र, गोमती तटमा व्यासको विशाल मूर्तिको दर्शन गर्ने अवसर जुरेको

छ पङ्क्तिकारलाई । यो पृथ्वी यसअघि सत्ताइस पल्ट परिभ्रमण गरिसकेको र अहिलेको कलियुग पृथ्वीको परिभ्रमण अठ्इसौँ हो, त्यसैले आमसंकल्प गर्दा अष्टाविंशतितमे युगे भनिन्छ अहिले, यसको उमेर ५ हजार १२३ वर्षको भएको छ अहिले र यसको आयु झण्डै चार लाख ३१ हजार ९९५ वर्ष बाँकी छ र महाकलि महाप्रलय पश्चात् अर्को युगको फेरि आगमन हुने हो ।

दमौलीमा व्यासको सम्झनास्वरूप पछिल्लो समय विश्वलाई नै चिनाउने गरी धेरै कार्य भएको छ र लामो समयदेखि संसारकै अग्लो १०८ फिट अग्लो व्यासमूर्ति राख्ने सङ्कल्प छ तर धेरै समय र खर्च लाग्छ, यसका लागि सबैको प्रण आवश्यक छ, आफूले धेरैपल्ट त्यहाँको आवागमन गर्नुको कारण पनि त्यही हो । बहत्तर वर्षको बूढ्यौलीलाई बिना औषधी जीवन छिचोल्दै आउनु भएका दामोदर बाबाको मात्रै काम होइन यो, देवस्थलीलाई निरन्तरता दिनु नेपाली सबैको काम हो । पङ्क्तिकार त्यहाँ पुग्दा पूर्वदेखि पश्चिमसम्मका भक्तहरू, भारतबाट समेत आएका भक्तहरूको भलाकुसारी पाएको हो पङ्क्तिकारले, कतिले त हिन्दी भाषामा यहाँको महत्व बारे रेकर्ड गरी आफ्नो आवाजलाई लगेको अनुभव पनि छ । केही पूर्वतिरको पवित्रक्षेत्र छाब्दी बाराही यसपल्ट पुग्न सकिएन जहाँ लामा लामा माछाहरूको क्षेत्र मत्स्यगुफा जहाँ उनै मत्स्यगन्धा माता निवास गर्ने विश्वास छ ।

व्यासको जन्मपछि पराशरको कृपाले मत्स्यगन्धा अब राम्री भइन्, नाम रह्यो सत्यवती, जसले राजा शन्तनुसँग बिहे गरिन् । शन्तनुका पुत्र देवव्रतले आफू बिहे नगर्ने र राज्य सुख भोग नगर्ने भनेपछि सत्यवतीका पिताले उनको बिहे शन्तनुसँग गराएका थिए आफ्नी छोरीबाट जन्मेका सन्तानले राजपाठ गर्न पाउने सर्तमा । भीष्मप्रतिज्ञाले शन्तनु पुत्रको नाम भीष्म रहेको थियो । शन्तनु सत्यवतीबाट दुई छोरा चित्राङ्गद र विचित्रवीर्य भए तर युद्धमा मारिएकाले वंशको निरन्तरता नहुने भयो । भीष्मबाटै अघि बिहे गराइएकी दुई भाइकी पत्नीहरू अम्बा र अम्बालिकाबाट राजकुमारहरूको जन्म गराउने इच्छाले अघि समस्या परे आफूलाई सम्झन भनेका व्यासलाई बोलाएर सत्यवती आमाको आदेशले अम्बा र अम्बालिकाबाट गर्भधारण गराई वंश उदय गराउने इच्छा भयो । तर आफन्तमा डराउँदै गर्भ धारण हुँदा अन्धा धृतराष्ट्र र डरपोककै कारण गर्भ रहँदा अर्कीबाट पाण्डु दीर्घ रोगीको जन्म हुँदा राज्यसञ्चालनमा कठिनाइ देखेर आमाकै आदेशले दासीमा खुलेर गर्भधारण हुँदा व्यासबाट विदुरको जन्म भएको प्रसङ्ग उनै महाभारतका रचयिता व्यासले उल्लेख गरेका छन् । भगवानको रचना सबै तारतम्य उनैको, आफैँले मिलाउने बनाउने, आफैँले भत्काउने बच्चाहरूले भाँडाकुटी खेलाएजस्तो यो संसारको विचित्रता आफैँ अपारको छ, बुझ्नै कठिन छ लीला प्रसङ्गहरू, व्यास साधारण मानिस नभई स्वयं ईश्वरको रूप मानिएको छ ।

सबैको आग्रह थियो बसाइ एकदिन लम्ब्याउने, कार्यक्रम समापन गर्ने, तर आफ्नो स्वास्थ्यको अवस्था, नित्य औषधी सेवन गर्नु पर्ने, आमसञ्चारमा संलग्न भएकाले उपत्यका बाहिर धेरै समय बिताउन नसक्ने आफ्नै बाध्यताहरू थिए, एकैदिनमा पनि फोनमा सम्पर्क गर्न चाहने र रचनाहरू तयार पार्न अनुरोध गर्नेहरूको कमी थिएन। हल्का खानापछि बाबासँग बिदा भई हामी फर्किने तरखरमा रह्यौँ दस बजेपछि।

सत्सङ्ग यात्रा हवाइ उडानको जस्तो रमाइलो, र तारे होटलको जस्तो खुसी हुने खालको त हुन्न नै, र पनि आत्मीयता र आतिथ्य आफ्नै खालको हुन्छ , सात्विक आहार विहारले मानिसलाई तपोमय बनाउँछ जीवन र त विकासको चरमचुलीमा पुगेकाहरू पनि नेपालको डाँडा काँडा खोज्दै सात समुद्र पारिदेखि यहाँ आउँछन्, रमेर जान्छन्। प्रकृतिको छटाभित्रको घुम्टो उघार्न नचाहने सायद कोही मानव होला संसारमा। गर्फिंदै हामी आइपुग्यौँ राजमार्गको गल्छीमा, हिजो प्रतिज्ञा थियो, भेट्ने मित्र न्यौपानेजीसँग। घाम ओइलाउँदै थियो तर पनि हामी उहाँसँग बसेर चिया नास्ता र सेल्फीमा रमायौँ केहीबेर, उही थोत्रो बाटो घिच्चिँदै नागढुङ्गा छिर्दा सूर्य आफैँ लुकिसकेका थिए पश्चिमतिरको ओढारमा, उही जाम, उही तमासा हेर्दै हामी निवास पुग्दा मौसमी ठन्डी जूनको शीतलता धेरै घण्टा बितिसकेछ।

# नुवाकोट

नेत्रबहादुर कुँवर



**अङ्क एक**
**गोरखा दरबार**

**(गोरखा दरबारको सभाकक्ष देखाइएको छ । सभा कक्षको दुई लहरमा भारदारहरू रहेका छन् । भारदारी सभामा सैनिक सरदार जयन्त राना र महेश्वर पन्तसमेत छन् । दुवै लहरको बिच भाग पर्ने गरी गोरखाका राजा नरभूपाल शाह दुई सुसारेका बिच रहेका छन् । भारदारी सभामा सरदार जयन्त राना र महेश्वर पन्त उभिएका छन् । उनीहरूले राजा नरभूपाल शाहलाई नुवाकोट आक्रमणको असफलताबारे जानकारी गराउँदै छन् ।)**

**नरभूपाल शाह :** जयन्ते, नुवाकोट आक्रमणमा गोरखाले के कति क्षति बेहोर्नुपर्‍यो सोबारे जानकारी गरा ।

**जयन्त राना :** (सैनिक रबाफमा) सरकार, गोरखाका सेनाले निकै वीरतापूर्वक नुवाकोट आक्रमण गर्‍यो । हाम्रा सेनामा हातहतियारको कमी देखियो । कान्तिपुर निकै शक्तिशाली राज्य रहेछ । हामीले नुवाकोट आक्रमण गरेर निकै ठूलो भुल गर्‍यौं, सरकार ।

**नरभूपाल शाह :** जयन्ते, तँलाई सेनाको सरदार बनाएर त्यसै पठाएको थिएन । यसरी नै दुस्मन सेनाको बखान गर्ने नै तेरो मनसाय हो भने तँलाई सेनाको सरदार बनाउनुको औचित्य के भयो र ? हामीलाई नुवाकोट भोटसँग व्यापार गर्न चाहिन्या हो । कान्तिपुरको सेना कस्तो थियो त्यो हामीले पहिले नै जानकारी नलिई किन आक्रमण गर्न गइस् ? तँलाई सरदार बनाएको के काम ? (महेश्वर पन्ततिर हेरेर) हामीले यस आक्रमणमा हाम्रा आफन्त गुमायौँ । आजका उपरान्त दरबारले महेश्वरलाई सेनाको प्रमुख सरदार नियुक्त गर्ने घोषणा गरेको छ । तँलाई यसबारे केही भन्नु छ ?

**महेश्वर पन्त :** छैन सरकार । सरकारले जे आज्ञा गर्न्या हो सो आज्ञा हामीले मान्या हो, सरकार ।

**नरभूपाल :** ल आजैका मितिले तैंले आफ्नो जिम्मेवारी पूरा गर्नू ।

(यस घोषणापश्चात् महेश्वर पन्त कान्तिपुर दरबारको शरणमा पुग्छन् । त्यहाँ उनले आफूलाई गोरखा दरबारमा अन्याय भएको र अब कान्तिपुरकै शरणमा रही कान्तिपुरको सेवा गर्ने मनसाय बताउँछन् । यो मनसाय बुझेर कान्तिपुरका राजा जयप्रकाश मल्लले जयन्त रानालाई नुवाकोट दरबारको सुरक्षार्थ सरदारका रूपमा खटाउँछन् । त्यसपछि कान्तिपुरको दूत भई जयन्त राना नुवाकोट दरबार बसी सुरक्षार्थ खटिन्छन् ।)

## अङ्क दुई

### गोरखा दरबार

**(गोरखामा राजा नरभूपाल शाहको देहान्त भएपछि पृथ्वीनारायण शाह राजा बन्छन् । आफू राजा हुनासाथ काजी विराज थापा र काजी कालु पाण्डेको नेतृत्वमा नुवाकोट आक्रमण गर्छन् । गोरखाले नुवाकोटलाई दोस्रोपटक आक्रमण गर्दा पनि नुवाकोट जित्न सक्तैन । यसपछि पृथ्वीनारायण शाह आफ्ना ससुरा अभिमानसिंह राजपुतको सहयोगमा बनारस जान्छन् । बनारसबाट उनले करिब एक हजारओटा भरूवा बन्दुक र सो बन्दुक मर्मत गर्ने कालिगडहरू गोरखा दरबार ल्याउँछन् । तत्पश्चात् गोरखा दरबारमा भारदारी सभा बसेर नुवाकोट आक्रमणबारे छलफल चल्छ ।)**

**पृथ्वीनारायण शाह :** हामीले कुनै हालतमा पनि नुवाकोटमाथि विजय प्राप्त गर्न्या छौं । एकातिर भोटसँगको प्रत्यक्ष व्यापार र अर्कातिर बुबाहजुरको सपना पूरा गर्न्या हाम्रो इच्छा हो । उता दक्षिणतिर अङ्ग्रेजहरू पसी 'फुटाऊ र राज गर' भन्दै आफ्नो राज्य विस्तार गरिरहेका छन् । व्यापारका नाममा आएका ती फिरङ्गीहरू यस बेला हामीतिर छिरे भने कुनै पनि राजारजौटा बाँकी रहन्या छैन । अरूबाट यो भूगोलको रक्षा हुने देखिया छैन । हामीले नै रक्षा गर्नुपर्ने अवस्था आइपर्‍या छ ।

**कालु पाण्डे :** सरकार, हामीसँग हरेक घर कम्तीमा एक सेनाको व्यवस्था भइसकेका छन् । मातृभूमिको रक्षाका खातिर 'एक बन्दुक एक सेना' तयार भइसकेका छन् । यस पटक हामीले नुवाकोट आक्रमण गरी विजय गरिछाड्ने छौं । सरकारको विशाल नेपाल निर्माणको अभिलाषा प्रत्येक गोर्खालीले पूरा गर्ने छन्, सरकार ।

**पृथ्वीनारायण शाह :** स्वाबास कालु ! दरबार मात्र होइन बाबा गोरखनाथ र सिङ्गो गोरखाले तिमीबाट सेनाको नेतृत्वसहित विजयको आशा राखेको छ । बरू कालु, तिमीले अस्ति नुवाकोटलाई पठाएको पत्रको के जवाफ आयो त ?

**कालु पाण्डे :** सरकार, त्यो जयन्ते जब्बर बनेछ । हामीले यो माटाको भनी ठान्नु बेकार रहेछ । ऊ कान्तिपुरको निमक खाएर कान्तिपुरे भाषा बोल्ने भइसकेछ । सरकार, त्यसले नुनको सोभ्mो गर्छु भनेर लेखिपठाएको छ । अब त्यसलाई नुवाकोटको दरबारभित्रै छिरेर यही गोर्खे तरबारले नछप्काई यो (तरबार देखाएर) रोकिने वाला छैन । यसले त्यसको भोग मागेको छ सरकार ।

**पृथ्वीनारायण शाह :** हुन ता त्यो गोर्खाली हो, सितिमिति त्यो डग्नेवाला छैन । त्यसलाई सकेसम्म नमार्नू । त्यसलाई बन्दी बनाउनू । मेरो युद्ध भूमिमा त्यो दागीलाई भेट भयो भने म आफैँ भनूँला । गोर्खाली रगत हो, गुरू गोरखनाथको अवज्ञा गऱ्यो भने छाला काढेर नुनचुक दली दोबाटो टाँगिदिनुपर्छ ।

**कालु पाण्डे :** सरकार, पश्चिमतिर हामी अलिक चनाखो रहनुपर्छ ।

**पृथ्वीनारायण शाह :** पश्चिमतिर तिमीहरूले चिन्ता गर्नुपर्दैन । मैले लमजुङका राजा रिपुमर्दनसँग सम्झौता गरिसकेको छु । यस सम्झौताले हामीलाई पश्चिम सुरक्षित गर्न मद्दत गरेको छ । बाँकीका कास्की, तनहुँ र पाल्पालाई पनि लमजुङले सम्झाएर हाम्रै पक्षमा पारिहाल्छ । तिमी नुवाकोटतिर नै केन्द्रित हौ ।

**कालु पाण्डे :** सरकारको जो आज्ञा, जो निगाह सरकार । सरकारको योजनामुताबिक हामी भोलि नै करिब एक हजार हतियार र फौजसहित नुवाकोटका लागि निस्कन्छौँ सरकार ।

**पृथ्वीनारायण शाह :** मलाई कति बेला नुवाकोट गोरखामा मिल्ला भन्ने हुटहुटीले सताइसक्यो । यो पालि कुनै पनि हालतमा नुवाकोट विजय गर्नै पर्छ । यो पटक गोरखाका १२ देखि २० वर्षसम्मका सबै युवा सेनामा भर्ती भएका छन् । हामीसँग जोस छ । यो जोसलाई विजयमा बदल्ने बेला आइसक्यो । लौ कालु अब हतार गरी नुवाकोट आक्रमणको अन्तिम तयारीमा लाग ।

**कालु पाण्डे :** सरकार, हाम्रा केही सेना अहिले पनि नुवाकोटमै छन् । उनीहरू नुवाकोटमा रही नुवाकोट दरबारका गुप्त कुरा हामीसमक्ष ल्याइरहेका छन् । खेतालाको भेषमा रहेकाले कोही कसैले पनि उनीहरूलाई चिनेका छैनन् र हामीलाई निरन्तर सूचना दिइरहेका छन् । तिनै गुप्तचरका अनुसार अहिले सैनिक सहयोग माग्नका लागि जयन्त राना कान्तिपुर गएका छन् । कान्तिपुरमा इन्द्रजात्रा भएकाले जयप्रकाश मल्लले उनको कुरा सुनेको नसुन्यै गरेका छन् भन्ने खबर आएको छ, सरकार ।

**पृथ्वीनारायण शाह :** राम्रो भयो । (भारदार सबैमा एकसाथ निर्देशन दिंदै) ल अब परिवारमा बिदाबारी भएर आओ ।

**सभाका सबै :** (एकसाथ) जदौ सरकार ।

## अङ्क तीन

## नुवाकोट दरबार

**(नुवाकोट दरबारको परिवेश छ । जयन्तका छोरा शङ्खमणि रानालाई पृष्ठभूमिमा लडाएको देखाइएको छ । शङ्खमणिको लासबाट रगतको आहाल बगेको देखिन्छ । जताततै जय जय गोरख, जय जय काली भन्ने आवाज गुन्जिएको छ । नुवाकोट दरबार सम्पूर्ण रूपमा गोर्खाली सेनाको कब्जामा आएको छ ।)**

**पृथ्वीनारायण शाह :** (वीरता देखाउँदै) जय गोरखनाथ ! हामीले तिम्रो कृपाले नुवाकोट जितेरै छाड्यौँ । बुबाहजुर तपाईं नभए पनि तपाईंको नुवाकोट विजयको सपना हामीले पूरा गरी छाडेका छौँ । गोर्खालीको शूरता र वीरताका अघि कसको के ताकत ? जयन्तेको छोरा दलमर्दनकै हातबाट मारिन लेखिएको रहेछ र पो त गोरखा विजय हुनका निम्ति यत्रो समय लागेको । (दलमर्दनतर्फ फर्किएर) तिमीलाई गोरखनाथ र गोर्खालीले सदैव कृपा गर्ने छन् । मेरो असीमित धन्यवाद !

**दलमर्दन शाह :** सरकार, गोरखाको माटाको रक्षा गर्दै गोरखाको विस्तारमा यो प्राण गए म सिधै स्वर्ग भोग गर्ने छु । यो मेरा लागि म गोर्खाली हुँ भनी गर्व गर्ने उपयुक्त ठाउँ हो । म यसमा आफूलाई गौरवान्वित ठान्छु, सरकार ।

**शूरप्रताप शाह :** सरकार, गोर्खालीले हजुरजस्तो राजा पाउनु नै भाग्यको कुरा हो । बाबा गोरखनाथको साक्षात अवतारले हजुरलाई दिएको वरदानले काम नगरी सुखै छैन । अब हामी छिट्टै नै बेलकोटतर्फ अघि बढ्नुपर्छ, सरकार । (कालु पाण्डेतर्फ फर्किएर) कि कसो कालुजी ?

**कालु पाण्डे :** शूरप्रतापजीको कुरामा हामी पूर्ण सहमत छौँ । (पृथ्वीनारायण शाहतर्फ फर्किएर) अब सरकारबाट हामीलाई हुकुम होस् । म आफैँ त्यहाँ गएर त्यो नाथे जयन्तेलाई घिच्याएर ल्याउँछु र सरकारसमक्ष पेस गर्छु ।

**पृथ्वीनारायण शाह :** त्यसो गर्नु पर्दैन, कालु । अब हामी सबै एकै पटक माहुरीको गोला बनेर बेलकोट जान्छौँ । केही सेना यो दुर्गको रक्षा गरी बस्नू । दुर्गमा रहनका निम्ति म विष्णु शाहलाई जिम्मेवारी दिन्छु । विष्णुको नेतृत्वमा एक टुकडी गोर्खाली सेनाले यो दुर्गको रक्षा गर्ने छ । हामी भने अहिले नै बेलकोट गई बेलकोट आक्रमण गर्छौं । (दलमर्दनतिर फर्किएर) दलमर्दन यो बाइसे, चौबिसे अनि उपत्यकाका राज्यलाई एक ढिक्का बनाएर विशाल राज्य निर्माण गर्ने मेरो उद्देश्य हो । पश्चिमलाई यति बेला चिढ्याउनु हुँदैन । उनीहरूलाई पछि हेरौँला । अब हामी बेलकोट हुँदै पूर्व हानिनुपर्छ ।

**दलमर्दन शाह :** सरकार, तपाईंजस्तो शूरवीर राजा भएपछि हामी त्यो सपना

छिटै पूरा गरिछाड्छौँ । अब ती फिरङ्गीहरूलाई रोक्न सिङ्गो राज्य निर्माण गर्ने जिम्मेवारी हामीमा आएको छ । हामी यस लक्ष्यमा जरूर सफल हुन्छौँ ।

**पृथ्वीनारायण शाह :** दलमर्दन, मेरो भाइ ! म भाग्यमानी छु । तिमीहरूजस्तो भाइ पाएर अब ममा थप उत्साह भरिएको छ । अब हाम्रो अन्तिम लक्ष्य विशाल नेपाल हो । यस अभियानमा बाइसे चौबीसे सबै मिल्नुपर्छ । नत्र भने फणा फिँजाएर आएका फिरङ्गीले हामीलाई सिध्याउने छन् । आऊ यही विजयीभूमिलाई साक्षी राखेर गोरखनाथको कसम खाई यस अभियानमा निरन्तरता दिने, एक थोपा रगत र अन्तिम श्वास रहेसम्म लडिरहने प्रतिबद्धता व्यक्त गरौँ ।

समूहमा सबैको गायन सुनिन्छ :

जय जय जननी जय जय जननी

जय जय जननी जय नेपाल

बोकेर देश हिम्मती हातले बढ्छु सधैँ अझै अझै

लिएर सङ्कल्प प्रगतिको शिखर चढ्छु सधैँ सधैँ

यहाँ रोकेर गति पवनको भन कहाँ रोकिन्छ र

उन्नति पाइला छेकी हाम्रो भन कहाँ छेकिन्छ र

एक भई रहेका बुकी सय फूलका रङ्ग अनेक थरी थरी

भूगोल विशाल हिमाल समथर तराई नदी वरिपरि

# अप्पमाद वग्गो



**'शब्दसेना'**

२१. प्रमाद गर्नु मरण जस्तो, त्यसैले नगर्नू
निर्वाण लिनु अमर बन्नु व्यर्थैमा नमर्नू ।

२२. प्रमाद त्यागी पण्डितहरू आनन्द मानेर
पवित्र आर्य गौचरतिर घुम्दछन् हाँसेर ।

२३. सहस्र ज्ञानी समुच्च ध्यानी उत्कृष्ट ती धीर
योगले प्राप्त निर्वाण धर्दै ठड्याए ती शिर ।

२४. उद्योगशील, ज्ञानको पुञ्ज दोषले रहित
सोचेर मात्रै सम्झेर मात्रै जाँगर सहित ।
संयमी बन्दै धर्ममा चल्दै जो जन बाँच्दछ
प्रमादहीन व्यक्तिको सँधै सुवास बढ्दछ ।

२५. मेधावी ज्यान उद्योगी मन, प्रमाद रहित
इन्द्रिय दम जो गर्न सक्छ उही हो रहीश ।
यी चार क्लेश दुर नै राखी द्वारका रच्दछ
चित्तको वृत्ति सारेर पर ऊ सुख भोग्दछ ।

२६. मेधावी मान्छे प्रमादलाई थिचेर बस्दछ
दुर्बुद्धि मूर्ख प्रमादसँग नाचेर रम्दछ ।

२७. त्यो काम भोग घमण्डी सोख  छाडेर बसेमा
निर्वाण प्राप्ति नजिक हुन्छ मनले आँटेमा ।

२८. प्रमादलाई पर्तिर ठेली जिज्ञासु जनले
प्रज्ञाको मीठो प्रसाद लिन्छ, आनन्दी मनले

पर्वतबाट मैदानतिर करूण मनले
हेरेको सरि दुखियालाई निःशोक जनले ।

२९. बलियो घोडा जसरी कुद्छ, त्यो दुब्लो जितेर
प्रज्ञाले युक्त सचेत जन प्रमाद मिचेर ।

३०. प्रमाद हीन हुनाले देव श्रेष्ठमा गनिए
प्रमादलाई ठेल्दिन सक्ने पण्डित भनिए ।

३१. संसारी मोह आगोमा बाल्न प्रमादी सक्तैन
प्रमादहीन निर्वाण बन्छ, आलसी सक्तैन ।

३२. निर्वाणसामु उही हो पुग्ने साधना सहित
प्रमादी हुन्न प्रज्ञाको स्रोत निर्वाण रहित ।

(अप्पमाद वग्गो दुतियो निट्ठितो)

*(धम्मपद बुद्ध दर्शनको महत्त्वपूर्ण ग्रन्थ हो । हिन्दू धर्ममा गीताको जुन महिमा छ, त्यस्तै बुद्ध दर्शनमा धम्मपदको उच्च महिमा रहेको छ । धम्मपदमा १९ वग्गो (अध्याय) रहेका छन् । अमर ज्योतिका अङ्क ५५ देखि एक एक बग्गो क्रमशः प्रकाशन गर्दै आएकोमा यस अङ्कमा अपमाद बग्गो प्रस्तुत गरेका छौं ।*

# नेपाल रोगी छु म



कृष्णप्रसाद पौडेल

**छन्द : शार्दूलविक्रीडित**

ज्यादै दर्द बढ्यो गढ्यो हृदयमा, बढ्दै गयो सङ्कट ।
नेता शासक गण्यमान्य अगुवा, बन्दै गए कर्कट ॥
मेरो देह दुखेर आज यसरी, नेपाल रोगी छु म ।
मेरो दोहन मात्र बढ्दछ सधैँ, कस्तो बिरामी छु म ‼-१

सारा प्राकृत वस्तु सुन्दर छटा, मास्दै गए हे हरि ।
मेरा मौलिक मान्यता गहनता, फ्याँके हरामी बनी ‼
मेरो इज्जत अस्मिता लुटिलिए, चीत्कार गर्दै छु म !
ब्वाँसा गिद्ध हुँडारका कहरले, साह्रै बिरामी छु म ‼-२

सीमा मिच्दछ पारिबाट खलले, चर्किन्छ मेरो शिर ।
मेरा सन्तति लाभका कहरले, झुक्छन् उतै आखिर ‼
पाखा लेक मधेश दुर्गम गढी, नेपाल नाङ्गै छु म ।
मेरो वक्ष चिरेर रम्छ अगुवा, कस्तो बिरामी छु म ॥-३

प्यारा सन्तति ती युवा र युवती, सारा गए बाहिर ।
बारी खेत नदी हिमाल झरना, बन्दै गए जर्जर ॥
पेसा पौरख रोजगार नहुँदा, नेपाल गिर्दै छु म ।
मेरो अङ्ग प्रत्यङ्ग खण्डित हुँदा, साह्रै बिरामी छु म ॥-४

शिक्षा ज्ञान कला नवीन सिपका, छैनन् कुनै चिन्तन ।
सारा मौलिक ज्ञानको प्रविधिको, को गर्छ त्यो मन्थन ?॥
योद्धा चिन्तक वीर विज्ञ जनका, नेपाल बोल्दै छु म ।
मेरा गौरव सान कुण्ठित हुँदा साह्रै बिरामी छु ॥–५

ज्यादै दूषित राजनीति छलले, पीडा उही बल्भियो ।
मेरा वीर सुपुत्रका सहिदका, सङ्घर्ष व्यर्थै भयो ॥
मेरो माथ दुखेर दर्द छ कडा, नेपाल दुख्दै छु म ।
जाली भ्रष्ट दुसाधका कदमले, कस्तो बिरामी छु म ॥–६

**वि.न.पा.-४, बट्टार, नुवाकोट ।**

# बिजुली अड्डादेखि बाजुरासम्म



**नारायणप्रसाद आचार्य**

सायदै नेपालको धेरै कम स्थानको भ्रमण गर्ने भित्र पर्दछु होला म । नेपाल विद्युत प्राधिकरणबाट आफ्नो मातहतमा रहेका साना जलविद्युत केन्द्रहरू स्थानीय समुदायलाई हस्तान्तरण गरी स्थानीयहरूबाटै सञ्चालन गर्ने उद्देश्यका साथ १२ वर्ष पहिले अर्थात् आ.व. २०६६/०६७ मा सञ्चालक समितिको निर्णयबाट २० वर्षको लागि बाजुरा जिल्लामा निर्मित २०० कि.वा. क्षमताको जलविद्युत केन्द्र पनि त्यहाँकै समुदायबाट सञ्चालित त्रिवेणी बहुउद्देश्यीय सहकारी संस्था मार्फत् सञ्चालन गर्ने गरी हस्तान्तरण गरिएको रहेछ । स्थानीय स्तरमा विद्युतको माग बढ्दै गएको सन्दर्भमा सानो क्षमताको उक्त केन्द्रबाट उत्पादित विद्युतले स्थानीय जनताको मागबमोजिमको आवश्यकता पूर्ति हुन नसकेको हुँदा जनताको माग बमोजिम नै विद्युत प्राधिकरणले राष्ट्रिय ग्रिड (राष्ट्रिय प्रसारण प्रणाली) मार्फत विद्युत आपूर्ति गर्ने नीति लियो । तदनुरूप समुदायलाई हस्तान्तरण भएको सो जलविद्युत केन्द्र १२ वर्ष पुग्दा नपुग्दै फिर्ता लिई  प्राधिकरण आफैंले सञ्चालन गर्न प्राधिकरण सञ्चालक समितिबाट निर्णय भएको थियो ।

विद्युतीय संरचना फिर्ता गरी विद्युत प्राधिकरण आफैंले सञ्चालन गर्ने निर्णय भएपश्चात् त्यहाँ कार्यरत कर्मचारीहरूको समेत व्यवस्थापन हुनुपर्छ भनी लिजमा लिई जलविद्युत केन्द्र सञ्चालन गर्ने संस्था र स्थानीयहरूको समेत माग रहेको हुँदा कर्मचारीको व्यवस्थापन गर्ने सन्दर्भमा के गर्न सकिने हो ? सो को राय सुझावसहितको प्रतिवेदन पेस गर्नका लागि मेरो संयोजकत्वमा ३ सदस्यीय कमिटी गठन भएको थियो । त्यसै गरी हस्तान्तरण भएको विद्युत संरचना र अन्य भौतिक संरचनाहरूको हालको अवस्थाको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मित्र मेघमणि गौतमजीको संयोजकत्वमा कमिटी गठन भएको रहेछ ।

कमिटीका ३ जना सदस्यहरू मध्ये म र प्राधिकरणका कानुन विभागका प्रतिनिधि काठमाडौंका थियौं भने एक जना सदस्य सुदूरपश्चिम प्रदेश प्रादेशिक कार्यालय, नेपाल विद्युत प्राधिकरणका प्रशासन प्रमुख थिए । स्थानीय क्षेत्रमा गएर त्यहाँको अवस्था बुझेपछि मात्रै बास्तविकता थाहा पाउन सकिने भएकाले मिति २०६९ वैशाख ४ गते म र कानुन विभागका का. प्रतिनिधि गौरीकान्त अधिकारी

बिहान ६:५० को श्री एयर लाइन्सको विमानमार्फत् धनगढीतर्फ प्रस्थान गऱ्यौं । सुदूरपश्चिमकै पहिलो यात्रा भएको हुँदा धनगढी विमानको यात्रा पनि पहिलो हुने नै भयो । वसन्त ऋतुको सुरूवातको समय भएको हुँदा यात्राको क्रममा विमानको सिसाबाट देखिने हरियाली पहाडहरू देख्दा कसको मन आनन्दित नहोला र ! त्यसैगरी विमानका सिसाबाट उत्तरतर्फ देखिने हिमशैलहरूको बयान गर्न मेरा कलमहरू असमर्थ छन् । विभिन्न मनोरम दृश्यपान गर्दै करिब ५५ मिनेटको यात्रापछि हामी चढेको विमान धनगढी विमानस्थलमा अवतरण हुन्छ । अत्तरियामा रहेको प्राधिकरणको प्रादेशिक कार्यालयबाट विमानस्थल (एयरपोर्ट) सम्म लिन आएको गाडी बाहिर हाम्रो प्रतीक्षामा थियो । सोही गाडीमा बसेर पहिलो पटक सुदूरपश्चिमको राजधानीको दृश्यपान गर्दै सयर गर्ने मौका पाइयो । विमानस्थलबाट करिब १४/१५ कि.मि. यात्रापछि प्राधिकरणको प्रादेशिक कार्यालय पुगियो । केही समय प्रादेशिक कार्यालय प्रमुख श्री जंगबहादुर चन्दसँग यात्रा र यात्राको उद्देश्यका बारेमा छलफल गरेपश्चात् सुरू हुन्छ हाम्रो बाजुरा यात्रा ।

सवारी चालकसहित ५ सदस्यीय यात्रा टोलीको बाजुरा यात्रा धनगढीबाट बिहानको ९:५० बजे सुरू हुन्छ । विभिन्न लेख रचना तथा पत्रपत्रिकामा पटक पटक पढेको तर आफ्नै आँखाले प्रत्यक्ष रूपमा नदेखेको र अनुभूत गर्न नसकेको स्थानको भ्रमण गर्न लागिएको त्यसमा पनि यात्रा दलका दुई सदस्य सवारी चालक तथा सुदूरपश्चिम प्रादेशिक कार्यालयका प्रशासन प्रमुख दुर्गाबहादुर खत्री पहिलो पटक भेट भएको हुँदा यात्रा के कस्तो हुने हो ? भन्ने उत्सुकता छँदै थियो । अर्कोतर्फ विभिन्न कारणले समय समयमा चर्चामा आइरहने सुदूरपश्चिमको यात्रा पक्कै पनि मेरा लागि अविस्मरणीय रहने छ भन्ने आशा गरेको थिएँ जो पछि चरितार्थ भएको अनुभूत भयो ।

केही समय अघि मात्रै प्रदेश राजधानीको विषयलाई लिएर भएको रस्साकस्सी तथा प्रदेश सभाद्वारा कैलालीको गोदावरीमा राजधानी बनाउन गरेको निर्णय मानसपटलमा थियो नै सो स्थान कता पर्ने हो ? भन्ने उत्सुकता पनि थियो । साथै सुदूरपश्चिमबाट देशकै प्रतिनिधित्व गरी शासन सञ्चालन गर्ने शासकहरू (वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवादेखि पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलगायत सुदूरपश्चिमका  चर्चित नेताहरू) को समेत आँखामा तस्विर तथा मानसपटलमा सम्झना आई नै रह्यो ।

विचार विज्ञानमा खप्तडबाबाले भनेजस्तै मेरो मनमा विचारको वेग छिनछिनमै कुद्न थालेका थिए । कहिले सुदूरपश्चिममा विभिन्न समयमा भएका आन्दोलन, कहिले नेताहरूको अनुहार, कहिले सानैदेखि सुन्दै आएको मठमन्दिर तथा शक्तिपीठहरू (शैलेश्वरी उग्रतारा, बडिमालिका खप्तड क्षेत्र), कहिले सुदूरपश्चिमको भोकमरी, बाढी, पैरो, रोग, भोक र अशिक्षाका कुराहरू । अझ छाउपडी प्रथा जो २१औं शताब्दीको कलङ्कको रूपमा लिने गरिन्छ । यी यावत् कुराहरू मनमा उब्जाउँदै हाम्रो बाजुरा यात्रा सुरू हुन्छ कैलालीको टिकापुरबाट ।

यात्रा गर्ने क्रममा बाटोमा केही समय अघि सुदूरपश्चिमको राजधानीको रूपमा चर्चामा रहेको गोदावरी न.पा. समेत पर्ने रहेछ । पहाडको फेदीमा हरियाली मनोरम क्षेत्र रहेछ गोदावरी । सो स्थान हुँदै हाम्रो यात्रा अगाडि बढ्दछ । यात्राकै क्रममा कतै हरियाली जंगल कतै समथर भूभाग हुँदै हामी पुग्दछौं कैलालीको भासुको भीरमा जहाँ पहिले पहिले धेरै सवारी दर्घटना भई अत्यधिक धनजनको क्षति हुने गरेको रहेछ । पहाडी क्षेत्र भिरालो र साँघुरो बाटो भएकै कारणले होला त्यहाँ यति धेरै दुर्घटना हुने गरेको । नेपालको पहाडी क्षेत्रको भू-बनोट नै यस्तो रहेको छ कि जहाँ निर्मित राजमार्गहरूमा सयौं भासुका भीरहरू रहेका छन् । मेरो मानस्पटलमा जे रहेको थियो त्यस्तै मात्र कैलाली जिल्ला नरहेको मैले यात्राको क्रममा थाहा पाएँ । मेरो सोचाइमा कैलाली जिल्ला पूर्ण रूपमा तराई क्षेत्रमा पर्ने समथर स्थान भएको जिल्ला होला भन्ने थियो । तर यथार्थमा त्यहाँको भूगोलले पहाडी भूभागलाई समेत समेटेको रहेछ ।

यात्रालाई निरन्तरता दिने क्रममा बिहानको करिब ११:३० बजे हामी कैलालीको खानिडाँडा भन्ने स्थानमा पुग्छौं । जहाँ पहिले नै मित्र दुर्गा क्षेत्रीले खानाको अर्डर गर्नु भएको रहेछ । करिब आधा घण्टा त्यहाँ रहेर खाना खाएपछि हाम्रो यात्रा पुनः सुचारू हुन्छ । बाटामा रहेका विभिन्न वनस्पती, डाँडाकाँडा, खोला खहरेको दृश्यावलोकन गर्दै हामी डँडेलधुराको साहुखर्क भन्ने स्थानमा पुग्दछौं, जहाँ सुदूरपश्चिमकै प्रसिद्ध खिर बाजेको खिर पसल रहेछ जो वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको बालसखा पनि हुनुहुँदो रहेछ । साथीहरूको यहाँको खिर चाख्नु पर्दछ भन्ने मनसाय रहेको थियो । भरखरै मात्र खाना खाएर यात्रा सुरू गरेको हुँदा फर्कने क्रममा चाख्नु पर्दछ भनी हामी हाम्रो यात्रालाई निरन्तरता दिन्छौं । अत्तरियाका लेखा तथा प्रशासन प्रमुख पहिले पनि धेरैचोटि आवत जावत गरिसकेका मित्र गौरीकान्त अधिकारीको पुर्ख्यौली घर नै अछाम भएको हुँदा उनीहरूको लागि यो यात्रा खासै नौलो नभए तापनि मेरा लागि भने एक उत्सुकतापूर्ण, अनौठो र रोमाञ्चित यात्रा थियो ।

यात्रालाई निरन्तरता दिने क्रममा डँडेलधुरा जिल्लाको सदरमुकाम खलङ्गा पुगिन्छ । सोही क्रममा थप नयाँ कुराको पनि जानकारी पाइयो । सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने ९ वटा जिल्लाहरू मध्ये डोटी, अछाम, बैतडी, दार्चुला, बाजुरा र बजाङ गरी ६ वटा जिल्ला यही डँडेलधुरा हुँदै जाने रहेछ । यो जिल्ला सुदूरपश्चिमकै हिल स्टेसनको रूपमा रहेको पाइयो । यातायात पूर्वाधारको विकास भई नसकेको अवस्थामा साविक सेती र महाकाली अञ्चलका विभिन्न जिल्लाबाट मानिसहरू आवतजावत गर्ने केन्द्रको रूपमा पनि रहेछ यो जिल्ला । ५ वटा गा.पा. र २ वटा न.पा रहेको यस जिल्लामा नेपाल भरकै बढी राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था कार्यरत रहेको जिल्ला मध्येको एक रहेछ । विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलहरू उग्रतारा, घटालथान, सहस्त्र लिङ्ग, परशुराम मन्दिर, अजय मेरूकोट, अमरगढी किल्लाजस्ता स्थल रहेको यस जिल्ला प्राकृतिक सैन्दर्यले भरिपूर्ण सुदूरपश्चिमकै सुन्दर पहाडी जिल्लाभित्र पर्ने रहेछ ।

यात्रालाई निरन्तरता दिने क्रममा डँडेलधुरा जिल्ला पार गरेपछि डोटी जिल्ला पुगिन्छ । सुदूरपश्चिम विकास क्षेत्रको सदरमुकाम रहेको दिपायल यसै डोटी जिल्लामा पर्दछ भनी विभिन्न समयमा अध्ययन गर्ने क्रममा जानकारी भए तापनि प्रत्यक्ष रूपमा देख्ने अवसर भने यही भ्रमणले मिलाएको थियो । डँडेलधुराबाट डोटी जिल्लाको दिपायल सेती नदीको किनारै किनार भएर जानु पर्ने रहेछ । यात्राकै क्रममा सेती नदीमा बल्छी खेल्नेले करिव ५/७ के.जी. जतिको माछा पारेको पनि देख्न पाइयो भने डोटी जिल्लाको यात्रा गर्दै गर्दा मानसपटलमा **गयो डोटी खायो रोटी फर्केर आउँदा धोति न टोपी** भन्ने उक्ति समेत याद आयो ।

अधिकांश क्षेत्र भिरालो भूभाग र पहाडै पहाड भएको यस जिल्ला घना जङ्गलले ढाकिएको रहेछ । कडा चट्टान र बलौटे माटो भएको हुँदा यस जिल्ला खेतीपातीको लागि त्यति उपयुक्त नरहेको, भौगोलिक दृष्टिकोण र प्राकृतिक प्रकोपको हिसाबले पनि संवेदनशील जिल्लाभित्र पर्ने रहेछ डोटी । समुद्र सतहबाट ३३५ मि. उचाइको सेती नदी किनारमा रहेको कानाचौर सबैभन्दा कम उचाइको जमिन रहेछ भने ३२९५ मि. उचाइमा रहेको खप्तड क्षेत्रसमेत यस जिल्लाले समेटेको रहेछ । के.आईसिंह मार्ग, पहलमान सिंह स्वाँर मार्ग र भीमदत्त मार्ग यस जिल्लाको प्रमुख राजमार्ग हुन् ।

नेपालको सुदूरपश्चिमका जिल्लाहरूमा नदीलाई 'गाड' भनिने रहेछ । सेतीनदी ठुलीगाड, सानी गाड, कालागाड जस्ता नदीहरू यस जिल्ला भएर बग्ने प्रमुख नदीहरू रहेछन् । नेपालकै प्रसिद्ध शक्तिपीठ मध्येको शैलेश्वरी देवीको मन्दिर यस जिल्लाको प्रमुख मन्दिर रहेछ जुन मन्दिरको दर्शन गर्ने रहर हुँदाहुँदै पनि भगवती माताको इच्छा नभएर हो या साइत नजुरेर हो राजमार्गको छेवैमा भएर पनि मन्दिर दर्शन गर्न भने सकिएन । यात्रा गर्ने क्रममा दिउँसोको खाजाको बन्दोबस्त भने डोटी वितरण केन्द्रका केन्द्र प्रमुख राजेन्द्र देवले गर्नु भएको रहेछ । रिभर साइड होटलको बरण्डामा बसेर सेती नदीको चिसो हावा खाँदै खाजा खाइसकेपछि हाम्रो यात्रा अगाडि बढ्छ । बाटामा साथीहरूसँग छलफल गर्दै जाने क्रममा थाहा पाइयो कि सुदूरपश्चिममा मनाइने गौरा पर्व, विशु पर्वजस्ता पर्वहरू यस जिल्लामा पनि मनाइने रहेछ । करिव ९९ प्रतिशत जनता हिन्दू रहेको यस जिल्लामा क्षत्री जातिको बाहुल्यता रहेको पाइयो । कूल जनसङ्ख्याको १.४ प्रतिशत बादी जातिहरू समेत यस जिल्लामा बसोबास गर्ने मुख्य जातिभित्र पर्ने रहेछन् । विशेष गरी यस जिल्लाबाट भारतका विभिन्न स्थानमा रोजगारीको लागि जाने गरेका रहेछन् भने हाल बसाइँ सरी कैलाली जिल्लाका विभिन्न स्थान, धनगढी, महेन्द्रनगर, टिकापुर, सुर्खेत र नेपालगञ्जसम्म जाने क्रम बढेको हुँदा यहाँको जनसंख्यादर घट्दो अवस्थामा रहेको पाइन्छ । धान, गहुँ, कोदो, जौ, मकै, मुसुरो, भटमास, तोरी, फापर, आलु आदि यहाँ उब्जाउ हुने मुख्य बाली रहेछ भने सदरमुकाम सिलगढी, दिपायल, राजपुर, बुडर आदि यहाँको प्रमुख बजार रहेको पाइन्छ ।

यात्रालाई निरन्तरता दिने क्रममा हामीले डोटीलाई पछि पार्दै हाम्रो यात्रा अगाडि बढ्छ अछाम जिल्लातिर । १२ बण्ड १८ खण्डको जिल्ला भनेर प्रसिद्ध छ यो जिल्ला । **डोटी राम्रो डँडेलधुरा अछाम राम्रो साँफे, मलाई पनि उडाई लैजाऊ हिमालको डाँफे** भन्ने गीत बाल्यावस्थादेखि नै सुनिँदै आएको भए तापनि जब अछाम जिल्ला टेकियो त्यसपछि भने बारम्बार मानसपटलमा यसै गीतको सम्झना आइ नै रह्यो । त्यसैगरी अछामका बारेमा अर्को एउटा लोकगीत पनि प्रचलनमा रहेछ ।

हुम्ला जाँच्या, जुम्ला जाँच्या, अछाम जाँचिएन
धन साँचिया, मन साँचिया, जोवन साँचियान
बनी राम्रा बरदादेवी, कोटघर कालिका
अछाम त बैकुण्ठै रैछ, धन्य हो मालिका

यस जिल्लाको नाम अछाम कसरी रहन गयो भन्ने सन्दर्भमा विभिन्न युक्तिहरू प्रचलनमा रहेको पाइयो ।

१. प्राचीन समयमा मुगल शासकको चर्को दवाव सहन नसकी भारतीय हिन्दूहरू नेपालका विभिन्न स्थानमा घुम्दै हिँड्ने क्रममा पश्चिम नेपालको नौखुवा क्षेत्रमा आइपुगे, जहाँ मीठो आँप पाइने गरिन्थ्यो । हिन्दी भाषामा मीठो आँपलाई 'अच्छा आँम' भनिने र कालान्तरमा 'अच्छा आँम' अपभ्रंश भई अछाम भनिन थालियो ।

२. डोटी जिल्लाको ब्राम्हण खानदानको गोपाल खतिवडाका ४ भाइ छोरामध्ये कान्छा छोरा प्रभाषका छोरा देवेन्द्रसँग जुम्लाका राजा अशोक मल्लकी छोरी हर्मताको प्रेम विवाह भयो । केही समय जुम्लामा बसेपछि उनले नौखुवा राज्यलाई शासन गर्न थाले । उनीबाट जन्मेका छोरा राजा हुने र शाह पदवीसमेत पाउने संस्कार बसी अचम्म भएकाले उक्त 'अचम्म' शब्द कालान्तरमा अपभ्रंश भई 'अछाम' भन्न थालियो ।

प्राचीन समयमा अछाम जिल्लालाई नौ खुवाको नामले चिनिने गरिन्थ्यो जसको अर्थ ९ वटा खण्डहरू भन्ने बुझिन्छ । त्यस समयमा अछाम जिल्लालाई विभिन्न ९ खण्डमा विभाजन गरी स-साना राज्यहरू सञ्चालनमा रहेका थिए । बाइसे राज्य समूहको एक सदस्यको रूपमा रहेको अछाम सुरुमा पालहरूको शासन थियो पछि नागराज वंशीय मल्लहरूले शासन गरेको पाइन्छ । जुन समयमा अछाम सभ्यताको विकास भएको पाइन्छ ।

सानाठूला पहाड, खोंच, टार र बेंसीहरू रहेको अछाम नेपालको एक पहाडी जिल्ला हो । यस जिल्लाको अधिकांश भूभाग हरियाली जङ्गलले ढाकिएको रहेछ जुन यात्रा गर्ने क्रममा राजमार्गबाट समेत स्पष्ट रूपमा देख्न सकिन्थ्यो । अधिकांश हिन्दू धर्मावलम्बी बसोवास गर्ने अछाम जिल्लामा दसैं-तिहारका अतिरिक्त विसु पर्व, माघे सक्रान्तीलगायतका चाडपर्वहरू मनाउने गरेको पाइयो भने देउडा नाच, हुड्के नाच, पुतला नाच भुओ नाच ठाडी भाका यहाँ नाचिने प्रसिद्ध नाचहरू

रहेछन् । यात्राकै क्रममा जिल्लाको विभिन्न स्थानहरू मध्ये प्राकृतिक सौन्दर्यले भरिपूर्ण रामारोसन क्षेत्र पनि यसै जिल्लामा पर्ने जानकारी पाइयो भने स्थानीय जातको नौ मुड्के गाई यहाँको अर्को विशेषता रहेछ ।

आजको हाम्रो काठमाडौं देखिको यात्रा अछाम जिल्लाको साँफेबगरमा रहेको होटल डलफिनमा गएर टुङ्ग्याउने निधो गरिन्छ । दिनभर यात्रा गर्ने क्रममा लागेको थकाई मेट्न बेलुकाको खाना खाईवरी भोली बिहान सात बजे बाजुरातर्फ लाग्ने निधो गरेर करिब दश बजेतिर बिछ्यौनामा विश्राम गरेपछि आजको हाम्रो यात्रा यही टुङ्गिन्छ ।

बिहान करिब ४:१५ देखि ४:३० को बीचमा उठ्ने विगतदेखिको बानीका कारण बिहानको ४:३० बजे नै निद्राले छोड्छ । आफ्नो नित्य कर्म गरीवरी बिहानको करिव ५:१५ बजेतिर बिहानी भ्रमणको लागि तयारी अवस्थामा रहेको थिएँ । सो समयमा मित्र गौरीकान्त अधिकारी र मेघमणि गौतम पनि तयार भइसक्नु भएको रहेछ ।  तर दुर्गा खत्रीलाई भने अलि बढी नै सुत्नु पर्ने रहेछ त्यसैले उहाँलाई त्यही छाडेर हामी प्रातभ्रमणमा निस्कन्छौं । नयाँ स्थान नयाँ परिवेश कहाँ जाने कता जाने केही थाहा थिएन मलाई । मित्र मेघमणि गौतमको प्रस्तावमा बैजनाथ धाम जाने भइयो । त्यसैअनुरूप दुर्गा खत्रीलाई पछि लिएर आउन सवारी चालकलाई भनेर हाम्रो पैदल यात्रा त्यतैतिर लम्कियो । करिब ४०/४५ मिनेटको यात्रा पछि हामी बैजनाथ धाम पुग्दछौं ।

बुढीगङ्गा नदीको किनारमा अवस्थित सुन्दर स्थानमा रहेछ बैजनाथ धाम जहाँ गुरूकुल समेत सञ्चालनमा रहेछ । बिहानको समय खासै भक्तजन नभेटिए पनि बटुकहरूबाट सुमधुर स्वरमा लय हालेर वेदका ऋचा (मन्त्र)हरू वाचन भएको सुन्दा मात्र पनि अत्यन्त आनन्द हुन्थ्यो । बैजनाथ धामको अनपेछित यात्रा गरी भगवान्को दर्शन गर्न पाँउदा सुदूरपश्चिमको आफ्नो यात्रा सफल र सार्थक भएको अनुभूत भयो । साथै बुबा आमाहरूले पटक पटक भन्ने गरेको कुरा मनमा उब्जि नै रह्यो कि भगवान्को इच्छा र आशीर्वाद नभई कमिला समेत भगवान्को धाम र मन्दिर जान पाँउदैन भन्ने । सायद बाबा बैजनाथको अशीर्वादले नै होला कल्पनासम्म नगरिएको र सोच्दा समेत नसोचिएको स्थानमा समेत पुग्ने सौभाग्य मिल्यो । त्यसका लागि मित्र मेघमणि गौतमलाई विशेष धन्यवाद । हामीले मन्दिरको दर्शन र परिक्रमा गर्दै गर्दा गाडी पनि आइपुग्यो । त्यहीँबाट सुरू हुन्छ हाम्रो बाजुराको यात्रा । जुन हाम्रो यात्राको उद्देश्य र गन्तव्य पनि थियो ।

सुदूरपश्चिमका ९ वटा जिल्लामध्ये विकासका दृष्टिकोणले सबैभन्दा पछाडि परेको जिल्ला हो बाजुरा । भौगोलिक विकटता कमजोर भू-बनोट र कठिन खालका पहाड रहेको बाजुरा जिल्ला हरेक दृष्टिकोणले पछाडि परेको जिल्ला रहेछ । यात्रकै क्रममा बाटोबाट बयल (गोरू) का जुराजस्ता पहाडै पहाडहरू देखिन्थे जो तस्विर खिच्नका लागि एक अर्कालाई नछेकिने गरी लामबद्ध ढंगले अनुशासित

भई बसेका जस्तो लाग्दथ्यो । सुरूमा त कतै बयलका जुरा जस्ता पहाडै पहाड भएको हुनाले बाजुरा भनिएको पो हो कि भन्ने लागेको थियो मलाई । तर बाजुरा जिल्लाको नाम बाजुरा कसरी रहन गयो भन्ने सम्बन्धमा एउटा पुरानो कहावत प्रचलनमा रहेछ । प्राचीन समयमा बाजुरा जिल्ला स्वतन्त्र अस्तित्वमा नरही जुम्ला राज्यको क्षेत्रभित्र पर्दथ्यो । जसलाई सिंजा राज्य पनि भन्ने गरिन्थ्यो । जुम्लाबाटै केन्द्रीय शासन चले तापनि हालको बाजुरा जिल्लामा समेत त्यहाँको प्रतिनिधि बस्थे । ती प्रतिनिधिहरूले राज आज्ञाअनुसार सिंजादरबारमा बाज भन्ने चरा पठाउनु पर्दथ्यो । जसलाई पासोद्वारा समातिने गरिन्थ्यो । भाले बाज चरालाई 'शाही बाज' र पोथी बाज चरालाई झुर्राबाज भनिन्थ्यो । पासोमा पोथी बाज अर्थात् झुर्रा बाज परेको थियो । त्यसलाई उल्टोबाट 'बाझ झर्रा' भनिएको र पछि यही नामबाट बाझर्रा कोट भनिन थालिएकोमा यही बाझर्राकोट अपभ्रंश हुँदै बाजुरी कोट हुँदै बाजुरा भएको किंवदन्ती रहेको छ ।

अछाम जिल्लाबाट बिहान सात बजे सुरू भएको हाम्रो यात्रा अगाडि बढ्दै जाने क्रममा बाजुरा लागेपछि विकट पहाडी भूभाग हुँदै बिहानको करिब दश बजेतिर बाहुली नदी किनारमा रहेको राप्का भन्ने स्थानमा पुगिन्छ जहाँ बाजुरा वितरण केन्द्रका केन्द्र प्रमुख ललित मण्डल र लेखा प्रमुख कर्णबहादुर चन्दले स्थानीय खोलाको माछासहित खानाको प्रबन्ध गर्नु भएको रहेछ । म आफू भने विगत ८/९ वर्षदेखि शाकाहारी भएको हुँदा स्थानीय भैंसीको मीठो दही र खाना खाइसकेपछि हाम्रो यात्रा अगाडि बढ्छ ।

दिउँसोको करिब एक बजेको समयमा बाजुरा सदरमुकाम मार्तडी पुगेपछि हाम्रो यात्रा पूर्ण हुन्छ भने तोकिए बमोजिमको वास्तविक कामको भने बल्ल सुरूवात हुन्छ । सदरमुकाम भए तापनि स-साना टिनका छाना भएको एकै स्थानमा गुजुमुज्ज भएका घरहरू देख्दैमा अनुमान लगाउन सकिन्थ्यो बाजुरेली जनताको जीवनस्तर कस्तो होला भन्ने बारेमा । बाजुरा सदरमुकाम मार्तडी पुगे पछि बाजुरा वितरण केन्द्रबाट न्यानो तथा आत्मीय स्वागत भएको थियो । यसका लागि बाजुरा वितरण केन्द्र परिवारलाई हृदयदेखि नै आभार व्यक्त गर्नै पर्ने हुन्छ । बाजुरा वितरण केन्द्रमा केही समय बिताएपछि हामी हाम्रो कार्यतर्फ लाग्छौं । बाजुरा सा.ज.वि. लिजमा लिई सञ्चालन गर्दै आएका स्थानीय त्रिवेणी बहुउद्देश्यीय सहकारी संस्थाका पदाधिरीहरूबाट जुन प्रकारको स्वागत गरिएको थियो त्यो साँचै नै अविस्मरणीय छ, यसका लागि सो संस्थाका सम्पूर्ण पदाधिकारी विशेष गरी व्यवस्थापक दयाराम पण्डितप्रति विशेष विशेष आभार ।

तोकिएको जिम्मेवारीबमोजिम स्थानीय प्रतिनिधि (विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू) बाजुरा वितरण केन्द्रमा कार्यरत कर्मचारी, सहकारीका प्रतिनिधि तथा जिम्मेवार पदाधिकारीहरूसँग केन्द्र सञ्चालनका लागि आवश्यक कर्मचारीको सङ्ख्या प्राधिकरणका तर्फबाट हाल कार्यरत कर्मचारी लिजमा लिई सञ्चालन

गर्ने संस्थामा कार्यरत कर्मचारीको सङ्ख्या जिल्लाको भौगोलिक स्थिति र वितरण केन्द्रको कार्य क्षेत्रभित्रको भूगोल आदिका बारेमा करिव ३ घण्टा जति विस्तृत रूपमा छलफल हुन्छ । छलफलका क्रममा सामान्य जागिरप्रति पनि जनताको दबाब, मोह र इच्छा देखेर स्वतः अनुमान लगाउन सकिन्थ्यो यहाँको बेरोजगारी समस्याका बारेमा । राजनैतिक दलका प्रतिनिधि तथा विभिन्न सरोकारवाला व्यक्तिहरूसँगको छलफलपछि बाँकी काम अर्को दिन टुङ्ग्याउने गरी बेलुकाको पाँच बजेको समयमा हाम्रो टोली बाजुरा सदरमुकाम हेर्दै सदरमुकामको सिरानमा रहेको मन्दिरमा पुग्दछ जुन मन्दिरलाई बढिमालिकाको रूपमा पूजा गरिने चलन रहेछ । जो मानिस बढिमालिका पुग्न सक्दैनन्, उनीहरूले यही मन्दिरमा दर्शन गर्ने यहाँको परम्परा रहेछ । मन्दिर दर्शन गरेर हामी सा.ज.वि.केन्द्रको हेडगेटसम्म पुग्छौं । जलविद्युत केन्द्रको हेडगेट नहरलगायतका भौतिक संरचनाहरूको अवलोकन गरी बेलुका ७:३० बजे होटल दृष्टिमा पुगेपछि समाप्त हुन्छ त्यसदिनको हाम्रो बाजुरा यात्रा ।

भोलिपल्ट अर्थात वैशाख ६ गते बिहान सात बजेबाट हामी हाम्रो काममा लाग्छौं र बिहानको करिब एघार बजेसम्ममा सम्पूर्ण कार्य सम्पन्न हुन्छ । त्यसपछि बाजुरा यात्राको उद्देश्य पूरा हुन्छ । अनि तय गरिन्छ पृथ्वीकै स्वर्ग भनिने खप्तडको यात्रा । (खप्तड यात्राका बारेमा विस्तृत रूपमा अर्को भागमा उल्लेख गर्नेछु) ।

सुदूरपश्चिम दुरीको हिसाबले राजधानीदेखि टाढा, भैगोलिक विकटता, शिक्षा स्वास्थ्य चेतनाको हिसाबले पछाडि परेको भए तापनि यहाँ भएका अपार सम्भावनाहरूलाई उजागर गर्दै विभिन्न धार्मिक सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक धरोहरहरू, खप्तड क्षेत्र (जसले सुदूरपश्चिमको ४ जिल्लालाई समेटेको छ), बडिमालिका, रामारोसन, बैजनाथ उग्रतारा शैलेश्वरी, अमरगढी, अजयमेरूकोटजस्ता महत्वपूर्ण स्थानहरूको संरक्षण सम्वर्द्धन गर्दै प्रचार प्रसार गर्न सकेमा तथा यहाँ भएका अपार जलश्रोतको समुचित उपयोग गरी जलविद्युत विकास गर्न सकेमा समग्र सुदूरपश्चिमको विकास हुनेछ । यसका लागि केवल दृढ इच्छाशक्ति तथा राज्य सञ्चालन गर्ने शासकहरूको आँखा खुल्नु जरूरी छ । यतिमात्र गर्न सकियो भने केवल सुदूरपश्चिम मात्र नभई समुन्नत राष्ट्र निर्माणमा समेत सुदूरपश्चिमको अभूतपूर्व योगदान रहन सक्ने कुरामा कसैको दुइमत नहोला । सामान्य स्वास्थ चौकीको अभावमा सिटामोल समेत नपाई मर्नुपर्ने, सुत्केरी हुन नसकी मर्नुपर्ने, झाडापखालको कारण गाउँ नै सखाप हुने र यहाँ भएको छाउपडी प्रथाजस्ता कुप्रथाको अन्त्य हुनु पनि जरूरी देखिन्छ । यसका लागि राज्यको ध्यान जानु जरूरी छ । अन्तमा यस्तो अवसर जुराइ दिनु हुने सम्पूर्णप्रति हृदयदेखि नै आभार व्यक्त गर्दै आफ्नो सुदूरपश्चिमको पहिलो भ्रमण अत्यन्त अविस्मरणीय, रोमाञ्चक र फलदायी भएको महसुस भएको छ ।

*उपनिर्देशक, ने.वि.प्रा.*

# एक्लो फलैंचा

राधा कार्की



सानै छँदा
उसले देखेको थियो-
भरिएका जोर गाग्री आफ्नै अघिल्तिर
भारी बोकेर
जिन्दगी हिँडिरहेका भरियाहरू
त्यहीँ फलैँचामा भारी बिसाउँथे
जहाँ पानीका अम्खोराहरूले
हरेक दिन
स्वागत गर्थ्यो ऊ- बटुवाहरूलाई ।

त्यहीँ फलैँचा हो यो
जहाँबाट जन्मन्थे-
न्यायका फरमानहरू
र रसाउने गर्थ्यो
खुसीका मूल बस्तीभरि !

मान्छेहरू कचहरी बस्दैनन् आजकल
त्यो फलैँचामा
महल पस्न थालेका छन्
हिजो आज मान्छेहरू
फलैँचा आफैँलाई प्रतिप्रश्न गर्छ-
कहिले फर्केलान् ती दिनहरू
तड्पिइरहेछु म आजकल
तिनै प्रियजनहरूको प्रतीक्षामा ।

# अवतरण



**जीवराज भट्टराई**

गन्दै जाँदा पुग नपुग ४१ वर्षपछि रूद्र आफ्नै थातथलोमा फर्केको छ । फर्केको भनेको मनमनै मसक्कै आँटेर सधैंका लागि यतै बस्ने गरेर आएको छ । नेपालको औसत पहाडी गाउँठाउँको यही माटो त हो, जहाँ ऊ झण्डै साढे ६ दशकअघि जन्मेको थियो । पहिले यहाँ खरको छानो भएको स-सानो घर थियो, अहिले त्यो छैन । अनि पहिले नभएको र अहिले भएको कुरा बारीको एकछेऊ हुँदै मोटरबाटो खनिएको छ । आक्कलझुक्कल त्यसमा सानाखाले गाडी धुलो उडाउँदै कुद्छन् । गाउँका ठिटाहरूले मोटरसाइकल भने कुदाइरहन्छन् ।

त्यो बेलाको कुरा हो, छोरा नजन्मेपछि फलानाको अपुताली जाने भयो भनेर गाउँहरूले कुरा काट्दा रूद्रका बालाई झण्डैझण्डै वैराग्य नै जाग्न थालेको थियो । संयोगले हरिवंश पुराण लगाएको अर्को वर्ष रूद्र जन्मेकाले अपुतालीको अवगालबाट बा जोगिएका थिए । बाल्यकाल र युवावस्थाका शुरूवाती दिनहरू बिताएको त्यो घर उसका निम्ति जति प्रिय भए तापनि बाआमाको निधनपछि उसले त्यसको भौतिक र अभौतिक दुवै अस्तित्व जोगाउन सकेन । शुरूमा थोत्रो र पछि खण्डहर हुँदै गएर त्यो नासियो । जग्गा भने अलिअलि स्वरूप बिग्रिए पनि यहीं छ ।

त्यसो त हिजोसम्म रूद्रको पुर्ख्यौली सम्पत्तिको रूपमा यहीं अलि तल बेसीमा खेत पनि थियो । आजदेखि त्यो अर्कैका नाममा नामसारी भयो । खेत बेचेको पैसा आज दिउँसो मात्र चारभाग लगाइयो । आमा, आफू र बहिनीको गरी तीन भाग पैसा बोकेर रूद्रको छोरा काठमाडौंतिर लाग्यो । जिल्ला सदरमुकामको मालपोत कार्यालय अगाडिबाट छोरो उता लागेपछि गाउँ फर्केको रूद्र पहिले आफ्नो घर भएको खाली जग्गामा बसेर धेरैबेरसम्म टोलाइरह्यो । उसले अड्कल काट्यो– यहींनेर घरको पूर्वी ढोका थियो । त्यसको अगाडि तुलसीको मठ भएको आँगन र त्यसपछि उरिम थियो । उरिमकै छेउमा दुईवटा सुन्तलाका बोट थिए । आमाले भनेअनुसार सुत्केरी व्यथाले छट्पटिदै भित्र बाहिर गर्दागर्दै त्यही सुन्तलाको बोट मुनि रूद्र जन्मेको थियो ।

घरको पश्चिम ढोका भएको ठाउँ पनि उसले खुट्ट्यायो । ढोका नजिकैबाट लामो गोठ शुरू भएको थियो । गोठको पल्लो छेऊ पुगेपछि कट्कुरो आउँथ्यो । त्यसपछिको दबदबेको रूख अहिले पनि जस्ताको तस्तै हुनाले त्यसैलाई चिनो बनाएर आज ती सबै कुराबारे अन्दाज गर्न उसलाई सजिलो भएको हो ।

पहिलो पटक काठमाडौं हिँडन लाग्दा उसलाई घरको त्यही पूर्वी ढोकाको दुईपट्टि संघारमा अम्खोराभरि पानी र तीमाथि फूलपाती राखेर उज्ज्वल भविष्यको शुभकामना दिँदै बाआमाले बिदाइ गरेका थिए । त्यसबेला आमा घुँक्क गर्दै बर्कीको सप्कोले मुख छोपेकी र बाले साइत नबिगार्न भन्दै हकार्न खोज्दा उनको गला पनि अवरूद्ध भइसकेको भन्ने थाहा भएको थियो । बाआमा र जन्मेको घरलाई छाडेर पहिलो पटक टाढाको साइत गर्दा उसका आँखा पनि त रसाएका थिए । तर पनि छोराका निम्ति घर त आफ्नो छँदैछ परदेश पनि आफ्नो बनाउन सक्नुपर्छ भनेर उसले मन दऱ्हो बनाएको थियो ।

मनभरि त्यस्तो आँट बोकेर हिँडेको रूद्रले चार दशकको अन्तरालमा परदेश आफ्नो बनायो कि घरदेश गुमायो अहिले आएर त्यही ठम्याउन सकिरहेको छैन । उच्च शिक्षा अध्ययनका लागि शहर पसेको थियो । उसले आफ्नो उद्देश्य कहिल्यै बिर्सेन । लगनशील भएर पढ्दा पढाइको कुरामा कहिल्यै पछि फर्केर हेर्नु पनि परेन । प्रत्येक तहको परीक्षाको नतिजा प्रकाशित भएपछि आफ्नो सफलताको कुरा उल्लेख गरेर घरमा बालाई चिट्ठी पठाउँथ्यो । उता बूढाबा खुसीले उचालिन्थे र त्यो चिट्ठी बोकेर गाउँभरि डुल्थे । पछिल्ला दिनहरूमा बूढाले 'अब पढाइ पुग्यो, आफ्नो योग्यताअनुसारको मास्टरी जागिर गाउँमै पाइहालिन्छ । हामी पनि धेरै नै बुढाबुढी भयौं । त्यसैले फर्केर घर आउँनू" भनेर धेरै कर पनि गरेका हुन् । बिहेका लागि पनि सातगाउँ वरपरसम्मका एकसेएक कन्याहरूको प्रस्ताव राखेथे । अरू पनि धेरै कुरा देखाएर रूद्रलाई गाउँ फर्काउन कोसिस गरेका हुन् । तर उनी सफल भएनन् ।

पुनः गाउँघरमा फर्किनु भनेको त अग्रगतिमा बिराम लगाउनु हो । त्यसैले अधोगतितिर होइन थप प्रगतितिर नै आफूलाई प्रवृत्त गराउनुपर्छ भन्ने विचार रूद्रको मनमस्तिष्कमा बज्रलेपजस्तो भएको थियो । हुन पनि पिछडिएको एउटा सुदूर गाउँ र विपन्न परिवारबाट राजधानी पसेको रूद्रले शैक्षिक योग्यता मात्र हासिल गरेन पहिलो प्रयासमै लोकसेवा आयोगले लिएको अधिकृत तहको परीक्षा पनि उत्तीर्ण गऱ्यो । एउटा सामान्य गाउँले किसानको छोरो सरकारको अधिकृत भएपछि उसको जिन्दगीले कच्ची गोरेटो छाडेर पक्की राजमार्ग नै समात्यो । त्यो राजमार्गलाई अझ बढी सुगम र सहज बनाउनका लागि गाउँले गवाँर होइन कि सबै कुरा जानेबुझेकी शहरिया जीवनसाथीको खाँचो थियो । त्यो आवश्यकता

पनि यथासमयमै पूरा भएपछि अब अगाडिको यात्रा अविराम गन्तव्यमा नपुग्ने कारणै थिएन ।

सामान्यतया कुनै पनि ठाउँमा हात्ती छिरेपछि पुच्छर नअड्किनुपर्ने हो । अझ हात्तीको पुच्छर त उसको शरीरको तुलनामा निक्कै सानो पो हुन्छ । तर अपवादको रूपमा त्यस्तो हुने भएरै होला, हात्ती छिऱ्यो पुच्छर अड्क्यो भन्ने गरिन्छ । जीवन भोगाइका क्रममा हात्ती छिरेर पुच्छर अड्किने अवस्थाहरू अनगिन्ती हुँदा रहेछन् भन्ने अनुभव पनि त्यही राजमार्गे यात्रामा गर्न थाल्यो रूद्रले । झन पछिपछि त उसले आफ्नो अगाडिको जिन्दगी जति सबै हात्ती र पछिल्लो जति सबै पुच्छर भएको अनुभूति गर्न थाल्यो ।

एकदिन लखतरान पर्ने गरी थाकेर कार्यालयबाट निवासमा आउँदा दश वर्ष पुगेर भर्खर एघारमा लागेको छोराले आफ्ना निम्ति छुट्टै कोठा चाहियो भनेर अनसनै बसेको रहेछ । ऊभन्दा दुई वर्ष कान्छी बहिनीले दाइको मागलाई पूरै समर्थन गरेकी थिई । त्यसमा आमाको मौनतालाई सामान्य ऐक्यबद्धताभन्दा पनि प्रेरणाकै रूपमा बुझ्न कठिन थिएन । त्यो दिन राति अबेरसम्म र अर्को दिन बिहान अनेक तरहले सम्झाउँदा पनि केही लागेन । बसिरहेको तीन कोठाको स-सानो फ्ल्याट छाडेर पाँचकोठावाला ठूलो फ्ल्याटमा सर्दा प्रतिमहिना रू पाँच हजारको व्ययभार ख्यालख्यालैमा थपियो । त्यतिबेला मुख्य शहर छाडेर अलि छेउछाउतिर बस्न पाए अलि सस्तो पर्थ्यो कि भनी प्रस्ताव राख्दा 'जन्मजात शहरमा बसेको मान्छे गाउँमा गएर बस्न सकिँदैन' भन्ने निक्कै कडा जवाफ आयो श्रीमतीजीबाट ।

अर्को एकदिन काम विशेषले डेरामा फर्किन ढिलो भयो । रात परेपछि घर आउँदा सबै कोठाका र बरण्डा अनि भऱ्याङका सबै बत्ती बलिरहेका थिए । 'अनावश्यक रूपमा यति धेरै बत्ती किन बालेको' मात्रै के भनेको थियो श्रीमतीले झम्टिहालिन्– 'तिमीले गाउँघरमा उज्यालो देखेनौ, अँध्यारोमा बस्ने पाखे भयौ भन्दैमा हामी पनि त्यस्तै हुनुपर्छ भन्ने छ र ? हामी त उज्यालोमा जन्मेका हौं, उज्यालै मनपर्छ ।' बढ्दै गरेका छोराछोरी दुवैले एकमतले आमालाई समर्थन गरे । हुन पनि अँध्यारोको सट्टा उज्यालोमा बस्ने कुरा राम्रै पनि हो । कुरा सामान्य नै थियो तर त्यस रात रूद्रलाई किनकिन पटक्कै निन्द्रा लागेन । उसको मन अघि श्रीमतीको वचनवाणले घोचेको अँध्यारो गाउँमा विचरण गर्न थाल्यो । हो, उसको गाउँमा ती दिनहरूमा बिजुली पुगेकै थिएन । सुरूसुरूमा उसले दियालोको उज्यालोमा पनि पढेको हो । दियालो काट्न निक्कै टाढा जानुपर्थ्यो । त्यो ल्याएर आएका दिनमा उसका बा निक्कै थाक्नुहुन्थ्यो । हत्केलामा परेका झिल्झिलाउँदा फोरामा उसका कलिला हातले मुसारिदिँदा बाले 'शीतल भयो' भन्नुहुन्थ्यो । दियालोको त्यही उज्यालोमा छोराले भट्याउँदै पढेको सुनेपछि हातका फोरा बिर्सिन्छु भनेको पनि उसले सुनेको थियो । पछि गाउँमा मटीतेलको टुकी बाल्ने चलन त आयो

तर असाध्यै फारो गर्नुपर्थ्यो ।

रूद्रलाई सानैदेखि खाना नोक्सान गरेको पटक्कै मन पर्दैनथ्यो । एकपटक यात्राका क्रममा राजमार्गका होटलमा उसले आफ्नो भागबाट खाना निकाल्न लगाउँदा साथीहरूले "खाए पनि फाले पनि पैसा त उत्ति नै तिर्नु परिहाल्छ क्या रे, कि होटलवाला आफन्त पर्छन् र" भनेर जिस्क्याएका थिए । 'यही खाना खान नपाएर आज संसारमा लाखौं मानिस मरिरहेका छन् । मैले मेरो तर्फबाट खाना नोक्सान गर्ने अक्षम्य अपराध गर्दिन, अरूले के के गर्छन्, त्यसको जिम्मा म लिन सक्दिनँ' भन्दै रूद्र आफ्नो विचारमा दृढ देखिएको थियो । तर आफ्नो घरमा भने  आधाजति खाना फालिएको रूद्रले देख्थ्यो । त्यो देखेर ऊ निक्कै दुःखी हुन्थ्यो । कहिलेकाहीँ नफाल्न अनुरोध गर्दा 'सानोमा खान नपाएको हुनाले यसरी माया लागेको होला' भन्ने खालका मुटुमा बिझ्ने ओठे जवाफ पाउँथ्यो । श्रीमतीको विचारमा त्यसरी खाना फाल्ने कुरा सम्पन्नताको परिचायकजस्तो थियो र त्यो कुरा बिस्तारै छोराछोरीले पनि सिकिरहेका थिए ।

उसो त रूद्रकी श्रीमतीका विचारहरू नराम्रा पटक्कै थिएनन् । जस्तो कि–

- सरकारी अफिसरको परिवारमा एकखालको स्तरीय जीवनशैली हुनुपर्छ ।
- शिक्षा नै सर्वोपरि हो, त्यसैले छोराछोरीलाई महङ्गो विद्यालयमा पढाउनुपर्छ ।
- सबै जनाको नियमित रूपमा स्वास्थ्यजाँच गराउनुपर्छ ।
- बजारमा चलेको फेसन अनुसारका कपडा लगाउनुपर्छ ।
- सातामा एकदिन मात्र भए पनि सपरिवार होटलमा खाना खान जानुपर्छ ।
- यहाँसम्म कि मगन्तेहरूलाई पनि मनग्गे पैसा दिएर खुसी पार्नुपर्छ ।

उनको मान्यता र तदनुरूपको व्यवहारका यस्तै यस्तै कुराहरूको लिस्ट बनाउने हो भने त्यो लामै हुन सक्थ्यो ।

यो कुरा भने कहिल्यै सुनाउन हुँदैनथ्यो कि ती सबै कुरा गर्न चारजनाको परिवारमा एकजनाको तलबबाट सम्भव छैन । तलब त रूद्रले बुझ्केकै दिनमा थपक्कै श्रीमतीको हातमा राखिदिन्थ्यो । त्यसले नपुगेर जब थप पैसाको माग आउँथ्यो त्यसबारे सम्झाउन खोज्दा श्रीमतीको जवाफ आउँथ्यो– 'त्यो तिम्रो काम हो । तिमी अफिसर हौ । यहाँ कार्यालय सहयोगीको जागिर खानेले पनि हाम्रोभन्दा धेरै स्तरीय जिन्दगी बाँचिरहेका छन् । पाइला पाइलामा सम्झौता गर्नुपर्ने जीवनको कल्पना गरेर मैले तिमीसँग बिहे गरेकी होइन । मेरो जन्मले र कर्मले पनि त्यसो गर भन्दैन । मैले आफ्नो बाल्यकाल कसरी बिताएँ, त्यो सुन्न चाहन्छौ ?' धेरै पटक रूद्रले नचाहेरै पनि श्रीमतीको बाल्यकालको त्यो स्वर्णयुगबारे सुनेको

थियो । पछिल्ला दिनहरूमा भने यहीँसम्म आएर कुरा रोकिन्थ्यो । श्रीमतीको कुरा त यो भयो । अनि केटाकेटी भने सानै भए पनि ती मम्मी आफ्नो सुखसुविधाको पक्षमा भएको र बाबा त्यसको विपक्षमा भएको भन्ने बुझाइमा थिए । त्यसले गर्दा केटाकेटीलाई केही अभाव र अप्ठेरोसँग सम्झौता गरेर बाँच्नु पनि जिन्दगीको अर्को अनिवार्य पाटो हो भन्ने कुरा बुझ्ने मौका दिनुपर्छ भन्ने रूद्रको मान्यता सदैव पराजित भइरहेको थियो । पराजितभन्दा पनि त्यो त्यहाँ ढिम्किनै पाउँदैनथ्यो ।

यस्ता कुराहरूमा सम्झाउने बुझाउने कुरा पूरै निष्प्रभावी भएको थियो । हप्कीदप्कीको कुरा एक त रूद्रको मौलिक स्वभावभित्र पर्दैनथ्यो । दोस्रो कुरा, एकदुई पटक त्यो प्रयास गर्दा झन् बिस्फोटको स्थिति आएकोले त्यसबाट पनि ऊ हच्केको थियो । कतिपय अवस्थामा ऊ लाचार हुँदै सबै प्रकारका अपमान सहेर बसिदिन्थ्यो । पत्नी आफ्नो मान्यतामा टसमस गर्ने पक्षमा थिइनन् । घरमा पैसा नभए पनि उनी उधारो पाउन्जेल उधारो चलाउँथिन् । अनि सरसापट खोजेर भए पनि निर्धक्कसँग अगाडि बढ्थिन् । बाहिरबाट हेर्दा सब ठिकठाकै थियो । अधिकृतबाट बढुवा भएर हुलाकमै भए पनि रूद्र उपसचिव भएको थियो । उपसचिवकी श्रीमतीलाई दुईचार पैसा सरसापट र पसलमा उधारो नपत्याउने कारणै के थियो र । तर त्यो तिर्ने कुरामा भने श्रीमतीलाई कुनै मतलब हुँदैनथ्यो । दुईचार दिनपछि रूद्रलाई भने उधारो ल्याउने सम्भाव्य पसल र सरसापट पाउँने ठाउँतिर जान लाज लाग्थ्यो ।

यस्तै चल्दै थियो । केटाकेटीहरू बढ्दै गएपछि उनीहरूको स्वाभाविक र अस्वाभाविक खर्च बढ्दै गयो । बुढ्यौलीका कारण आफूहरूको स्वास्थ्योपचार खर्च पनि बढेर जाने नै भयो । अनि कहिलेकाहीं रूद्रले सोच्थ्यो– शुरू शुरूमा त उसलाई पनि काठमाडौंमा घडेरी किन्ने, घर बनाउने र निजी गाडी किन्ने दिनको प्रतिक्षामा छुँ जस्तो लाग्थ्यो । तर पछिल्ला दिनमा आएर आफ्नो जीवनकालमा त्यस्तो दिन नआउने कुरामा ऊ निश्चिन्त थियो । बरू जागिरे जीवनभरि आफूलाई व्यवस्थित गर्न नसक्दा कतै आफ्नो अधिकृत हुने योग्यता नै पुगेको थिएन कि जस्तो पो लाग्न थालेको थियो । साँच्चै भन्ने हो भने पैसा कमाउनेभन्दा जीवनको अर्को लक्ष्य केही छ भन्न पनि नमिल्ने र त्यही पैसाको अभावले पलपल तड्पिनुपर्ने एउटा अभिशप्त जिन्दगी बाँचिरहेको कुरामा उसलाई ठूलो पछुतो थियो । तर त्यसका निम्ति कहाँनेर गल्ती भयो उसले पटक्कै त्यसको भेउ पाउन सकिरहेको थिएन । पढाइ, जागिर, घरपरिवार, छोराछोरी सबै ठीकै त थिए । फेरि ती सबै आफैंले रोजेर र चाहेर गरेका कर्म थिए । उता साथीभाइहरू भन्ने गर्थे- 'रूद्र सरको जस्तो खर्च कटौती गर्न सके पो बचत बढ्छ ।'

त्यस्तैमा डेढवर्षअघि छोरीले प्रेम सम्बन्धलाई भागी विवाहमा परिणत गरेपछि

आमासँग भनिछे– 'उसले त्यसो नगरेको भए रूद्रलाई नै धेरै अप्ठेरो पर्थ्यो रे ।' त्यसको चार महिनापछि सहसचिवको पेन्सन पाउने गरी उसले अनिवार्य अवकाश पायो । त्यसपछिका दिनहरू रूद्रका निम्ति झन् अप्ठेरा हुन थाले । आफू सुहाउँदो अर्को जागिर नखोजेको त होइन तर पाइएन । मासिक तलबभन्दा पेन्सन थोरै हुनु स्वाभाविकै थियो । घरमा पैसा बचत हुने त कुरै भएन ऋण र सापटीको सूची लामै थियो । अभावलाई आधार बनाएर घरभित्रैबाट ऊमाथि पर्ने दबाब झन्झन् बलियो हुँदै गएको थियो । धेरैचोटि उसले सबै त्यागेर कतै आश्रमतिर गएर बस्नेबारे नसोचेको होइन । तर खै, किन हो मसक्कै आँटेर त्यसो गरिहाल्न पनि सकेन ।

छोराको उमेर कुनै इलम गरेर परिवारलाई आर्थिक सङ्कटबाट मुक्त गराउन सक्ने भैसकेको थियो । तर न उसको पढाइ राम्रो भयो न अर्थोपार्जनमा नै आफू लाग्नुपर्ने कुरा महसुस गर्न सक्यो । दैनिकजसो कचिङ्गल हुँदा आमाछोरा एकमुख भएर रूद्रलाई टोकस्थे । त्यसैबीच एकदिन छोराले आमाको समर्थनमा आफ्नो बिहेको प्रस्ताव राख्यो । अनि उसले समस्या समाधानको ठूलो उपाय पत्ता लगाएजस्तो गरेर यो पनि भन्यो कि, हजुरबाको सम्पत्तिमा नेपालको कानुनले नातिनातिनालाई हकदार बनाएको र मोटरबाटोका कारण गाउँको जग्गाको मूल्य पनि बढेकोले त्यो बेचेर बिहे खर्च जुटाउने ।

रूद्रलाई पनि छोराको प्रस्ताव उचितै लाग्यो । तर त्यसका निम्ति उसले जग्गा बेचेर भागबन्डा गर्ने हो भने औपचारिक रूपमै सबैजना अलग हुनुपर्ने अर्थात् श्रीमती र आफूबीच सम्बन्ध बिच्छेद गर्नुपर्ने सर्त राख्यो । श्रीमतीको माग आधा पेन्सनको थियो । रूद्रले सहजै त्यसलाई स्वीकारेपछि चौंतीस वर्षको तनावपूर्ण सम्बन्धको अन्त्य भयो । गाउँको जग्गा बेचेपछि केही छोरीलाई छुट्टाएर बाँकी तीन भाग लगाइयो । रूद्रको बाहेक अरू तीनजनाको पैसा लिएर छोरो काठमाडौंतिर लाग्यो ।

आज रूद्रका निम्ति जीवनको नयाँ शुरूवात शून्यबाट भएको अर्को दिन । घर भत्के पनि बारीको छेउमा रहेको खन्यूँको रूख र त्यसको तेस्रो हाँगो अझै उस्तै रहेछन् जसमाथि चढेर सानोमा ऊ मच्चिदै पिङ खेल्थ्यो । आज यतिका वर्षपछि त्यसैमा चढेर नमच्चिकनै शरीरलाई होइन मनलाई पिङ खेलाउन थाल्यो । अघिका यी सबै कुरा उसले सधैंका लागि बिर्सनलाई आज अन्तिम पटक सम्झेको भनी मनमनै घोषणा गर्‍यो र असाध्यै हलुङ्गो महसुस गर्‍यो ।

jibrajbhattarai7@gmail.com

# नियति

रवीन्द्र तिमसेना



सानैमा बाबु बितेपछि उसलाई आमाले पनि छाडेर गइन् । सानीमा पर्नेले हुर्काए पनि ऊ आठ वर्षको छँदा उनी पनि स्वर्गवास भइन् । त्यसपछि ऊ विरक्तिएर हिँड्न थाल्यो । गाउँमा कहिले कसैको भारी बोकिदिन्थ्यो त कहिले दाउरा चिरिदिन्थ्यो । त्यसबापत पाएको पैसा पनि जाँडरक्सी खाएर उडाउँथ्यो । दैनिकीको कुनै ठेगान नभएको ऊ धेरैजसो गुलेली लिएर चरा मार्दै हिँड्थ्यो ।

जथाभाबी चरा मार्दै हिँडेको देखेर वडाध्यक्षले उसलाई त्यसो नगर्न सम्झाए तर नानीदेखि लागेको बानी भएकाले उसले चरा मार्न छाडेन । वडाध्यक्ष स्वयम्ले एक पटक उसलाई आफ्नो घरमा लगेर थुने र आइन्दा चरा नमार्ने सर्तमा छाडिदिए । त्यसपछि पनि उसको व्यवहारमा सुधार नआएपछि वडाध्यक्षले मेयरसँग यो कुरा राखे । नगरपालिकाका अन्य प्रतिनिधिसँग लामो छलफलपछि मेयर र वडाध्यक्षले उसलाई पक्रन नगर प्रहरीलाई पठाए ।

नगर प्रहरीले उसलाई पक्राउ गरी गुलेली र मट्याङ्ग्रा जफत गर्‍यो र उसलाई चरा मारेको ठाउँ देखाउन आदेश दियो । ऊ बाटो देखाउन अघिअघि हिँड्यो । जङ्गलमा पुगेपछि मेयरको आदेशमुताबिक उसलाई 'इन्काउन्टर' गरियो र रगत लतपतिएको उसको लासमाथि अघि जफत गरिएका गुलेली र मट्याङ्ग्रा राखेर फोटो खिचियो ।

# रङ्गमञ्च



निलिमा पुन

यो रङ्गमञ्चमा अहिले
थरीथरी झन्डा छन्
थरीथरी नारा छन्
थरीथरी भाका छन्
थरीथरी ताल छन्
थरीथरी सुर छन्
आफैंले आफैंलाई सज्जन भन्दै
बयान गर्न व्यस्त छन्
कहिले नदेखेको मान्छेले
'बा' भन्दै ढोग्छन्
'आमा' भन्दै पाउ छुन्छन्
कान नसुन्नेलाई बोलाउँछन्
आँखा नदेख्नेलाई नमस्कार गर्छन्
देख्न, बोल्न, हिंड्न, चल्न नसके पनि
आफ्नै भोटमा गन्छन्
एकैछिन अँगालो हालेर
आँसु पनि झार्छन्
जनता कहिले पूर्व हेर्छन्
कहिले पश्चिम हेर्छन्
कहिले उत्तर हेर्छन्
कहिले दक्षिण हेर्छन्
चारैतिर जबर्जस्त

नमस्ते फर्काउन बाध्य छन्
कहिले यता फर्केर हजुर
कहिले उता फर्केर हजुर,
अनि यता पनि हुन्छ
उता पनि हुन्छ
टाउको हल्लाउँदा हल्लाउँदै दिन बित्छ
के गर्ने के नगर्ने सोच्दा सोच्दै रात बित्छ
मात्रै 'भोट' भन्ने शब्दले
देश हल्लिएको छ
मान्छेको मन खल्बलिएको छ
अधिकार भनौं कि, अवसर भनौं
यही मौकामा कसैको वर्तमान चलेको छ
कसैको भविष्य निश्चित बनेको छ
एकले अर्कोलाई सम्मान नगर्ने
आफूभन्दा राम्रो अरू नदेख्ने
यस्तो परिवेशमा देश बन्छ कसरी भन्ने ?
नोटले चल्ने भोटबाट समृद्धिको कल्पना कसरी गर्ने ?

# खोत्रो आदर्श



सुदर्शन अधिकारी

रामप्रसाद गाउँका लोकप्रिय समाजेवी थिए । उनी विभिन्न संघसंस्थामा नेतृत्व गर्ने चर्चित व्यक्तिका रूपमा चिनिएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वन उपभोक्ता समितिका अध्यक्षलगायतमा नेतृत्व गर्ने हक्की पहिचान बनाएका थिए उनले । गाउँमा एउटा गैरसरकारी संस्थाले बालश्रम हटाउने उद्देश्यले सम्पर्क कार्यालय पनि राखेका थियो । त्यो संस्थाको पनि उनी नै अध्यक्ष थिए ।

गाउँका विभिन्न कार्यक्रममा रामप्रसाद बालश्रमिक हटाउने हाम्रो पहिलो कार्य हो भनेर चर्को भाषण गर्थे । एक दिन त्यही गैरसरकारी संस्थाका दुई जना कर्मचारी अध्यक्ष रामप्रसादको घरमा कामविशेषले टुप्लुक्क आइपुगे । त्यसबेला नै दश वर्षे बालक सकिनसकी घाँसको भारी बोकेर पिँढीको डिलमा बिसाउँदै पसिना पुछ्न थाल्यो । त्यो दृश्य देखेर ती कर्मचारीहरूले रामप्रसादलाई प्रश्न गर्दै भने- 'उ को हो बाजे ?' उत्तरमा रामप्रसादले भने- 'उ मेरो घरमा काम गर्न बसेको केटा हो ।'

त्यो सुनेर उनीहरू आपसमा हेराहेर गर्न थाले । यता रामप्रसाद भने रातोपिरो अनुहार लगाई टाउको झुकाएर बसे ।

# अतृप्तका बीस बाछिटा



विष्णुप्रसाद आचार्य 'अतृप्त'

१.
सर्बत
जलेको आँत
मर्मत

२.
वसन्त
खुसीको स्रोत
अनन्त

३.
पीपल
मायाको छाया
शीतल

४.
धुपौरो
भुइँमा थाप
कचौरो

५.
विकास
पहरो फोरी
निकास

६.
धर्ममा
चित्तको वृत्ति
कर्ममा

७.
कागती
मुठीमा कसी
ज्यादती

८.
कलम
मनको बह
मलम

९.
बन्दामा
गँड्यौलो पऱ्यो
फन्दामा

१०.
ज्यालामा
आँसुको दह
प्यालामा

११.
धरामा
सिर्जन-पुष्प
गरामा

१२.
नानीमा
आगाको बिउ
पानीमा

१३.
चिराग
उज्यालो आभा
विराट

१४.
आरिस
मेवाको दाना
मरिच

१५.
बाछिटा
व्यञ्जना शक्ति
प्रकृति

१६.
रोदन
विचार बीज
निर्धन

१७.
संघर्ष
उत्कृष्ट सुख
अमर

१८.
औतारी
चुनावी चारो
चौतारी

१९.
जेटमा
रोटी र ढिंडो
पेटमा

२०.
खन्जर
जीवन-बाग
बन्जर

विदुर- ५, नुवाकोट, हालः तारकेश्वर- २, काठमाडौं ।

# सवारी साधनमा देवनागरी लिपिमा आधारित वर्णाक्षर र अङ्कहरू यथावत रहनु अनिवार्य



रामेश्वर राउत 'मातृदास'

यो संसारमा दुई तत्त्व – जीव र निर्जीव छन् । यी दुवै तत्त्वलाई मुखर गराउने दुर्लभ र अगम्य शक्ति र तत्व हो भाषा । भाषा भएन भने संसारमा भएका जीव र निर्जीवहरू मात्र हैन, भगवान् समेत मुखर हुन सक्नुहुन्न । यो चराचर जगत्का सम्पूर्ण वस्तुको अस्तित्व र महत्व बोध गराउने सामर्थ्य भाषाबाहेक अर्को शक्ति र ताकत आजसम्म अन्य तत्त्वहरूमा प्राप्त भएको छैन ।

१. लेख्य र कथ्य (साङ्केतिक) दुई रूपमा रहेका भाषाले मानव समाजलाई आजको विकसित, वैज्ञानिक, चेतनशील, जागरूक, सभ्य, सुसंस्कृत र समुन्नत अवस्थामा ल्याउन अत्यन्त प्रभावशाली भूमिका निर्वाह हुँदै आएको छ । मानव समाज बाहेकका अन्य पशुपन्छी र जन्तु –जनावरहरूको इतिहास, दर्शन, शास्त्र, संस्कार, संस्कृति र सभ्यता आदिका बारेमा स्वयं दस्तावेजीकृत र अभिलेख्य हुन सक्तैनन् । लेख्य –साक्ष्य प्रमाणयुक्त हुनका लागि लिपि र वर्णाक्षरहरूले सुशोभ्य भाषाको आवश्यकता अनिर्वाय हुन्छ । लिपि र वर्णाक्षरहरूले महिमामण्डित भाषा पाउनु मानव समाजका लागि अत्यन्त ठूलो सौभाग्य र महानतम् प्राप्ति हो । वर्तमान विश्वमा २३४ राष्ट्रहरू रहेका छन् । यी सबै राष्ट्रहरूले आफ्नो छुट्टै लिपि र वर्णाक्षरहरूले महिमामण्डित भाषा ज्यादै कम मुलुकहरूलाई मात्र प्राप्त भएको देखिन्छ । ज–जसको आफ्नो छुट्टै लिपि र वर्णाक्षरहरू छैन ती देशहरूले अरूको लिपि र वर्णाक्षरहरूबाट आफ्नो विधिव्यवहार चलाएको देखिन्छ । नेपाल संसारकै एघारौं (११) प्राचीन देशको रूपमा महिमामण्डित रहेको पाइन्छ । प्रागऐतिहासिक कालदेखि नै हामीहरूले आफ्नै लिपि र वर्णाक्षरहरू समेतको भाषामा आफ्नो अभिव्यक्ति अभिलेखीकृत गर्न पाएका छौं ।

२. तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नेपालमा एक सय छब्बीस (१२६) मूल जाति र एक सय सत्ताइस (१२७) भाषाहरू रहेको देखिन्छ । विश्वका भीमकाय भूगोल समेटेर बसेका देशहरूको दाँजोमा संसारकै एक्काइसौं मानाङ्कमा रहेको

नेपालको भूगोलभित्र एक सय छब्बीस (१२६) जाति र एक सय सत्ताइस (१२७) भाषमा बिस्तारित साहित्य, कला, संस्कृति, रीतिरिवाज, प्रथा र परम्पराहरूबाट महिमामण्डित हुनु आफैंमा बोधको विषय भएको छ ।

३. यी उल्लेखित सम्पूर्ण भाषा, साहित्य, कला, संस्कार, संस्कृति र परम्पराहरूलाई अवलम्बन गर्ने जगका रूपमा रहेको -

(क) रञ्जना (भूजिमूल) लिपि

(ख) श्रीजङ्गा लिपि र

(ग) देवनागरी लिपिमध्ये रञ्जना (भुजिमूल) र श्रीजङ्गा लिपि लगभग विष्मृतिको गर्तमा पुगिसकेको देखिन्छ । आज हाम्रो देशभित्र भएका सम्पूर्ण जातिहरूको अस्तित्व बोध गराउने भाषा, साहित्य, कला, संस्कार, संस्कृति, रीतिरिवाज, प्रथा र परम्पराहरूलाई आलम्बन र अस्तित्व बोध गराउने एक मात्र देवनागरी लिपि रहेको दिनको घाम झैँ छर्लङ्ग छ । देवनागरी लिपि र चौसट्ठी वर्णाक्षर अङ्कहरूको अभावमा -संस्कृत, नेपाली, हिन्दी, भोजपुरी, मैथिली, अवधी, पालि आदि भाषाहरूको अस्तित्व एकमुस्ट रूपमा समाप्त हुने निश्चित छ ।

४. लेख्य भाषा समाप्त हुनु भनेको कुनै पनि जातिको संस्कार, संस्कृति, रीतिरिवाज, परम्परा, सभ्यता आदि सम्पूर्ण अस्तित्वशाली तत्त्वहरूबाट वञ्चित हुनु र बनाउनु हो । लेख्य - साक्ष्य प्रमाण समाप्त भएपछि मानव समाज 'गोपीकृष्ण को' अर्थात् आफ्नो मौलिक अस्तित्व र महत्त्वविहीन बन्छ । लेख्य साक्ष्य प्रमाणबाट वञ्चित भएपछि मानव समाज पशुपन्छी र जन्तुजनावरमा परिणत हुने निश्चित छ ।

५. फ्रेन्च, रसियन, डच, चाइनिज, रोमन (अंग्रेजी), हेब्रु, अरबी, खान्जी, जोङ्खा, बाङ्गला, नेपाली, संस्कृत, हिन्दी, उर्दू, आदि भाषाहरूबाट संसार चलायमान छ । यो संसारमा भएका सबै भाषाहरूको लिपि र वर्णाक्षरहरूमध्ये संस्कृत, नेपाली एवं हिन्दी भाषाले अवलम्बन गर्दै आएको देवनागरी लिपिलाई यो सृष्टिकै सर्वोत्कृष्ट लिपि र यस लिपिमा आधारित भएका ६४ (चौंसट्ठी वर्णाक्षर अङ्कहरू) लाई सर्वगुण सम्पन्न वर्णाक्षरहरूको स्थानमा राखिएको पाइन्छ । यसो हुनुको मूल कारण यही देवनागरी लिपि र वर्णाक्षरहरूले धरतीमा वेदलाई अवतरण गराएको पाइन्छ र यस लिपिमा आधारित ६४ वर्णाक्षरहरू ध्वनि विज्ञानसँग अभिन्न र अन्योन्याश्रित भएको देखिन्छ । जस्तो - हामी सम्पूर्ण मानवहरू प्राण, अपान, व्यान, उदान र समान पाँचवटा वायुबाट जीवित छौं । यसको मूल मरूदगणलाई मानिएको छ । यही वायुको ध्वनिसँग देवनागरी लिपिमा भएका - स्वरवर्णका स्रोह वटा ( १६) वर्णहरू - अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं, अः

व्यञ्जन वर्णका छत्तीस (३६) वटा वर्णहरू : क, ख, ग, घ, ङ । च, छ, ज, झ, ञ । ट, ठ, ड, ढ, ण । त, थ, द, ध, न । प, फ, ब, भ, म । य र ल व श । ष, स, ह, क्ष, त्र, ज्ञ ।

र ब्राहखरीका ब्राहवटा (१२) अक्षरहरू क, का, कि, की, कु, कू, के, कै, को, कौ, कं, कः समेत ६४ वटा वर्णाक्षरहरूलाई सर्वगुणसम्पन्न वर्णाक्षरहरूसहितको नेपाली भाषालाई सर्वगुणसम्पन्न वर्णाक्षर भएको भाषा मानिएको छ ।

६. 'इम्बोस्ड' को शाब्दिक अर्थ केही फुलाउने, केही उक्साउनु र भएको आकारभन्दा केही माथि उठाउनु भन्ने हुन्छ । पुराना तस्वीरहरू लगायत यो संसारमा भएका सम्पूर्ण लिपिमा भएका वर्णाक्षरहरूलाई 'इम्बोस्ड' अर्थात् फुलाउन उक्साउन मिल्ने र सक्ने तथ्यगत वास्तविकतालाई पन्छाएर 'इम्बोस्ड' को आवरणमा हाम्रो भाषाका वर्णाक्षरहरूलाई यसपछि लेख्न, देख्न र प्रयोग गर्न नपाउने गरी पासोमा पार्ने, जालमा हाल्ने अर्थात् (Ambushed) प्रपञ्चमा भुलाएर मौजुदा नेपालको संविधान २०७२ को धारा १(१), धारा ७(१), धारा २८, धारा ३२ (२), धारा २७४ (१) देखि ( १०) सम्मको विपरीत र वर्खिलाप भएको हुँदा यस्तो गैरकानुनी, असंवैधानिक, भाषाघाती कार्य हामी सार्वभौमसत्ता सम्पन्न नेपाल र नेपालीहरूका लागि मान्य र स्वीकार्य नभएको र नहुने निश्चित छ । संयुक्त राष्ट्रसंघको बडापत्रको समेत विपरीतको कार्य हुने हुँदा हाम्रो देशका सम्पूर्ण सवारीका साधनहरूमा जोरजबरजस्ती राखिएको असंवैधानिक 'इम्बोस्ड नम्बर प्लेट' लाई यथाशीघ्र रद्द र बन्द गरेर मौजुदा संविधान अनुकूलको देवनागरी लिपि-वर्णाक्षर र अङ्कहरूलाई नै यथावत कायम गरिनु अनिवार्य हुन्छ ।

यो असंवैधानिक 'इम्बोस्ड' ले पारिराखेको र पार्ने दीर्घकालीन असर र क्षति

७. (क) हाल हाम्रो सवारी साधनहरूमा प्रयोग भएको 'इम्बोस्ड' आवरणले सार्वभौम सत्ता सम्पन्न नेपाल र सम्पूर्ण नेपालीहरूको नैसर्गिक, भाषिक र गोपनियताको हकमाथि गम्भीर र दीर्घकालीन घात र क्षति पुगिराखेको छ ।

(ख) सवारीका साधनहरूमा सङ्ख्यापाटी (नम्बर प्लेट) लेखेर आफ्नो पेशा -व्यवसाय चलाएर जीविकोपार्जन गरिराखेका देशभरिका कलाकारहरूको पेशा व्यवसायलाई पूर्णतः विस्थापित र बेरोजगार बनाएको छ ।

(ग) नेपाली नागरिकहरूले सामान्य मूल्यमा बनाइराखेका सवारी साधनमा प्रयोग हुने सङ्ख्यापाटी (इम्बोस्ड नम्बर प्लेट) को नाममा अत्यधिक मूल्य तिर्न बाध्य र विवश बनाइएको छ र भविष्यमा यो मूल्य अरू वृद्धि हुने निश्चित छ ।

(घ) नागरिकहरूले तिरेको शुल्क आफ्नै देशको राज्यकोषमा भन्दा विदेशमा जाने र आर्थिक भार भने निरन्तर रूपमा नेपाल र नेपाली नागरिकहरूले गैरकानुनी एवं

असंवैधानिक रूपमा तिरिरहनुपर्ने बाध्यात्मक विवशता उत्पन्न गराएको छ ।

(ङ) आफ्नै भाषाको लिपि, वर्णाक्षरहरू र अङ्कहरू हाम्रा सवारी साधनहरूबाट सधैका लागि हट्ने र हाम्रै देशका नागरिकहरूले यसपछि लेख्न, देख्न र प्रयोग गर्नबाट सधैंका लागि वञ्चित बनाएको छ ।

(च) 'इम्बोस्ड' को शाब्दिक अर्थ केही फुलाउनु, उक्साउनु र प्रस्ट पार्नु मात्र भएको र संसारका सबै लिपिमा भएका भषाको वर्णाक्षर र अङ्कहरूलाई ' इम्बोस्ड' गर्न सहजतापूर्वक सम्भव हुने यथार्थतालाई गुमराहमा राखेर आफ्नै देशका नागरिकहरूलाई आफ्नै दशको सरकारले मौजुदा ऐन, कानुन र संविधान विपरीतको कार्य गर्न गराउन बाध्य र विवश पार्न नमिल्ने र भाषाको लिपि, वर्णाक्षरहरू नै गायब वा विस्थापित गर्ने कार्य संयुक्त राष्ट्रसंघको बडापत्रको समेत विपरीत हुने हुँदा' हाम्रा सवारी साधनहरूमा हाम्रै भाषाको देवनागरी लिपिमा आधारित वर्णाक्षर र अङ्कहरू नै यथावत कायम हुन वाञ्छनीय देखिन्छ ।

(६) 'इम्वोस्ड' प्रविधि प्रयोगपश्चात् हाम्रा सम्पूर्ण सवारी साधनहरूलाई नियन्त्रण, नियमन र संयोजन गर्ने प्रविधि हाम्रै देशका सुरक्षा निकायहरू – नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गुप्तचर निकायहरूसँग अनिवार्य रूपमा हुनुपर्नेमा यी कुनै पनि आधारभूत संरचनाहरूको तयारी र पूर्वाधार समेतको व्यवस्था नगरीकन केवल हाम्रो नैसर्गिक, भाषिक र गोपनीयताको संवैधानिक हक माथि गम्भीर र दीर्घकालीन घात पुग्ने र गर्ने प्रष्ट देखिएको हुँदा सार्वभौमसत्ता सम्पन्न नेपाल र नेपालीहरूको गोपनीयताको हक रक्षा र भाषिक अधिकार कायम हुन अनिवार्य भएको देखिँदा हाम्रा सवारीका साधनहरूमा हाम्रै भाषाको वर्णाक्षर र अङ्कहरू यथावत कायम हुनु नै संविधानसम्मत हुन्छ ।

रारामा

वशिष्ठधाम, निर्भर दिलचेता, सिन्धुवस्ती

# भूकम्प



**सुधीर ढुङ्गेल**

मानवीय विसङ्गतिको पराकाष्ठामा
एउटा विषम समय आएछ
कहिले हल्लाएर
कहिले उफारेर
कहिले बम बारूदको आवाजमा
साँच्चै प्रलयको सङ्घार
कैयौं आत्माहरूलाई अशान्त बनाएर कैयौं भूकम्पहरू

कति निर्दोष थिए होलान् ती आत्माहरू
चिच्याहटमा आफ्ना आत्मीयहरूसँग बिछोडको समयमा
विलीन आँसुहरूमा प्रकृतिको ताण्डव झरीले
कठोर चट्टानहरू मैन बनेर, पहाडहरूको मलिलोमा
बस्तीहरू जिजीविषामा शरणार्थीको अस्तित्व
खोजीमा भौंतारिइरहेछन्
त्यसैले,
हरियालीसँग आजकल मितेरी खेल्ने हिमालहरूमा
बिहानीको घामको प्रतिविम्ब हुँदैनन् रे
कोइलीका स्वरहरूलाई काला कौवाको कडकलामा
धावा बोल्दै
फेरि अर्को भूकम्प
जीवन साट्ने त्यही ढुङ्गा माटाहरूमा देशको अस्तित्व
केवल कुनै भित्ताको कुनामा साट्ने
तस्विरको मालामा झुन्डिएर मुस्कुराइ रहनेछन्

अब कहाँ खोज्ने मेरा प्रकृति सुधा मनहरू
किन बन्दैछ निर्दयी भूकम्प गरिबहरूसँग
गरिबी साट्न कैयौं भूकम्पहरू ।

# उसको मृत्यु



मनु वि.क.

साउन महिना हो । हिजो अस्ति बेस्मारी झरी लागिरहेको थियो तर आज भने केही समय झरी र केही समय आकाश फारिरहेको छ । आज आकाश केही समयका लागि फारिरहेको अवस्थामा काम खोज्न नजाने हो भने गोरबहादुरको ५ जनाको परिवार भोकै सुत्नुपर्छ । आफूहरू बूढाबूढी र आठ वर्षभन्दा मुनिका ३ जना छोराछोरी भोकै सुत्नुपर्ने भनेको निकै दर्दनाक कुरा हो । तर के गर्नु गोरबहादुरको परिवारमा भोकै सुत्नु सामान्य जस्तै भएको छ । गोरबहादुरकी जहान तीन जना छोराछोरी मात्र पाएकी भए पनि, भर्खर ३० वर्ष उमेरकी भए पनि ५० वर्षकी बूढीजस्तै देखिन्छिन् ।

आज अलिकता घाम लाग्न थालेकाले गोरबहादुरले मनमा पनि अलिकता घाम लाग्छ कि भन्ने आशा लिएको छ । र कामको खोजीमा सडक बाहिरतिर नाम्लो कम्मरमा बाँधेर निस्किएको छ । गोरबहादुर घरबाट निस्किएपछि उसको बूढी अलिकता खुसी छ, किनकि आज केही हुन्छ कि, बूढा बाहिर गएका छन् केही लिएर आउँछन् कि भनेर । हुन त गोरबहादुर काम पाएमा नगर्ने मान्छे होइनन् । पाएमा त काम गरिहाल्छन् । कैयौं दिन काम गरेको दिनमा पनि काम गराउने वालाले ज्याला नदिएर खाली हात पनि फर्किएका छन् गोरबहादुर । कैयौं दिन ज्याला पाए पनि पाउनु पर्ने बराबर नपाएर फर्किएका छन् । मान्छेको जात न हो, अलिकता भए पनि नदिने हो भने आफ्नै भागमा राख्न पाइन्छ । यताउताबाट एक एक गरी नदिने हो भने त्यो पनि धेरै नै हुन्छ । कसैले भैकन पनि दिन चाहँदैनन् । कसैले बहाना बनाउँछन् त कसैको त्यस दिनमा हुँदै नहुने पनि हुन्छ । यी सबै कुराको मारमा आखिर त गोरबहादुर नै पर्छन् । आज पनि गोरबहादुर आशा र निराशाको बीचमा बाटामा हिंडेका छन् । उसको हातमा नाम्लो छ । उ आज भरियाको काम पाउँछु कि भनेर घरबाट हिंडेको हो । बीच बाटामै एउटा पसलमा पुगेर २ घण्टा उभिए कसैले पनि सामान बोकाउन चाहेनन् । पसलमा भीड लाग्दा अलिकता आशा मानेर त्यही हेरिरहन्थे तर कसैले उनको आवश्यकता महसुस गरेनन् ।

उनी घरबाट ११ बजेतिर निस्केका तर १ बज्दासम्म पनि काम पाउने कुनै आशा रहेन । जुन पसल अगाडि उभिए, त्यो पसलमा काम भएन भनेर अर्को पसलमा

गएर फेरि उभिए । त्यहाँ पनि लामो समयसम्म उभिँदा पनि कसैले सामान बोकाउन खोजेनन् । उनलाई पीर पऱ्यो अब खाली हात घरमा गएँ भने मेरो बच्चाहरूको आँखाभरि आँसु आँसु हुने भयो । म बाँचेको र मरेको कुनै सार नहुने भयो, भन्ने मनमा खेलाउँदै प्याक प्याक मुख बनाउँदै बसिरहेका थिए । त्यही बेला एक जनाले 'चामलको बोरा बोकिदिनु पऱ्यो दाइ' भन्दै अनुरोध गर्न आयो । त्यो अधबैंसे मान्छेको मुखबाट त्यो कुरा झर्न नपाउँदै गोरबहादुर चामलको बोरा समाउन गइहाले । तर उसले पनि पैसा कति हो भनेर सोध्यो । उसले मैले ५० रू दिन्छु भन्यो । रू. ५० ले आजको जमानामा के हुन्छ र भाइ । एक बोरा बोकेको सय रू त दिनु न । तर ५० रू मात्रै छ त्यही दिन्छु भन्दै हातकै पैसा देखायो । गोरबहादुर अलमल्ल परे । नबोकौं भने त्यहीँ पनि फुत्किइ जाने बोकौं भने आफू सिधै ठगिएको छ । तर विचार गऱ्यो थाप्लामा लगाइसकेको नाम्लो किन छुटाउने हो, यतिमै भए पनि बोकिदिन्छु । गोरबहादुरले मन मनै विचार गऱ्यो र विचारसँगै जुरूक्क बोरा बोकेर उठिहाल्यो ।

बोरा लिएर सरासर त्यो अधबैंसे पुरूषको घरतिर लाग्यो । बीचबीचमा गोरबहादुर बोल्यो यति टाढा रहेछ, जम्मा त्यति रू दिन्छु भन्या छ, अलिकता बढाउनु है । तर अधबैंसेले निकै शानका साथ भन्यो- 'टाढा भएर त बोक्न भनेको नत्र त आफैं बोक्ने थिएँ ।' उनले घरको ढोकैनिर लगेर चामलको बोरा राखिदिए । रू. ५० हातमा लिए । थप बोल्ने मन हुँदाहुँदै पनि बोलेर केही फाइदा हुने नदेखी सुरूसुरू आफ्नै बाटो लागे । अब फेरि अर्को पसलमा जान्छु भनेर मनमनै सोच्दै थिए तर उनको सानो नोकिया मोबाइलमा टिङटिङ घण्टी बज्यो । यसो हेऱ्यो पढ्न जान्ने कुरा थिएन । घण्टी धेरैचोटि बज्यो । अब उठाउनै पऱ्यो भन्ने सोच्यो र किटिक्क उठाउने बटन दबायो । उताबाट आवाज आयो- 'हेलो ! म हर्के, तिमी कहाँ हो ? झट्टै पशुपति आर्यघाटमा आऊ ।' गोरबहादुरले आवाज चिनिहाल्यो हर्के निकै हतारमा छ, के भयो ? भन्ने मनमा लाग्यो उसको मन भन्दा छिटो मुटु चल्यो । भर्खरै भारी बोकेको ज्यालाबापत लिएको ५० रू पनि त्यही मुटुको चालसँगै गोजीमा उचालिइरहेको थियो । अब गोरबहादुरलाई आपत पऱ्यो । काम पाइन्छ कि अझै भनेर बसिरहेको बेलामा हर्केको आर्यघाट आऊ भन्ने फोनले उसलाई नराम्ररी झस्कायो । उसले फेरि फोन गर्न चाहेको थियो तर उसको मोबाइलमा ब्यालेन्स सकिएर एकतर्फी मात्रै भएको थियो । उ नाम्लो कम्मरमा बाँधेर ठमेलबाट हुत्तियो आर्यघाटतिर । उ हिँडेरै आर्यघाट पुग्यो ।

त्यहाँ मान्छेहरू जलिरहेका थिए । कुनै चितामा भर्खर चढाइएका आगो लगाउन बाँकी भएका थिए भने कोही ब्रह्मनालमा सुताइएका थिए । उसले घाटमा हेर्दै गयो जाँदा हर्के र उसका आफन्तीका सानो झुण्ड शोकाकुल अवस्थामा भेट्यो । हर्केले गोरबहादुरलाई देख्नेबित्तिकै चिनिहाल्यो । उसैको जहान पानमतीको लाश पल्टिरहेको थियो । हर्केले गोरबहादुरलाई भन्यो- 'यस्तै भयो गोरबहादुर नसोचेको

भयो । आजै राँडो हुनुपर्ला भनेर सोचेको पनि थिइनँ । छोराछोरी माउबिनाको चल्ला होलान् भन्ने सोचेको थिइनँ । नसोचेको भयो भन्दै डाँको छोड्यो । गोरबहादुरको छाती चिरा चिरा भयो । उता हर्केको जेठी छोरी आठ वर्षकी बच्ची 'आमा हौ' भन्दै अलाप विलाप गरिरहेकी थिइन् र फलाक्दै थिइन– 'मेरी प्यारी आमालाई किन लगिस् नि । मेरी आमा मरेकी हैनन् उठ न आमा उठ । तपाईंले न त औषधी देख्न पाउनुभयो, न त डाक्टर भेट्न पाउनुभयो । बाबाले ' उपचार गर्छु तिमीलाई' भन्दाभन्दै कहिल्यै पनि पैसा पुगेन । हाम्रो आफ्नो डाक्टर थिएनन् । हाम्रो आफ्नो औषधी थिएन । तपाईंलाई बचाउन सकिएन, बाबाले काम गरेको जति हामीले खानै ठिक्क भयो, मेरी आमा तपाईंलाई के भयो नि ।' सानी बच्चीको रूवाइ सुनेर घाटमा आएका अरू मलामीहरूको पनि मन थामिएको थिएन गोरबहादुरको आँखाबाट पनि तपतप आँसु झरे । घाटका कर्मचारीले लाश जलाउने चिता तयार पारे, लाशलाई चितामा चढाए । हर्के, उसको छोरी, गोरबहादुर र अन्य मलामीले हर्केको श्रीमतीको लाश चितामा चढाए । चढाउँदा लासको छाती नराम्ररी सुन्निएको थियो । गोरबहादुरले के भएर मर्‍यो होला ? भनेर मनमा चिन्ता लिइरह्यो ।

चितामा दागबत्ती हर्केले दियो । चिता जलिरह्यो । पूरै खरानी नहुँदासम्म छोरी एकापट्टि रोइरही । हर्के र गोरबहादुरले लाशबाट आगोको फिलिङ्गाहरू एक एक गर्दै लाशबाट झरेको हेरिरहे । आखिर झण्डै २ घण्टामा हर्केको श्रीमतीको शरीर खरानी भयो । हेर्दाहेर्दै हर्केको श्रीमतीको अस्तित्व सकियो । हर्के, गोरबहादुर, छोरी र मलामीहरूलाई घर फर्कन अबेर भइसकेको थियो । हर्केले फर्कने बेलामा श्रीमतीको अस्तु लिने विचार गर्‍यो तर अस्तु हाल्ने भाँडा किन्नको लागि उसँग पैसा सकिएको थियो । अर्को एक जना मलामीले भाँडो किन्न मद्दत गरे । अस्तु लिएर घाटका कर्मचारीले दिए । अस्तु बागमतीमा बगाए । रात अँध्यारो भइसकेको थियो । अरू मलामीहरू एक एक गरी सकिँदै थिए । गोरबहादुर पनि हिँड्न छटपटाउँदै थियो । तर साथीको अगाडि हताशपनलाई लुकाइरहेको थियो । हर्केले 'जाउँ मेरो डेरा' मा भन्यो । गोरबहादुरले 'नाइँ' भन्न सकेन, उसँगै गयो । डेरा निकै उराठलाग्दो एक्लो थियो । हर्केकी श्रीमती सुतेको पुरानो चारखुट्टे खाट खाली बसिरहेको थियो । भित्र पसेर हर्केलाई अलिकता सान्त्वना दिने कोसिस गोरबहादुरले गर्‍यो । उसको छोरीका आँखा पूरै सुन्निएका थिए । बाबा अब के गर्ने ? भनेर हर्केलाई सोधिरहेकी थिई । हर्केको बोली फुटिरहेको थिएन ।

गोरबहादुरले सोध्यो 'के भएको थियो ?', मलाई त भनेका पनि थिएनौ । फेरि सान्त्वना दिँदै थप्यो– 'एकैचोटि यस्तो घटना हुनु निकै दुःखद छ, मर्ने त मरे, मर्नेले त आफ्नो दुःख लुकाए, दुःख त बाँच्नेलाई हो हर्के, अब तिम्रो काँधमा झनै ठूलो जिम्मेवारी थपिएको छ, चिन्ता र निराशा त लाग्ने नै भयो तर के गर्ने ? बाँच्नेले पछाडि हेरेर सुर्ताएर हुँदैन अगाडि पाइला चाल्नुपर्छ ।' गोरबहादुरको यो

कुरा सुनेर हर्केले आँखाभरि आँसु पार्दै भन्यो 'दुई वर्षदेखि छाती दुखेको कुरा गरिरहेकी थिई, मैले औषधी उपचार गर्छु भन्दाभन्दै उपचारमा लैजान सकिनँ । के गर्नु ! के भएको हो भन्नेसम्म पत्ता लगाउन सकिनँ । जहिले पनि म मर्छु अब भनेर सुनाइरहन्थी । के भयो के ? थाहै नपाएर उसले छोडी । के भयो होला भनेर रोग पत्ता लगाउन पनि धेरै पैसा लाग्ने हामी जस्ता गरिबलाई कहाँबाट त्यत्रो पैसा आउँछ र ? मेरो लागि त सबै अस्पताल र डाक्टरहरू नै मरेसरि भएको छ गोरबहादुर ! गोरबहादुर झनै भावुक भयो । उसले आफ्नो साथी हर्के र उसकी छोरीलाई डेरामा छोडेर घर जाने विचार गऱ्यो । हर्केले 'बस यहीँ' भन्दै थियो तर गोरबहादुरले 'भोलि फेरि भेटौंला' भन्दै हर्केसँग बिदा भएर हिँड्यो । गोरबहादुर अलि पर पुगेर रू. ५० को १ किलो चामल किन्यो र फटाफट घर गयो ।

घर पुग्दा उसकी श्रीमती ढोकामा उभिइरहेकी थिई । सानी छोरी निदाइसकेकी थिई भने दुई जना बच्चाहरू एक आपसमा उफ्रँदै र खेल्दै थिए । कम्मरमा बाँधेको नाम्लो कम्मरमै थियो । ढोकामा उभिएकी आफ्नी श्रीमतीलाई १ किलो चामलको पोका हातमा राखिदिँदै उसले हात खुट्टा, मुख धुन थाल्यो । श्रीमतीले १ किलो चामल भित्र पुऱ्याई । दुई जना छोराछोरी बाबा आए भन्दै उफ्रिए । तर गोरबहादुरको अनुहार मलिन थियो । श्रीमतीले छिटोछिटो भात पकाई । तर तरकारी थिएन । भातमै नुन, बेसार र पानी हाली भात दाल, तरकारी भयो । केटाकेटीले मीठो मानीमानी खाए तर गोरबहादुरलाई श्रीमतीले खान बोलाए पनि उसले खान मानेन । श्रीमतीले सोधी 'किन नमानेको ? आज कसले के खान दियो र तपाईंलाई ?' गोरबहादुरले श्रीमतीलाई सबै कुरा सुनायो हर्केको जहानको कुरा, हर्केको कुरा सबै सुनिसकेपछि गोरबहादुरकी श्रीमती पनि आँखाभरि आँसु पारी दुई जना केटाकेटीले खाएर सुते । कान्छालाई गोरबहादुरको श्रीमतीले उठाएर खुवाई । गोरबहादुर भुइँमा बिछ्याएको म्याटमा पल्टियो र उत्तिखेरै घ्वार घ्वार निदायो ।

गोरबहादुरकी श्रीमतीले आँखाभरि आँसुसित केही चम्चा दाल, भात, तरकारी खाई र कान्छोलाई थम्थमाउँदै गोरबहादुरको छेउमा निदाउन आँखा म्याल म्याल पार्दै थिई, त्यही बेला गोरबहादुर सपनामा बर्बरायो । 'अस्पताल लान पाएको भए हर्केको श्रीमती बाँच्ने थिइन्, हर्केको कमाइले साँझ बिहान टार्दै ठिक्क भयो । उपचार गर्न सकेन, अस्पतालको ढोका नै उसको लागि बन्द भयो, पैसा नभएपछि त्यसै मर्छन गरिबहरू ।' गोरबहादुर बरबराएको सुनेर उसकी श्रीमतीले गोरबहादुरलाई धक्का दिएर हलचल गराई । गोरबहादुर राता आँखा पार्दै श्रीमतीलाई हेऱ्यो र फेरि अर्कापट्टि फर्किएर निदायो । गोरबहादुरको श्रीमतीको आँखा रातभरि ट्वाल्ल परिरहे ।

# आसन



प्रकाश आचार्य

उसको विगत
लिखुरे काठका राम्रा बलिया टुक्रा
बर्म रन्दा र करौंती प्रयोग गरी सिकर्मीले
साधारण कपडाले फोमलाई मोहोरेर
पछाडि ढाडमा अडेस्ने राखेर चारपाटे बनायो कुर्सी

उसका चारै हात खुट्टा सुकेनास लागे झैं खिरिला
तालु सबैले समातेर घिसार्दा तान्दा
देखियो खुइलेर भित्री गिदीसमेत
हातहरू कहिल्यै ननुहाएर मयल कटकटिएका
जुत्तै नभएर पैतालो कापा हिलोले खाएको जस्तो
जोर्नी चरचर कराउने ।

आज भोलि,
आयातित धागो राखेर बुट्टा टाँस्दै मेसिनले खुट्दै
मुलायम छाला मखमलले मोरेर
लचकदार गद्दावाल छ

गाला पुक्क परेको जस्तो
बाक्लो शरीर
खुट्टा सुजाएजस्तो

सलक्क र मुलायम छ
खुट्टा मोटा बाघमुखे सुनौला
हिरा जडित

ऊ मन मनै सम्झन्छ,
कोही छैन म बराबर म अग्रभागमा
मेरो पछाडि सबै
खिरिलो छँदाको विगत म सबैका पछाडि

'भित्र भित्रै कोक्किएर हाँस्छ'
विचरा निम्छराहरू
हि हि हि हि हि

हो,
उसका पछाडि सबै ऊ अग्रभागमा
प्रतिस्पर्धी छैन प्रथम छ ऊ
पछाडिको कसैले देख्दैन उसलाई
न ऊ पछाडि फर्केर हेर्छ

किनकि त्यो आसनमा
नेताज्यू राज होइबक्सन्छ ।
किनकि त्यो आसनमा
नेताज्यू राज होइबक्सन्छ ।

# पाँच मुक्तक



मन्दा पौडेल

### मुक्तक १

स्वार्थ पूरा नहुन्जेल नेता, जनताकै भर पर्छु भन्छन्
निर्लज्ज खाँदै झुटो कसम, देशकै लागि मर्छु भन्छन्
ओहदामा पुगेपछि, भुल्दै आफ्नो काम, कर्तव्य
देशलाई खण्डहर पार्दै, विकासको बीज छर्छु भन्छन् ।

### मुक्तक २

विनाश मात्रै गर्ने होइन, दिगो विकासको जग हालिदेऊ
गरिबको गाँस खोस्ने होइन, साँझ–बिहान चुलो बालिदेऊ
पद, पहुँच,र पैसाको मातमा, खोक्रो रवाफ देखाउनु भन्दा
ए नेता ज्यू ! देश रोयो सिमानामा, उचित कदम चालिदेऊ ।

### मुक्तक ३

भित्र एउटा बाहिर अर्कै, सधैँ छारो छर्न खोज्छौँ
'जता ढल्को उता मल्को' भनेजस्तै गर्न खोज्छौँ
सोच्ने बेला आएको छ, कस्तो संस्कार सिक्दैछौँ हामी
निमोठेर सिर्जनालाई, पत्थरमा प्राण भर्न खोज्छौँ ।

**मुक्तक ४**

तेरो-मेरो, उच-निच भन्दै, कति दाह्रा किट्छौ मूर्ख
रगत एउटै अछुत भन्दै,किन छिटो छिट्छौ मूर्ख
कोल्टे फेऱ्यो संसारले जातभातमै अल्झेर अझै
बोकेर सोच दुई कौडीको, कति छाती पिट्छौ मूर्ख ?

**मुक्तक ५**

बल्झिरहने घाउ भागमा छोडी, पराईले खुसी हरेपछि
मरूभूमि झैँ भएको छ जीवन, प्रेम करूणा मरेपछि
न चाहिँदो रहेछ तातो झिर, न चाहिने तिखा काँडा,
फूलले पनि चिथोर्दो रहेछ मनमा चोट परेपछि ।

तारकेश्वर गा.पा.-०१, नुवाकोट
हाल धापासी, काठमाडौं ।

# जागिरे पर्यटक म



**शारदादेवी पोखरेल भट्टराई**

नेपालको गोरखा जिल्लामा पर्ने मनकामना मन्दिर प्रसिद्ध तीर्थस्थलमध्ये एक हो । यसलाई महत्वपूर्ण पर्यटकीयस्थलको रूपमा लिइन्छ । यस ठाउँबाट दक्षिणतिर महाभारत लेक, छिम्केश्वरी डाँडाको साथै उत्तरी भागमा अन्नपूर्ण र मनास्लु हिमालका चुचुराहरू देख्न सकिन्छ । मनकामना मन्दिर दर्शन गर्न पैदल यात्रा गर्न चाहनेले तनहुँ जिल्लाको आँबुखैरेनीबाट करिब ४ घण्टाको उकालो हिँडेर पुग्न सकिन्छ भने केवलकारको साधन प्रयोग गर्न चाहनेले चितवन जिल्लाको कुरिनटारबाट करिब १० मिनेटमा माथि मन्दिरसम्म पुग्न सकिन्छ ।

नेपाल विद्युत प्राधिकरणमा जागिरे भएदेखि पहिलो पटक पर्यटन बिदा लिएर परिवारसँग घुम्न जान पाउनुको आनन्द छुट्टै थियो मलाई । खुसी आफूबाट नै ल्याउने हो । करोडौँ कमाउने, धेरै घर जग्गा भएको मानिसमा पनि आनन्दित र खुसी देखिदनँ म आजभोलि । त्यसैले मलाई भत्ता भन्दा पनि मनको सत्ता टिकाउनुपर्छ भन्ने लाग्छ, जुन टिकाउले धन, सम्पत्ती, ऐश, आराम, धेरै, थोरै, सानो, ठूलो जति पनि भौतिक वस्तु क्षणिक हुन् । सबै नाशवान् छन् । केही समय आउँछ पछि हराउदै जान्छ भन्ने कुराको आत्मबोध गराउँछ । जसको कारण व्यक्तिले आफूलाई निडर र मनोवल उच्च बनाई चिन्ने मौका पाउँछ । तसर्थ तलब र बिदा नकाटिने पर्यटन बिदा पाउनु नै ठूलो कुरा थियो मेरा लागि ।

मदेखि मसम्मको यात्रा हो जगत् ऊर्जा तर हामीले जीवन ऊर्जा नै बुझेका छैनौँ कसरी बुझ्न सक्छौँ होला र संसार, किन मान्छे अरूलाई मात्र बुझ्न खोज्छन् भन्ने जस्ता अनेकौँ तर्कले भरिँदै शक्तिकेन्द्र दर्शन गर्न साइत जुराएका हामी काठमाडौंदेखि कुरिनटारसम्म ट्याक्सीको यात्रा टुङ्ग्याइ केबलकार यात्राको स्वाद लिँदै करिब १० मिनेटमा मनकामना भगवती देवीको दर्शन गर्ने स्थल पुग्यौँ ।

मनकामना मन्दिरको बारेमा केही बुझ्न मन लागेको थियो । आफ्नो मनको इच्छा पूरा गर्ने देवी भएकाले मनकामना देवी नाम रहन गएको हो भन्ने जनविश्वास

रहेछ सोही आधारमा मानिसहरूको भीड थियो । विभिन्न समस्याहरू समाधान होस् भनि भाकल गर्ने, मन्दिरको पूर्वपट्टि रहेको बंकेश्वरी मन्दिरमा गएर आफ्ना लुला, लङ्गडा वाक्य नफुट्ने बच्चा तथा अन्य ठूला व्यक्तिहरू पनि दर्शन गर्ने गरेमा आफ्नो रोग सन्चो हुने जनविश्वास रही आएको रहेछ । त्यसैले होला मन्दिर दर्शन गर्ने मानिसहरूको लाइन लामै थियो ।

करिब साढे दुई घण्टा लाइन बसेपछि देवीको दर्शन गर्न पायौँ । दुई जनाले दर्शन गरेपछि पालो मेरो थियो । त्यहाँ मगर जातिका पुजारी हुनुहुँदो रहेछ । उहाँले नाम, गोत्र सोधेर फूल प्रसाद चढाइदिनुभयो । मलाइ त त्यसपछि के भो कुन्नि क्वाँ क्वाँ गरी डाँको छोडेर रून मन लाग्यो, रोएँ पनि । अरूले थाहा पाउने हो कि भनी तुरून्तै आफूलाई सम्हालेँ मनभित्र देवीको दर्शन पनि गरेँ । त्यसपछि त मन यति चंगा भयो कि जे देखे पनि मन रमाइलो, फुरूङ्ग हुने साँच्ची नै जीवन ऊर्जा मभित्र खुलेजस्तो लाग्यो । खुलेको मन लिएर एउटा होटलमा खाना खायौँ र वरपरका दृष्यले मनमा दिएको आनन्दले अहो भावले भरिइरह्यौँ ।

यसरी घुमफिर गर्दा पर्यटकीय, धार्मिक, ऐतिहासिक क्षेत्रको प्रवर्द्धन हुने, आफ्नो काम कारबाही छिटो छरितो हुने हुँदा नेपाल सरकारले २०७८/०७९ देखि कार्यान्वयनमा ल्याएको पर्यटन बिदाअनुरूप नेपाल विद्युत प्राधिकरणले पनि कर्मचारीलाई २०७८/०७९ देखि नै पर्यटन बिदा लिन पाउने सुविधा उपलब्ध गराएकोमा म संस्थाप्रति आभारी पनि छु । देशका विभिन्न क्षेत्रमा स्थापित संघ-संस्थालगायतका कार्यालयमा काम गर्ने कर्मचारी वर्गको लागि त यो बिदा वरदानजस्तै भएको मैले महसुस गरेकी छु । जसले कार्यालय र आफ्नो कार्यप्रतिको सकारात्मक सोचको विकास हुन गई संस्थालाई नागरिकप्रति जिम्मेवार बनाउन सहयोग पुग्दछ । मलाई विश्वास छ यस्तो भ्रमणले संस्थाको विकास मात्र नभई नेपालको आन्तरिक पर्यटनमा वृद्धि भई अर्थतन्त्र पनि सबल बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।

# पर्फ्युम



गुरुप्रसाद कुमाल 'बुलबुल'

भदौको महिना, आकाशमा डम्म बादल थियो । एकैछिनमा झ्यार्र पानी पर्‍यो । हामीलाई निथ्रुक्क रूझाएर थामिन्थ्यो । वर्षाले रूझेको शरीर सुक्न नपाउँदै पसिनाले भिज्थ्यौँ । तिर्खाले मुख सुकेको थियो तर पिउने पानी थिएन ।

पाल्पा जिल्लाअन्तर्गत झुम्साको जङ्गलमा दूरसञ्चारको अप्टिकल फाइबर चुँडिएको थियो । बाक्लो झाडी पन्छाउँदै फाइबर चुँडिएको ठाउँ हेर्दै थियौँ । निकैबेर खोजेपछि बल्ल भेटियो चुडिएको फाइबर । खुसी हुँदै साथीले भन्यो, 'धन्न भेटियो । नत्र रातिसम्म विचल्ली हुने थियौँ ।'

केहीबेरमा काम सकियो । शरीरमा लागेको हिलो र माटो सानो खोल्साको पानीले पखालेर राजमार्गमा झर्‍यौं ।

हामी तीन जना थियौँ, बाइक एउटा मात्रै थियो । साथीहरू बाइकमा गए, म परेँ एक्लै । साँझ पर्न थालिसकेको थियो । बुटवल जानु पर्ने हुँदा सडकको किनारमा गाडी पर्खेर बसेँ ।

केहीबेरमा पाल्पातिरबाट बस आयो । मनमनै खुसी भएँ र हात दिएँ । बस रोकियो । खुसी हुँदै बसमा चढेँ ।

ढोकानिर एउटा सिट खाली रहेछ । दुई जना बस्न मिल्ने सिटमा एउटी युवती थिइन् । युवतीलाई असर नपर्ने गरी त्यही बसेँ ।

युवतीले जिन्सको हाप पाइन्ट लगाएकी थिइन् । हेर्दा धनी बाउकी छोरीजस्ती देखिन्थिन् ।

नजिकै सिटमा म बसेको देखेपछि उनले आफ्नो नाक छोपिन् र घृणाभावले मतिर हेरिन् ।

'के भयो ?' मैले सोधेँ ।

'पसिना गनायो ।' झर्कँदै उनले भनिन् ।

उनलाई मेरो पसिना गनायो, मलाई उनको कुरा गनायो । मैले भनेँ, 'पसिना ! भर्खर काम गरेर आएको मजदुर हुँ म । कहिल्यै पसिना बगाउन परेको भए तपाईंलाई पनि थाहा हुन्थ्यो होला पसिनाको गन्ध ।'

उनी केही बोलेकी थिइनन्, मैले नै भनेँ, 'मेरा लागि यो गन्ध हैन, सुगन्ध हो । तपाईंको बोलीमा पर्फ्युम ।'

मेरो कुरा सुनेपछि अरू यात्रुहरूले हँसिलो मुहार बनाउँदै मतिर हेरे । म खुसी भएँ ।

लमही नगरपालिका -४ सेमरहवा, दाङ देउखुरी

# गजल

लीलाराज दाहाल



बिना कसुर सभा छली भाग्नु हुन्न भाइ
कान नछामी हल्लापछि लाग्नु हुन्न भाइ !

आफूले चाहिँ के दिएँ सोच्नु पर्छ सधैं
हरेक चीज माटोसँगै माग्नु हुन्न भाइ !

धीरताको बाँधलाई त थुनी राख्नुपर्छ
बेहोसी मै आत्तिएर जाग्नु हुन्न भाइ !

आफन्त पो सधैंभरि आफ्ना रहलान्
मित्र छाडी रिपुतिर लाग्नु हुन्न भाइ !

लीला गर्न सधैंभरि छुट छँदैछ त
मर्यादाको पर्खालचाहिँ नाघ्नु हुन्न भाइ !

वागमती ११, कर्मैया ,सर्लाही

# कृतज्ञ



अनिल श्रेष्ठ

शहरको
सडकको एउटा पेटीबाट
आफ्नो खोसिएको
ठेलागाडा बोकेर
पर पुगेको
नगरपालिकाको गाडीतिर
अश्रुसिक्त
आँखा दौडाउँदै
ती बूढी आमैले
भनिन्-

'म यो गरिब
बूढीलाई तिमीहरूले
लात्ती हिर्काएर
हिँडेको त म सहुँला
तर तिमी
सरकारमा बस्नेका
छोराछोरीहरूले
मेरा केटाकेटीले झैं
कहिल्यै भोकै नपरून्
सधैं अघाऊन्

म आमा हुँ बाबै
के आफ्ना !
के अरूका !
एउटी आमाका लागि
केटाकेटीहरू सबै उस्तै हुन्

तिमीहरूले मलाई
लात्ती हिर्काएर गए पनि
मेरा केटाकेटीहरू
भोकले रूँदै गरे पनि
मैले कहिल्यै तिमरूका
छोराछोरीहरू भोकै रहून्
भनेर सरापिनँ

तिमीहरू झैं
म कहिल्यै
अविवेकी हुन सकिनँ ।

# मुटुको खोजीमा

जस्प्रीता अधिकारी



कोरेर मनका भित्ताहरूमा
मायाका रक्तकोषिकाहरू
म रक्त सञ्चालन गर्न
पम्प गर्ने मुटुको खोजीमा छु ।

यदि मुटु भेटियो भने
मेरा बडो मेहनतले सिर्जित रक्तकोषिकाहरूले
नयाँ जीवन पाउने थिए
नयाँ आयाम पाउने थिए
नत्र यी रक्तकोषिकाहरूमा
रगतको थोपा स्वाद नहुँदै
यी सिद्धिएर, खिइएर जाने भए
बिनाकामको, बिनासानको
त्यसैले म खोजीमा छु
हरदम, हरपल खोजीमा छु
बडो स्वस्थ मुटुको
जसले रक्तकोषिकाको प्रत्येक त्यान्द्रामा
भरिभराउ हुने गरेर
रगतैरगतले रक्तकोषिकालाई सिञ्चन गर्न सकोस् ।

चन्द्रपुर-४, टेकान
रौतहट, मधेश प्रदेश (नेपाल)



# युवा

गङ्गा आचार्य, साकोटा

छैन शान्ति कहिल्यै पनि हेर
द्वन्द्व हुन्छ जहिल्यै अति धेर
रोक्न जाग न युवा  गृहयुद्ध
देशको गति भयो अवरूद्ध ॥१॥

देशका जनहरू जति फाट्छन्
बाहिरी मुलुकका उति हाँस्छन्
अन्त्य होस् अब भनी छलछाम
चेतना छर युवा अविराम ॥२॥

देशभक्ति मनमा जति जाग्छ
स्वार्थ भाव उति नै पर भाग्छ
अर्पिएर पसिना दिनरात
देश खातिर युवा जुटिराख ॥३॥

जोस जाँगर झिकी मनबाट
उच्च कर्म पथमा सब लाग
सक्छ सप्रिन छिटै परिवेश
हाँक्नुपर्दछ युवा अब देश ॥४॥

खेद्छु भक्षक भनी प्रण गर्दै
बन्न रक्षक सधैँ अघि सर्दै
देशको लिन सबै अभिभारा
जाग्नु पर्दछ युवा अब सारा ॥५॥

# भोकको उद्घोष

राममणि सिटौला



प्रवेश गरेको छ
अङ्ग प्रत्यङ्गमा
भोकको जीवाणु
रूपान्तरित भएको छ-पेट
सुक्खा रेगिस्तान
जहाँ दनदनी दन्किरहेछ
अग्नि ज्वाला

भोकको जीवाणुले
खाइसकेको छ––कान
नसुनाऊ मलाई
तिम्रा राग रागिनीहरू
लय तालहरू
प्रेम मिलनका भावुक शब्दहरू
म तड्पिइरहेछु
छट्पटिइरहेछु
बन्द गर, तिम्रा बकवासहरू
फोस्रा नाराहरू
अमनचयनका ढ्वाङहरू
भोकको जीवाणुले
धमिलिएको छ–आँखा
जहाँ उठिरहेछ–धुवाँ
नदेखाऊ मलाई
तिम्रो रङ्गीचङ्गी बजारहरू
आकाशमा उडाइरहेका
आश्वासनका बेलुनहरू
अहँ, नदेखाउ मलाई
चिल्ला सडकहरू
गगनचुम्बी टावरहरू
तिमी नै राख
तिम्रा योजनाहरू
समृद्धिका फाइलहरू
तिमी नै राख
तिम्रो लाल आकाश

भोकका जीवाणुहरू
क्रमशः प्रवेश गर्दैछ शिरमा
जब खानेछ मस्तिष्क
देख्ने छैन केही
म निल्न थाल्ने छु
सबथोक म निल्नेछु
तिम्रो कम्प्लेक्सहरू
योजनाहरू
आश्वासनका पोकाहरू
समृद्धिका फाइलहरू
रङगीचङ्गी बजारहरू

भङ्ग गरिदिनेछु
तिम्रो सुर ,तालहरू
राग रागिनीहरू
भङ्ग गरिदिनेछु
तिम्रो सारा लय
ल्याइदिन्छु संसारभरी
महाप्रलय ।

# मभित्र उदाएको म



होममणि भण्डारी

म एक हुँ
र पनि
अनेकमा विभक्त
ठाउँ ठाउमा छरपस्ट
मन जहाँ जान्छ त्यहीँ उदियमान
अनेक स्वरमा लयमा प्रकट
तर धूनमा एक
आर्केष्ट्रा हुँ

म भित्र भित्र अनेकमा खण्डित
स्थूलबाट सूक्ष्मातिसूक्ष्म
अन्नमयबाट प्राणमय
मनोमय, विज्ञानमय
आखिर आनन्दमय चेतन
चैतन्य

म सूक्ष्म हुँ तर ब्रह्माण्डभरि छरपष्ट
न रूप न आकार
विशुद्ध चेतन
नैनं छन्दतिशस्त्राणि
मूलाधारबाट सहस्रारतिर
म सप्तरङ्गी इन्द्रधनुष
भाइब्रोजी
अनेक रंगका पुष्पपत्र मैभित्र
मूलाधार, स्वाधिष्ठान र मणिपुर
स्थूलताका आधार
अनाहत विशुद्ध- अन्तरचेतन
आज्ञा - दिव्यदर्शन
सहस्रार - सर्वदर्शन
गन्तव्याधार

म व्याख्यामा असीमित
सर्वेसर्वा
सर्वोच्च शिखरमा
उदाउँछु
म आफ्नै सम्राट

म त्यो नाममा सीमित छैन
जो म भनेर बोलाइन्छ
म त यसमा उसमा सबैमा
सर्वत्र, रसोबैस
त्यसैले म अद्वैत
एकछत्र शक्ति
ई = एम सी स्क्वाएर
$E = mc^2$

**शब्दार्थ**
सहस्रार - तालुमा रहेको चक्र
भाइब्रोजी - इन्द्रेणीको सात रङको समूह
रसोबैंस - जहाँ जहिले समान रूपले रमाइरहनु

# तिम्रो हेराइ



मिमन पुलामी

नशालु तिम्रो हेराइले
मादक मात लाग्यो मलाई
मधुर तिम्रो बोलीले
मोहनी मात लाग्यो मलाई

केसँग तुलना गरौं
तिम्रो त्यो हेराइ
कसलाई सुनेर भुलौं
मिठास तिम्रो बोलाई ॥

रात्रिमा जून नउदाए हुन्छ
दियो बाल्नु पर्दैन तिमीलाई
कुनै बहार नआए हुन्छ
तिमी पाए मलाई

नशालु पदार्थ नपिए हुन्छ
सुनाऊँ म यो कुरा कसलाई
थाहा होला उसैलाई
देखेछ जसले तिमीलाई ॥

पत्याउन नपत्याउन मेरो कुरा अरूले
देखेपछि यस्तै हुन्छ तिमीलाई
आऊ या नआऊ मेरो जीवनमा
तर चाहन्छु म तिमीलाई ॥

# इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा बनाउन विद्युतकर्मी साहित्यिक समाजको आग्रह

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले 'सवारी साधनहरूमा राखिने सङ्ख्या पाटी (नम्बर प्लेट) मा देवनागरी लिपिको प्रयोगः आवश्यकता र औचित्य' विषयक विचार गोष्ठी भव्यताका साथ सम्पन्न गरेको छ । २०७९ भाद्र १७ गते शुक्रबार नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको रूफ टप हलमा सो कार्यक्रम सम्पन्न भएको हो ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्द सेना' को सभापतित्व एवम् प्रथम गण्डकी प्रदेश प्रमुख बाबुराम कुँवरको प्रमुख आतिथ्यतामा सञ्चालन भएको सो कार्यक्रममा प्रमुख अतिथिका साथै वरिष्ठ अधिवक्ता डा.नारायणप्रसाद घिमिरे, नेपाल प्रजातान्त्रिक कानुन व्यवसायी संघका पूर्वमहासचिव एवं वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ र नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक डा. तुलाराम गिरीले विषय केन्द्रित विचार प्रस्तुत गरेका थिए ।

कार्यक्रममा मन्तव्य राख्दै पूर्वमहान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता एवं प्रमुख अतिथि बाबुराम कुँवरले जागरणले शक्ति पैदा गर्ने र शक्तिले अभियानको रूप धारण गर्ने हुँदा यस प्रकृतिको जागरणमूलक कार्यक्रममा सहभागी हुन पाएकोमा प्रसन्नता जाहेर गरेका थिए । उनले देवभाषा संस्कृतबाट जन्मिएको र संवैधानिक संरक्षकत्व प्राप्त भएको नेपाली भाषालाई नै इम्बोस्ड नम्बर प्लेटमा अभिलेखन गरिनु पर्ने धारणा राख्दै यसका लागि अरूको प्रभाव र दबाब भन्दा पनि 'अप्पो दीपो भव' को मूल मन्त्रलाई सबैले मनन गर्नुपर्ने विचार प्रस्तुत गरेका थिए ।

अर्का प्रस्तोता अधिवक्ता नारायणप्रसाद घिमिरेले विभिन्न दृष्टान्त प्रस्तुत गर्दै प्रविधिमैत्री भनिएको इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषाको प्रयोग गर्न प्राविधिक दृष्टिले सम्भव भएको र रास्ट्रियताको जगेर्नाका दृष्टिले अपरिहार्य पनि रहेको विचार व्यक्त गरेका थिए भने अधिवक्ता ध्रुवलाल श्रेष्ठले अदालतले विधिशास्त्र र संविधानको वर्खिलाप हुने गरी नम्बर प्लेटमा रोमन लिपिको प्रयोगलाई स्वीकृति दिनु खेदजनक विषय रहेको धारणा राखेका थिए ।

सोही अवसरमा नेपाल विद्युत प्राधिकरणका उप कार्यकारी निर्देशक, अधिवक्ता तुलाराम गिरीले भाषालाई आवद्धता र आत्मीयताको अभिवृद्धि गर्ने माध्यमका रूपमा चर्चा गर्दै आमाले बोलेको भाषा सबैले सहजै बुझ्ने र व्यवहार गर्न सक्ने

भएकाले इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषाकै प्रयोग गर्दा नागरिकहरूलाई न्याय हुने र राज्यले इच्छाशक्ति देखाएमा यो कार्य सजिलै सम्भव हुने तर्क राखेका थिए ।

सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका कर्मचारी समेत रहेका देवनागरी लिपि बचाउ अभियानका सक्रिय अभियन्ता, अधिवक्ता तथा साहित्यकार रामेश्वर राउत 'मातृदास'ले मन्त्रोच्चारण र शङ्खनादसहित स्वागत मन्तव्य राखेका थिए । उनले रोमन लिपिमा नम्बर प्लेट राख्दा दिवङ्गत भइसकेका पितृहरूको आत्माले सराप्ने, जिउँदा नागरिकहरूको जिब्रो थुतिने र जन्मन बाँकी नेपालीहरूको भाषिक अधिकार हनन हुने भन्दै यस्तो जघन्य र अक्षम्य अपराधका विरूद्ध निरन्तर खबरदारी गर्ने प्रतिबद्धता जाहेर गर्दै संक्षिप्त गोष्ठीपत्र समेत प्रस्तुत गरेका थिए । नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक मदन तिम्सिना, निर्देशक शिवकुमार अधिकारी, क्रियाशील ट्रेड युनियनका प्रतिनिधिहरू, विद्युतकर्मी साहित्यिक समाजका पदाधिकारीहरू, विभिन्न तह र तप्काका कर्मचारीहरू, साहित्यकारहरू तथा पत्रकारहरू समेतको उपस्थिति रहेको सो कार्यक्रम करिब २ घण्टासम्म सञ्चालन भएको थियो । सो कार्यक्रमलाई समाजका सचिव विष्णुप्रसाद आचार्य 'अतृप्त' ले सहजीकरण गरेका थिए । नेपाल सरकारको निर्णयानुसार २०७४ सालदेखि रोमन लिपिमा आधारित नम्बर प्लेट जडान सुरू भए तापनि यस विषयको विपक्षमा नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल बार एसोसिएसनलगायत विभिन्न संस्थाहरूले निरन्तर खबरदारी अभियान चलाउँदै आएका छन् ।

## नेपाल विद्युत प्राधिकरणमा बहुभाषिक काव्यगोष्ठी सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले 'भाषिक समावेशिता र सम्मानः हाम्रो अभियान' भन्ने मूल नाराका साथ 'बहुभाषिक काव्यगोष्ठी' भव्यताका साथ सम्पन्न गरेको छ । २०७९ मङ्सिर १६ गते शुक्रबार नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको रूफ टप हलमा सो कार्यक्रम सम्पन्न भएको हो ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' को सभाध्यक्षता एवम् प्रा.डा. माधवप्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा सञ्चालन भएको सो कार्यक्रममा भाषा आयोगका माननीय सदस्य मातृका पोखरेल, नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशकद्वय तुलाराम गिरी र मदन तिम्सिना, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू- विष्णुबहादुर सिंह, पुण्य घिमिरे, केशवप्रसाद रूपाखेती र रामेश्वर राउत 'मातृदास', सिस्नोपानी नेपालका थरेन्द्र बराल, चलचित्र विकास बोर्डका गणेश भण्डारीलगायत प्राधिकरणका उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो ।

सो समारोहमा साहित्यकार रासा, गायक जुजुकाजी रन्जित र राजेश तण्डुकारले

नेवारी भाषामा, डा. कृष्णराज सर्वहारीले थारू भाषामा, लक्ष्मण मण्डल र अशोक चौधरीले मैथिली भाषामा तथा राजन पालुङ्गाले लिम्बू भाषामा कविता, गीतलगायतका रचनाहरू वाचन/गायन गरेका थिए ।

त्यस्तै, मिमन पुलामीले मगर भाषामा रचना वाचन गरेकी थिइन् भने लोकविक्रम मल्लले डोट्याली भाषा, प्रकाश आचार्यले चिनियाँ भाषा, विष्णुबहादुर सिंहले रसियन भाषा, अर्जुन राईले राई भाषा, कृष्णदेव रिमालले संस्कृत भाषा तथा मूलतिहुन, उमेश अवस्थी र मीरा काफ्लेले नेपाली भाषाका रचना प्रस्तुत गरेका थिए । नेपालीबाहेक अन्य मातृभाषामा रचित र वाचित रचनाहरूलाई सम्बन्धित स्रस्टाले सरल नेपाली भाषामा भावानुवाद पनि गरेका थिए ।

सो समारोहमा मन्तव्य राख्दै प्रमुख अतिथि माधवप्रसाद पोखरेलले प्राविधिक कार्यालय भएर पनि प्राधिकरणले समावेशी चरित्रको उत्कृष्ट सृजनात्मक कार्यक्रम सञ्चालन गरेकोमा आयोजकलाई बधाई ज्ञापन गरेका थिए । उनले बोलचालको भाषाको सीमा नाघेपछि काव्यको व्याकरण सुरू हुने बताउँदै वाचित रचनाहरूमा सूत्रात्मकता, विम्बात्मकता, मितव्ययिता, वाक चातुर्य र व्यङ्ग्यात्मकता रहेकाले जीवन्त बनेको धारणा राखेका थिए ।

त्यस्तै विशिष्ट अतिथि मातृका पोखरेलले नेपाल भाषिक रूपमा समृद्ध देश भएकाले सबै भाषाको संरक्षण र विकासबाट मात्र सामाजिक एकता प्रवर्द्धन हुने विचार व्यक्त गरेका थिए । अर्का वक्ता तुलाराम गिरीले विभिन्न भाषाभाषिकाका रचनालाई नेपाली अनुवादसहित उपलब्ध गराइएमा विद्युतकर्मी साहित्यिक समाजले त्यसलाई पुस्तकाकार रूप दिने विचार व्यक्त गर्दै नेपालको संविधानले भाषिक बहुलतालाई उच्च सम्मान दिएकाले त्यसको प्रभावकारी कार्यान्वयनमा यस्ता कार्यक्रमहरू फलदायी हुने विश्वास व्यक्त गरेका थिए । सो कार्यक्रममा कर्मचारी युनियनका अध्यक्ष रामकुमार थेवेले कार्यक्रम सफल भएको र यस्तो कार्यक्रम आयोजना हुनु आफैँमा विशिष्ट उपलब्धि रहेको तर्क राखेका थिए ।

विद्युतकर्मी साहित्यिक समाजका पूर्वपदाधिकारीहरू, विभिन्न तह र तप्काका कर्मचारी, क्रियाशील ट्रेड युनियनका प्रतिनिधिहरू, साहित्यकार तथा पत्रकारहरू समेतको उपस्थिति रहेको सो कार्यक्रम करिब २:३० घण्टासम्म सञ्चालन भएको थियो । सो कार्यक्रमलाई समाजका सचिव विष्णुप्रसाद आचार्य ' अतृप्त' ले सहजीकरण गरेका थिए भने शारदादेवी भट्टराई पोखरेलले उपस्थित महानुभावहरूलाई न्यानो स्वागत गरेकी थिइन् ।

सो कार्यक्रमलाई विद्युतकर्मी साहित्यिक समाजको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरिएको थियो । कार्यक्रमको अन्त्यमा नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशकद्वय तुलाराम गिरी र मदन तिम्सिनाले कार्यक्रमका प्रमुख अतिथिलाई मायाको चिनो समर्पण गरेका थिए ।

# भोगाइका भँगालाहरूबीच 'घर फर्कने तिर्खा'



दीपेन्द्रसिंह थापा

विष्णु आचार्य 'अतृप्त' काव्यिक ओज र गुणात्मकताप्रति सचेत काव्यशिल्पीका रूपमा चिनिन्छन् । लगभग दुई दशक अघिदेखि नै काव्यकर्मका सिलसिलामा जोडिएका हुन् उनी । सिर्जनाकर्ममा जुट्दा सङ्ख्यात्मकतातर्फ मात्र अग्रसर नबनी गुणात्मक पाटोतिर बढी संवेदनशील बन्ने उनको स्वाभाव पुरानो नै हो । लामो लेखकीय निरन्तरतापछि मात्र उनले पहिलो कवितासङ्ग्रह बजारमा ल्याएका छन्- 'घर फर्कने तिर्खा' ।

प्रस्तुत सङ्ग्रहमा समेटिएका प्रायः सबै कविताहरू शिल्पगत सौन्दर्य र भावगत सघनताका कारण स्तरीय त छन् नै, साथसाथै पढ्दा उत्तिकै आस्वादनीय पनि लाग्छन् । उनले आफूसित साक्षात्कार भएको समय र समाजको प्रतिच्छायाँ कवितामा उतार्ने सचेत प्रयास गरेका छन् । कोरा कल्पना, अतिशय भावुकता एवम् खोक्रा आदर्श, उपदेश र नाराबाजी लेखनको शिकार हुनबाट जोगिएर जीवन यापनका क्रममा जोडिएर आएका मानवीय भोगाइका विविध पाटा र संवेदनालाई उनले आफ्ना रचनासन्दर्भसित सरस तबरले जोड्ने प्रचेष्टा गरेको पाइन्छ । यस अर्थमा उनको शिल्प मात्र पौढ नभई कविताले बोकेका भाव र अभिप्राय पनि सम्प्रेषणीय बन्न सकेका छन् ।




कवितालाई साहित्यका अन्य विधाबाट विशिष्टतापूर्वक पृथक राख्दै अभिव्यक्तिगत सौन्दर्य सिर्जना गर्ने तत्त्वमध्ये एक लयचेतना वा प्रवाहमयता पनि हो । अचेल कविता लेखनले गद्यलयलाई नै मूल बाटो

बनाइसकेको तथ्य निर्विवाद छ । कवि अतृप्त पनि गद्यलयकै मूल बाटोबाट मुखरित भएका छन्, आफ्नो मौलिकता बोकेर । आन्तरिक सङ्गीतात्मकताको प्रभावकारी संयोजनले उनको शिल्पगत सौन्दर्य उजागर गर्न सबलता थपेको स्पष्ट देखिन्छ ।

कविताको आन्तरिक आकर्षण अर्थात् भावगत गहनताका दृष्टिले पनि यस सङ्ग्रहका कविता उत्तिकै पठनीय बन्न पुगेका छन् । भावअनुकूलका अनेक विम्ब, प्रतीक र उक्तिवैचित्र्यका कारण कविताहरू चामत्कारिक भावाभिव्यञ्जित गर्न सक्षम देखिन्छन् ।

सामाजिकता, राष्ट्रियता, समसामयिकता, दार्शनिकता जस्ता विषयगत विविधतामा रचित यस सङ्ग्रहका कविताहरूमा प्राञ्जल भाव प्रवाहित छन् । अनुभूति र भाषाको समुचित समन्वयबाट सहृदयी पाठकका मन र मस्तिष्क विरेचन गर्न कवि लालायित बनेको दृष्टान्त बनेको छ प्रस्तुत सङ्ग्रह ।

उनका अधिक कवितामा राष्ट्रियताका ओजनदार विम्ब र सार्वभौम अस्तित्वको उपस्थिति पाउन सकिन्छ । केही कवितामा जीवनका निराशा, कुण्ठा र असङ्गतिलाई पनि गम्भीर तवरले अन्वेषण गर्ने प्रयास गरिएका छन् । उनी कवितामार्फत् जीवनको अस्तित्वको ध्वनि खोज्न उत्सुक छन् । गम्भीर जीवनानुभूति र दार्शनिकता अभिव्यक्त भएका उनका केही कविता सूत्रात्मक शिल्पमा रमेका पाइन्छन् । समकालीन बेथितिका कैयौँ चित्र पनि त्यतिकै हृदयसंवेद्य किसिमले प्रतिविम्बित भएका छन् ।

रथारोहणपश्चात् जब मूर्ति
मान्छेको काँध चढेर आसनमा बस्छ
तब मान्छेलाई सन्त बनाउँछ
आफूलाई अनादि
र, अनन्त बनाउँछ
'ननुहाई मेरो छेउ नआउनू' भन्छ
'जुत्ता नखोली मेरो धाम नधाउनू' भन्छ ।

(मूर्तिको मैमत्याइँ, पृष्ठ ४७)

आफू बाँचेको धरातल राम्ररी बोध गरेका छन् कविले । प्रस्तुत सङ्ग्रहका कतिपय कविता जीवनवादी भाव, आशावादी स्वर र सकारात्मक चिन्तनले उज्यालिन पुगेका छन् ।

चेतनाको सङ्लो झरनामा नुहाएर
अभिमानको कालो कल्मष पखाल छोरा
युगले तिम्रो आँखाको क्यानभासमा
देशको सुन्दर मानचित्र सजाउन खोजेको छ ।
(आमाको अर्ती, पृष्ठ ६९)

विविधतामय रङ, रस र बान्कीलाई नै 'घर फर्कने तिर्खा' का विशेषता मान्न सकिन्छ । सिपालु कालिगडका शिल्प पोतिएझैँ मसलेदार भावसामग्रीले सुसज्जित बन्न पुगेको छ यो सङ्ग्रह । भावगत गहनतालाई सहज सम्प्रेषण गर्ने खुबी कविले यस सङ्ग्रहमा देखाएका छन् । काव्याभिव्यक्ति कलाभित्र प्रवाहमयता, तीव्र अनुभूति, प्रतीकात्मकता र दार्शनिक चेत पाउन सकिन्छ ।

पछिल्लो समय नेपाली वाङ्मय जगतमा कविता लेख्नेहरूको भीड जति वृद्धि हुँदै गएको छ, त्यति नै कविताको गरिमा, ओज र आकर्षण जोगाउने चुनौती पनि थपिँदै गएको छ । यस्तो विषम वर्तमानमा 'घर फर्कने तिर्खा' जस्तो गतिलो काव्यकृतिले नेपाली काव्यभण्डारमा स्वागत पाउनु पक्कै पनि सुखद प्राप्ति हो ।

पुस्तक : **घर फर्कने तिर्खा**

विधा : **कविता**

लेखक : **विष्णु आचार्य 'अतृप्त'**

प्रकाशन : **प्रथम २०७९, जेठ**

प्रकाशक : **नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाज**

पृष्ठ : **११२**

मूल्य : **ने.रू.२५०।–**

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६ आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७ रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२, मिमन पुलामी ९८४५९५८४५३

# विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गः सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी - ९८४१६८१४७५
४. शान्ता सुवेदी - ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा - ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा - ९८५१०१८८४४
८. देवराज प्रसाईं - ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती - ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे - ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी - ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल - ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान - ९८५११०६१०७
१५. कौशल भट्टराई - ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल - ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा - ९८४१४११६४४
२१. मातृका बजिमय - ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा - ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य - ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली - ९८४२०२७७५६
३२. विन्दु शर्मा - ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य - ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५

४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६

१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५१११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५१११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३

२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरि घिमिरे- ९८४१८२१४९२
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल - ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी - ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३४. निर्मला शर्मा - ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२४०. तुलाराम गिरी - ९८५११६८२१९
२४१. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४२. महेश्वर सत्याल - ९८५१०९३१७०
२४३. अनिता बजगाईं - ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४५. हरिबोल हुमागाई - ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मिमन पुलामी ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी....
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा ९८४९००२१२३
२६७. सुमनराज मानन्धर ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६९. रञ्जित शाह ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७८. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७९. सुनिता खड्का, ९८४५०३०९९९
२८०. उपेन्द्र सिंह, ९८४१३०००२६
२८१. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८२. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८३. सुलोचना आचार्य, ९८४१८६१८१९
२८४. एलिना कार्की, ९८४३४७३६५९
२८५. अम्बरबहादुर राई, ९८४६७४५४७२

२८६. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८७. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८८. सोबित थपलिया, ९८४१८९८७२३
२८९. अनिल पुडासैनी, ९८४१४४६५६५
२९०. शोभा दर्लामी, ९८४९१२८४५७
२९१. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९२. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९३. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९४. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९५. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९६. छविलाल अधिकारी, ९८५६०४१९९९
२९७. बबिता पौडेल, ९८४६१३४६०२
२९८. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९९. राजु बराल, ९८५६०४६४०८
३००. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३०१. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०२. निरोज पौडेल, ९८५११९१९२६
३०३. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०४. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०५. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०६. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०७. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०८. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०९. अर्जुन तिवारी, ९८४६०९७६४२
३१०. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३११. अनिल अर्याल, ९८४६१२२६०२
३१२. किशोर घिमिरे, ९८५७०६६६८१
३१३. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१४. सुदिप पौडेल, ९८४६१९९१०४
३१५. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१६. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१७. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१८. नमराज रिमाल, ९८४०७३९१७५
३१९. विकास चौधरी, ९८५६०३११९१
३२०. किरण चौधरी, ९८४६९४०५०३
३२१. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२२. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२३. सन्तोष गौतम, ९८४१३७८९५१
३२४. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२५. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२६. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२७. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२८. युवराज न्यौपाने, ९८५११५२३५४
३२९. पेमा डुम्रे, ९८४६५४६०२९
३३०. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३१. कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३२. राजु भट्टराई, ९८४१०३७६२०
३३३. तारादेवी धमला, ९८४१०२५४६५
३३४. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३५. दामोदर काफ्ले, ९८४२३४१२२२
३३६. निलम मरासिनी, ९८४९०७९८५३
३३७. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३८. सञ्जीव रेग्मी, ९८४१९९१९९२


## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |

---

## 'अमरज्योति सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. | कमला श्रेष्ठ | २०७७ |
| १६. | आर.आर. चौलागाईं | २०७८ |
| १७. | मातृका पोखरेल | २०७९ |
| १८. | रमेशप्रसाद न्यौपाने | २०७९ |


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।


'समृद्ध नेपालका लागि हरित ऊर्जाको उच्च खपत'
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'